सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२२ फागुन २०८२, शुक्रबार (6 March 2026, Friday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक ३१६ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

ताजा जनादेश मतपेटिकामा

तमाम आशंका, सुरक्षा चुनौती र राजनीतिक अनिश्चितताबिच बिहीबार प्रत्यक्षतर्फ १६५ तथा समानुपातिकतर्फ ११० सिटका लागि शान्तिपूर्ण मतदान, अन्तिम मतपरिणाम सार्वजनिक भएसँगै ताजा जनादेशअनुसार अघि बढ्नेछ नयाँ सरकार गठनको प्रक्रिया



अपांगता भएका रामउदगार सढान सिराहा नगरपालिका- १४ को खिरौनास्थित मतदानस्थलबाट मत हालेर फर्किँदै । तस्बिर : **सुरेन्द्र कामती**/नयाँ पत्रिका



नयाँ बानेश्वरस्थित सहकारी विभागको कार्यालयमा बिहीबार मध्यराति काठमाडौं १ मा मतगणनाको तयारी गर्दै कर्मचारी । तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

करिब ६०% मत खसेको प्रारम्भिक अनुमान



● **रामप्रसाद भण्डारी**
कार्यवाहक प्रमुख निर्वाचन आयुक्त, निर्वाचन आयोग

देशभरबाट प्राप्त विवरणअनुसार करिब ६० प्रतिशत मत खसेको प्रारम्भिक अनुमान छ, विस्तृत विवरण संकलन कार्य जारी छ । जेन-जी पुस्ताको पनि उत्साहजनक सहभागिता रह्यो । हालै थपिएका करिब १० लाख नयाँ मतदातामध्ये अधिकांश जेन-जी समूहका हुन् ।

कमलराज भट्ट/नयाँ पत्रिका

जेन-जी विद्रोहको म्यान्डेटअनुसार ताजा जनादेशका लागि भएको प्रतिनिधिसभा सदस्य निर्वाचन शान्तिपूर्ण रूपमा सम्पन्न भएको छ । तमाम आशंका, सुरक्षा चुनौती र राजनीतिक अनिश्चितताबिच बिहीबार प्रत्यक्षतर्फ १६५ तथा समानुपातिकतर्फ ११० सिटका लागि मतदान भएको हो । करिब ६० प्रतिशत मत खसेको निर्वाचन आयोगको प्रारम्भिक विवरण छ ।

अनिश्चितातार्फ धकेलिएको मुलुकलाई संवैधानिक मार्गमा फर्काउन रामचन्द्र पौडेलले २७ भदौमा प्रतिनिधिसभा विघटन गर्दै २१ फागुनका लागि निर्वाचन मिति घोषणा गरेका थिए । उक्त निर्वाचनले सुशासनको आकांक्षा बोकेका आन्दोलनकारी युवाको भावनालाई सम्बोधन गर्दै नयाँ जनादेश दिने अपेक्षा गरिएको छ । अन्तिम मतपरिणाम सार्वजनिक भएसँगै ताजा जनादेशअनुसार नयाँ सरकार गठनको प्रक्रिया अघि बढ्नेछ ।

बिहान ७ बजेदेखि साँझ ५ बजेसम्म शान्तिपूर्ण र उत्साहजनक रूपमा मतदान भएको आयोगले जनाएको छ । आयोगका अनुसार केही स्थानमा मतदाताको चापका कारण साँझ ८ बजेसम्म मतदान जारी राखिएको थियो ।

» पृष्ठ २ मा क्रमशः

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ कुन चुनावमा कति प्रतिशत मत ?

०८२ (अनुमानित) **करिब ६०%**
मतदाता : १,८९,०३,६८९

०७९ **६१.८५%**
मतदाता : १,७९,८८,५७० । खसेको मत : १,११,२६,२२६

०७४ **६८.३७%**
मतदाता : १,५४,२७,९३८ । खसेको मत : १,०५,९३,९७१

०७० **७८.३४%**
मतदाता : १,२१,४७,८६५ । खसेको मत : ९५,१६,७३४

०६४ **६१.६९%**
मतदाता : १,७६,११,८३२ । खसेको मत : १,०८,६६,१३१

०५६ **६५.७९%**
मतदाता : १,३५,१८,८३९ । खसेको मत : ८८,९४,५६६

०५१ **६१.८६%**
मतदाता : १,२३,२७,३२९ । खसेको मत : ७६,२५,३४८

०४८ **६५.१५%**
मतदाता : १,११,९१,७७७ । खसेको मत : ७२,९१,०८४

०३७ **६६.९२%**
मतदाता : ७१,९२,४५१ । खसेको मत : ४८,१३,४८६

०१५ **४२.१८५%**
मतदाता : ४२,४६,४६८ । खसेको मत : १७,९१,३७३

■ निर्वाचनपछि दलहरूले दिए मतदाता, सरकार र आयोगलाई धन्यवाद

■ भारत, चीन र अमेरिकाले दिए बधाई

नयाँ सरकारसँग सहकार्य गर्न उत्सुक

■ ऐतिहासिक रूपमा शान्तिपूर्ण मतदान, बिथोलिएन कुनै पनि केन्द्रमा मतदान, पहिलोपटक एकै दिन सम्पन्न

■ शून्यबाट उठेर सुरक्षा निकायले गराएको चुस्त निर्वाचन

जेन-जी आन्दोलनपछि नेपाल प्रहरी संकटको अवस्थाबाट गुज्रिएको थियो । एकातर्फ नागरिकबाट इतिहासमै अपेक्षित बनेको थियो भने अर्कोतर्फ खाने-बस्नेजस्ता आधारभूत सुविधासमेत थिएन । त्यो अवस्थामा ६ महिनाभित्र निर्वाचन गर्नुपर्ने दायित्व प्रहरीको काँधमा थियो । हजारौं कैदी भागेको र हतियार लुटिएको अवस्थामा त्यसरी निरीह बनेको प्रहरीले निर्वाचन गराउन सक्नेमा धेरैलाई विश्वास थिएन । तर, त्यो शून्यबाट उठेर प्रहरीले इतिहासमै चुस्त र शान्तिपूर्वक ढंगले निर्वाचन सम्पन्न गरेको छ ।

(विस्तृत पृष्ठ २)



● **दानबहादुर कार्की**
महानिरीक्षक, नेपाल प्रहरी

शून्यको अवस्थामा हुँदा पनि हामीले धैर्यता गुमाएनौं, देशप्रतिको दायित्व भुलेनौं । नागरिकको पनि अभूतपूर्ण सहयोग रह्यो, जसकारण यो ऐतिहासिक निर्वाचन सफलतापूर्वक सम्पन्न गर्न सफल भयौं ।



● **राजु अर्याल**
महानिरीक्षक, सशस्त्र प्रहरी बल

यो विगतको जस्तो सामान्य संसदीय निर्वाचन होइन, देशको भविष्यसँग जोडिएको निर्वाचन हो । यो कुरा हामीले सिपाहीसम्मलाई बुझायौं । सबै मिलेर देशप्रतिको महत्त्वपूर्ण जिम्मेवारी पूरा गर्यौं ।

■ नयाँ सरकार कहिले र कसरी बन्छ ?

निर्वाचन आयोगले फागुन मसान्तभित्र निर्वाचनको अन्तिम परिणाम सार्वजनिक गर्ने लक्ष्य लिएको छ । कार्यवाहक प्रमुख आयुक्त रामप्रसाद भण्डारीका अनुसार मतगणना सुरु भएको २४ घण्टाभित्र प्रारम्भिक परिणाम आउन थाल्नेछ र २४ फागुनसम्म प्रत्यक्षतर्फका १६५ वटै निर्वाचन क्षेत्रको परिणाम सार्वजनिक भइसक्नेछ । उनका अनुसार त्यसपछि समानुपातिकतर्फको मतगणना सम्पन्न गर्न करिब तीन दिन लाग्नेछ । सबै विवरण संकलन भएपछि कुन दलले कति सिट पाउने भन्ने हिसाब गर्न थप दुई दिन लाग्नेछ । यसरी २८ फागुनसम्म आयोगले समानुपातिकतर्फ दलगत सिट बाँडफाँटको अन्तिम टुंगो लगाउनेछ ।

त्यसपछि आयोगले राजनीतिक दलहरूलाई आफ्नो-आफ्नो क्लस्टरअनुसार सांसदहरूको नाम पठाउन सात दिनको समय दिँदै पत्राचार गर्नेछ । तर, विगतको अभ्यासअनुसार दलहरूले सामान्यतया दुई दिनभित्रै नामावली पठाउने गरेका छन् । दलबाट नाम प्राप्त भएको दुई दिनभित्र आयोगले समानुपातिकतर्फ निर्वाचित सांसदहरूलाई प्रमाणपत्र प्रदान गर्नेछ ।


यसरी सबै प्रक्रिया पूरा भएमा आयोगले चैत २ गतेभित्र राष्ट्रपतिसमक्ष निर्वाचनको अन्तिम परिणामसहितको प्रतिवेदन बुझाउन सक्ने जनाएको छ । त्यसपछि राष्ट्रपति रामचन्द्र पौडेलले उक्त प्रतिवेदन संघीय संसद् सचिवालयमा पठाउँदै नयाँ सरकार गठनका लागि सात दिनको समय दिई आह्वान गर्ने संवैधानिक प्रक्रिया सुरु गर्नेछन् ।

यदि कुनै दलले स्पष्ट बहुमत प्राप्त गरेमा संसदीय दलको नेता चयन गरेर भोलिपल्टै संविधानको धारा ७६(१) अनुसार सरकार गठनको दाबी गर्न सक्नेछ । यस्तो अवस्थामा चैतको पहिलो साताभै नयाँ सरकार गठन हुन सक्छ । बहुमत नपुगी अन्य विकल्प प्रयोग गर्नुपर्ने अवस्था आएमा ढिलोमा चैतको दोस्रो सातासम्म नयाँ सरकार बन्न सक्ने अनुमान गरिएको छ ।

संघीय संसद् सचिवालयका प्रवक्ता एकराम गिरीका अनुसार निर्वाचनको अन्तिम परिणाम सार्वजनिक भएको ३० दिनभित्र प्रतिनिधिसभाको बैठक आह्वान गर्नुपर्ने संवैधानिक व्यवस्था छ । उनका अनुसार निर्वाचनको अन्तिम परिणाम सार्वजनिक भएपछि मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले संसद् अधिवेशन आह्वान गर्छन् । अधिवेशन आह्वान भएपछि प्रतिनिधिसभाको बैठक बस्छ, तर सरकार गठन भने बैठक बस्नुअघि वा पछि दुवै अवस्थामा हुन सक्छ । त्यसअघि संसद् सचिवालयले निर्वाचित सांसदलाई शपथ गराउनेछ ।

सुशीलाले गराइन् राजनीतिक संक्रमणको सफल अवतरण

सीमित समय र असीमित दबाबबिच शान्तिपूर्ण र सफल निर्वाचन गराएर अन्तरिम सरकारकी प्रधानमन्त्री सुशीला कार्कीले जेन-जी विद्रोहपछि लोकतन्त्र पुनः 'ट्र्याक'मा फर्काएकी छिन्



"म एक्लैले यो सम्भव भएको होइन । सिंगो मन्त्रिपरिषद्को मिहिनेत लागेको छ । निर्वाचन आयोग, सुरक्षा निकाय, कर्मचारी, राजनीतिक दल, उम्मेदवार सबैको भूमिका छ । खासगरी हाम्रो आह्वान स्वीकार गरेर निर्वाचनमा सहभागी हुनुहुने नेपाली जनताले नै यसलाई सफल बनाउनुभएको हो । चुनौतीहरू धेरै सामना गर्नुपऱ्यो । हामीलाई दलहरूले नै अयोग्य भनेकै हुन् । जेन-जीका केही व्यक्तिले पनि औंला उठाएकै हुन् । तर, हामी मुलुकमा शान्ति कायम गर्ने उद्देश्यमा लाग्यौं ।

सुवास भट्ट/नयाँ पत्रिका

२३-२४ भदौको जेन-जी विद्रोहले संघीय संसद्, सिंहदरबारदेखि सर्वोच्च अदालत र राष्ट्रपति कार्यालयसम्म ध्वस्त बनाएको मुलुकमा चुनाव हुन्छ कि हुँदैन भन्ने गहिरो संशय थियो । ७७ जनाको ज्यान गएको, ८४ अर्बको क्षति भएको, सेना सडकमा उत्रेको र निर्वाचित प्रधानमन्त्रीको बाध्यात्मक राजीनामा आएको विषम परिवेशबिच पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीले ६ महिनाभित्र निर्वाचन गराउने सर्तसहित अन्तरिम प्रधानमन्त्रीको जिम्मेवारी सम्हालिन् ।

विघटित प्रतिनिधिसभाकै दुई ठुला दल संसद् पुनर्स्थापनाको माग लिएर सर्वोच्च गएका बेला कतिपय अवस्थामा 'असम्भव' भनिएको चुनाव ६ महिना पुग्न एक साता बाँकी रहँदै शान्तिपूर्ण रूपमा सम्पन्न गराएर उनले लोकतन्त्रलाई पुनः संवैधानिक 'ट्र्याक'मा फर्काएकी छिन् । बाधा अड्काउ फुकाउबाट प्रधानमन्त्री बनेकी कार्कीले निर्वाचनमार्फत संविधानअनुसार नयाँ सरकार गठनको ढोका खुलाएकी छिन् । तोकिएकै मितिमा निर्वाचन गर्न भने अन्तरिम प्रधानमन्त्री कार्कीले कैयौं चुनौतीको सामना त गरिन् नै साथै समन्वयकारी भूमिका पनि राम्रोसँग निभाइन् ।

राष्ट्रपति रामचन्द्र पौडेलले संविधानको धारा ६१ टेकेर उनलाई प्रधानमन्त्री नियुक्त गरेका थिए । सोही सिफारिसमा प्रतिनिधिसभा विघटन गर्दै २१ फागुनमा निर्वाचन गर्ने मिति तोकिएको थियो । अर्थात्, सरकार गठन नै चुनावको मितिसहित भएको थियो । यस अर्थमा समय सीमित, दबाब असीमित । निर्वाचन गराउन कार्कीलाई राष्ट्रपति रामचन्द्र पौडेल, सुरक्षा निकाय र अन्तर्राष्ट्रिय समुदायबाट समेत सहयोग रह्यो ।

प्रधानमन्त्री कार्कीकै सिफारिसमा राष्ट्रपति पौडेलले २७ गते रातको ११ बजेदेखि लागू हुने गरी प्रतिनिधिसभा विघटन गरेका थिए । त्यही निर्णय भएको राष्ट्रपति कार्यालयद्वारा जारी विज्ञप्तिमा उल्लेख छ, 'मिति २०८२ साल फागुन २१


» पृष्ठ २ मा क्रमशः



शून्यबाट उठेर सुरक्षा निकायले गराएको चुस्त निर्वाचन









नयाँ पत्रिका

जेन-जी आन्दोलनपछि नेपाल प्रहरी संकटको अवस्थाबाट गुज्रिएको थियो। एकातर्फ नागरिकबाट इतिहासमै अपहेलित बनेको थियो भने अर्कोतर्फ खाने-बस्नेजस्ता आधारभूत सुविधासमेत थिएन। त्यो अवस्थामा ६ महिनाभित्र निर्वाचन गर्नुपर्ने दायित्व प्रहरीको काँधमा थियो। हजारौँ कैदी भागेको र हतियार लुटिएको अवस्थामा त्यसरी निरीह बनेको प्रहरीले निर्वाचन गराउन सक्नेमा धेरैलाई विश्वास थिएन। तर, त्यो शून्यबाट उठेर प्रहरीले इतिहासमै चुस्त र शान्तिपूर्वक ढंगले निर्वाचन सम्पन्न गरेको छ।

गृह मन्त्रालयका अनुसार यो निर्वाचनमा हिंसा तथा सुरक्षा निकायको बल प्रयोगबाट कसैको मृत्यु भएको छैन, घाइते पनि भएका छैनन्। कुनै पनि केन्द्रमा मतदान अर्को दिनका लागि स्थगितसमेत गर्नुपरेन। विषम अवस्थामा आखिर कसरी यति चुस्त निर्वाचन सम्पन्न भयो ?

सुरक्षा निकायको धैर्यता, देशप्रतिको जिम्मेवारी र नागरिकको सहयोगले नै यसरी निर्वाचन सम्पन्न गराउन सकिएको प्रहरी महानिरीक्षक दानबहादुर कार्की बताउँछन्। 'शून्यको अवस्थामा हुँदा पनि हामीले धैर्यता गुमाएनौँ, देशप्रतिको दायित्व भुलेनौँ,' उनी भन्छन्, 'नागरिकको पनि अभूतपूर्ण सहयोग रह्यो, जसकारण यो ऐतिहासिक निर्वाचन सफलतापूर्वक सम्पन्न गर्न सफल भयौँ।'

स्रोत-साधनको अभाव भए पनि प्रहरीको जिम्मेवारीमा कुनै कमी नभएको उनी बताउँछन्। 'भवनमा भन्दा भावनामा जोड दियौँ, साधनभन्दा साधनालाई प्राथमिकता राख्यौँ,' आइजिपी कार्की भन्छन्, 'कतिपय अवस्थामा कानुनभन्दा असल भावनाले कामनामा जोड दिएर देशलाई सामान्य अवस्थामा पुऱ्याउन सफल भएका छौँ।'

विगतमा भन्दा सुरक्षा निकायको परिचालन पनि व्यापक भएको र समन्वय पनि पहिलो भएको उनी बताउँछन्। यसपटक प्रहरीले एआइजीसम्मका अधिकारीलाई फिल्ड तहमा अनुगमन र परिचालनमा खटाएको थियो।

सशस्त्र प्रहरी बलका महानिरीक्षक राजु अर्याल यो निर्वाचन प्रतिनिधि छान्ने मात्र नभई देशको भविष्यसँग जोडिएको निर्वाचन भएकाले सुरक्षा निकायले धेरै मिहिनेत गरेको बताउँछन्। 'यो विगतको जस्तो सामान्य संसदीय निर्वाचन थिएन, देशको भविष्यसँग जोडिएको निर्वाचन हो,' उनले भने, 'यो कुरा हामीले सिपाहीसम्मलाई बुझायौँ, सबै मिलेर देशप्रतिको जिम्मेवारी पूरा गऱ्यौँ।'

यसपटक सुरक्षा निकायबिचको सहकार्य विगतमा भन्दा राम्रो भएको गृह मन्त्रालयका अधिकारी बताउँछन्। सेनालाई पनि एक महिना अघिदेखि नै निर्वाचन सुरक्षामा खटाइएको थियो भने निर्वाचन प्रहरीको संख्या पनि थपियो। 'यसपटक सुरक्षा निकायको समन्वय बलियो भएका कारण पनि निर्वाचनमा हिंसाका घटना न्यून भए,' गृह मन्त्रालयका प्रवक्ता आनन्द काफ्ले भन्छन्, 'सुरक्षा व्यवस्थापनका स-साना कुरामा पनि हामीले विशेष ध्यान दिएर सुरक्षा योजनाको कार्यान्वयन र बलियो नियमन गरेकाले सफल भयौँ।'

मन्त्रालयका एक अधिकारीका अनुसार यसपटक सुरक्षा निकायलाई स्वतन्त्रपूर्वक काम गर्न दिइएकाले पनि सुरक्षा व्यवस्थापन राम्रो भएको हो। 'विगतमा पार्टीका गृहमन्त्री हुन्थे, उनले आफ्नो पार्टीको पक्षमा प्रहरीलाई परिचालनको प्रयास गर्थे, जसकारण धेरै विवाद हुन्थे,' ती अधिकारी भन्छन्, 'यसपटक प्रहरीलाई कतैबाट दबाब भएन जसले निर्वाचन सुरक्षा बलियो रह्यो।' जेन-जी आन्दोलनमा नेपालका सुरक्षा निकाय असक्षम छन् भन्ने सन्देश गएकोमा अहिलेको व्यावसायिकतापूर्ण प्रदर्शनले छवि पनि फेरिएको छ।

दलहरूले दिए मतदाता, सरकार र आयोगलाई धन्यवाद

पर्शुराम काफ्ले/नयाँ पत्रिका

शान्तिपूर्ण निर्वाचन सम्पन्न भएपछि राष्ट्रपति रामचन्द्र पौडेल, प्रधानमन्त्री सुशीला कार्की र राजनीतिक दलका शीर्ष नेताले सम्बद्ध सबैलाई धन्यवाद दिएका छन्। अनेक संसयबिच भएको मतदान देशभर नै शान्तिपूर्वक सकिएपछि सबै पक्षबाट सकारात्मक प्रतिक्रिया आएको हो।

राष्ट्रपति पौडेलले मुलुकमा उत्पन्न जटिल परिस्थितिले निर्वाचनमार्फत निकास पाएको बताएका छन्। 'राष्ट्रपतिले शान्तिपूर्ण रूपमा प्रतिनिधिसभा सदस्य निर्वाचन सम्पन्न भएर मुलुकमा उत्पन्न जटिल परिस्थितिले निकास पाएकोमा सन्तोष प्रकट गर्नुभएको छ,' राष्ट्रपतिका प्रेस सल्लाहकार किरण पोखरेलले भने, 'उहाँले यो निर्वाचन सफल बनाउन सक्रिय सरकार, निर्वाचन आयोग, नेपाली सेनासहित सबै सुरक्षा निकाय, राजनीतिक दल, आममतदाता, राष्ट्रसेवक कर्मचारी र सम्बद्ध सबै पक्षसहित सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा धन्यवाद प्रकट गर्नुभएको छ।'

प्रधानमन्त्री सुशीला कार्कीले निर्वाचन गर्न प्राप्त जिम्मेवारी पूरा गर्न सकेकोमा खुसी व्यक्त गरेकी छिन्। 'म खुसी छु। हामीलाई प्राप्त जिम्मेवारी नै त्यही थियो। तर, म एक्लैले यो सम्भव भएको होइन। सिंगो मन्त्रिपरिषद्को मिहिनेत लागेको छ,' सचिवालयका अनुसार प्रधानमन्त्री कार्कीले भनेकी छन्, 'निर्वाचन आयोग, सुरक्षा निकाय, कर्मचारी, राजनीतिक दल, उम्मेदवार सबैको भूमिका छ। खासगरी हाम्रो आह्वान स्विकार गरेर निर्वाचनमा सहभागी हुनुहुने नेपाली जनताले नै यसलाई सफल बनाउनुभएको हो।'

कार्कीले सुरक्षाको मुख्य चुनौती तथा बाधा-अवरोध सामना गरिएको उल्लेख गरेकी छिन्। एकीकृत निर्वाचन सुरक्षा योजनाअनुसार काम भएको उनको भनाइ छ। 'हामीमाथि विभिन्न प्रकारले आक्रमण नभएको होइन। तर, हामी त्यसबाट विचलित भएनौँ। जति अवरोध भए पनि बाटो हामीले छाडेनौँ,' प्रधानमन्त्रीले भनेकी छिन्, 'हामीलाई दलहरूले नै अयोग्य भनेकै हुन्, जेन-जीका केही व्यक्तिले पनि औँला उठाएकै हुन्, तर हामी मुलुकमा शान्ति कायम गर्ने उद्देश्यमा लाग्यौँ।'

कार्कीले जेन-जी आन्दोलनबारे छानबिन गर्न गठित गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगको प्रतिवेदन सरकारले पाएलगत्तै कार्यान्वयन गर्ने पनि बताएकी छिन्। 'अहिलेको आयोगको मात्र होइन, अरू पनि त्यस्ता प्रतिवेदन छन् भने ती हेर्छौं र सार्वजनिक गरिदिन्छौँ। ता कि जनताले थाहा पाऊन्,' प्रधानमन्त्रीले भनेकी छिन्।

कांग्रेस र एमालेले कार्की नेतृत्वको सरकारलाई असंवैधानिक करार गर्दै आएका थिए। उनीहरूले अदालतमा रिट दायरसमेत गरेका थिए।

कांग्रेस सभापति गगन थापाले प्रतिनिधिसभाको निर्वाचनमा देशव्यापी रूपमा मतदाताले प्रकट गरेको उत्साह र सक्रिय सहभागिताले लोकतन्त्रप्रतिको नेपाली निष्ठा र अटल प्रतिबद्धता पुनः एकपटक बलियो रूपमा अभिव्यक्त भएको बताएका छन्। मतदान सकिएपछि बिहीबार साँझ जारी विज्ञप्तिमा उनले जनतालाई सम्बोध गर्दै भनेका छन्, 'यहाँहरूको सक्रिय सहभागिताले एकातर्फ लोकतान्त्रिक प्रणालीप्रति तपाईंहरूको गहिरो विश्वासलाई पुष्टि गरेको छ भने अर्कातर्फ राजनीतिक दलहरू र अब बन्ने सरकारलाई जनअपेक्षाअनुसार काम गर्न थप जिम्मेवार बनाएको छ।' थापाले केही निर्वाचन क्षेत्रमा भएका केही घटनाबाहेक शान्तिपूर्ण वातावरणमा निर्वाचन गराउन सफल भएको भन्दै सरकार र निर्वाचन आयोगलाई धन्यवाद दिएका छन्।

त्यस्तै, एमाले अध्यक्ष केपी ओलीले शान्तिपूर्ण रूपमा निर्वाचन सम्पन्न भएको बताएका छन्। मतदान सकिएपछि उनले फेसबुकमा लेखेका छन्, 'देशभर आमरूपमा शान्तिपूर्ण मतदान सम्पन्न भएको छ। निर्वाचन सम्पन्न गरेकोमा सरकार, निर्वाचन आयोग, मतदानमा सहभागी हुनुभएका सम्पूर्ण मतदाता, निर्वाचनमा खटिने कर्मचारी र सुरक्षाकर्मी सबैलाई धन्यवाद। निर्वाचनमा सक्रिय पार्टीका कार्यकर्ता तथा प्रतिनिधि साथीहरूलाई पनि धन्यवाद।'

नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले पनि सभ्य र लोकतान्त्रिक वातावरणमा मतदान सम्पन्न भएको बताएका छन्। 'एउटा जटिल राजनीतिक परिस्थितिलाई सहजतातर्फ लैजान घोषणा भएको प्रतिनिधिसभाको निर्वाचन तमाम आशंका चिर्दै शान्तिपूर्ण, सभ्य र लोकतान्त्रिक वातावरणमा सम्पन्न भएको छ,' उनले भनेका छन्, 'मतदानमार्फत जनताले देखाएको उच्च सहभागिता, संयम र संघीय लोकतान्त्रिक गणतन्त्रप्रतिको विश्वासले हाम्रो प्रणालीलाई अझ सुदृढ बनाएको छ। आगामी दिनमा जनताको निर्णयलाई सम्मान गर्दै देश र जनताको हितमा सबै पक्ष मिलेर अघि बढ्ने विश्वास व्यक्त गर्दछु।'

रास्वपा सभापति रवि लामिछानेले पनि निर्वाचन सफलतापूर्वक सम्पन्न भएकोमा सरकारलगायत सम्बद्ध निकायलाई धन्यवाद दिएका छन्। 'लोकतन्त्र बचाउने आधार नै निर्वाचन हो। लोकतन्त्रका रक्षक भनेकै जनता हुन्। पार्टी र नेताले जनभावनाको कदर र राष्ट्रिय आवश्यकताका आधारमा निर्णय गर्ने हो। निर्णय गर्दा राष्ट्रलाई केन्द्रमा राख्न सके लोकतन्त्र परिणाममुखी पनि हुन्छ,' उनले भनेका छन्, 'निर्वाचन सफलतापूर्वक सम्पन्न भएकोमा प्रधानमन्त्रीज्यू, मन्त्रिमण्डलका सम्पूर्ण मन्त्रीज्यूहरू, निर्वाचन आयोग, सम्पूर्ण सुरक्षा निकाय, कर्मचारी साथीहरू, सहयोगी विभिन्न राष्ट्रिय अन्तर्राष्ट्रिय निकायलगायत सम्बद्ध सबैलाई धेरै-धेरै धन्यवाद। लोकतन्त्र अमर रहोस्।' रास्वपा वरिष्ठ नेता बालेन शाहले पनि मतदान सकिएपछि सामाजिक सञ्जाल फेसबुकमार्फत प्रधानमन्त्री कार्कीको प्रशंसा गरेका छन्।



हेटौँडा उपमहानगर- १ स्थित वंशगोपाल मावि मतदान केन्द्रमा छोरा कृष्णप्रसाद पौडेलको सहयोगमा मतदान गर्दै १०२ वर्षका टीकादत्त पौडेल। तस्बिर : **पोष्टराज अधिकारी**/नयाँ पत्रिका

भारत, चीन र अमेरिकाको बधाई

नेपालमा शान्तिपूर्ण रूपमा निर्वाचन सम्पन्न भएकोमा छिमेकी भारत र चीन तथा अमेरिकासहित अन्तर्राष्ट्रिय समुदायले प्रशंसा र बधाई दिएका छन्। भारत र चीनले नेपालको स्थिरतामा जोड दिएका छन्।

भारतले नेपालमा जनताको उत्साहजनक सहभागितासहित निर्वाचन सफलतापूर्वक सम्पन्न भएको उल्लेख गर्दै स्वागत गरेको छ। भारतले नयाँ सरकारसँग काम गर्न उत्सुक रहेकोसमेत उल्लेख गरेको छ। नेपालमा सम्पन्न निर्वाचनबारे सञ्चारमाध्यमहरूले सोधेको प्रश्नमा भारतीय विदेश मन्त्रालयका प्रवक्ता रणधीर जैसवालले भनेका छन्, 'आज नेपालका नागरिकहरूले आफ्नो लोकतान्त्रिक जनादेशको प्रयोग गर्दै उत्साहजनक सहभागितासहित निर्वाचन सफलतापूर्वक सम्पन्न भएकोमा हामी स्वागत गर्दछौँ। गत वर्षको असाधारण परिस्थितिको पृष्ठभूमिमा सम्पन्न भएको यो निर्वाचन सफलतापूर्वक सम्पन्न गराएकोमा हामी प्रधानमन्त्री सुशीला कार्की, नेपाल सरकार र नेपाली जनता तथा विभिन्न सरोकारवालाहरूलाई बधाई दिन्छौँ।'

भारतले नेपालमा शान्ति, प्रगति र स्थिरतालाई निरन्तर समर्थन गर्दै आएको पनि प्रवक्ता जैसवालले उल्लेख गरेका छन्। निर्वाचनका लागि प्रतिबद्धताअनुसार भारतले आवश्यक सवारीसाधनलगायतका सामग्री उपलब्ध गराएकोसमेत विदेश मन्त्रालयले उल्लेख गरेको छ।

'हामी पारस्परिक हितका लागि हाम्रो दुई देश र जनताबिचका सुदृढ तथा बहुआयामिक सम्बन्धलाई अझ अघि बढाउन नेपालको नयाँ सरकारसँग सहकार्य गर्न उत्सुक छौँ,' भारतले भनेको छ।

त्यस्तै, नेपालका लागि चिनियाँ राजदूत झाङ माओमिङले सामाजिक सञ्जाल एक्समा लेखेका छन्, 'नेपालमा यति शान्तिपूर्ण, व्यवस्थित र सहज प्रतिनिधिसभा निर्वाचन सम्पन्न भएकोमा बधाई ! आफ्नो लोकतान्त्रिक अधिकारको प्रयोग गरेकोमा नेपाली जनतालाई हार्दिक बधाई।' राजदूत माओमिङले निर्वाचनका लागि नेपाली अधिकारीहरू तथा सबै क्षेत्रका जनताबाट गरिएका प्रयासहरूलाई नोट गर्नुपर्ने भन्दै प्रशंसा गरे। 'नेपाललाई स्थिरता, विकास र समृद्धिको कामना, नेपाली जनतालाई खुसी, स्वास्थ्य र सफलताको कामना,' उनले भनेका छन्, 'चीन सधैँ नेपालको साथमा रहन्छ।'

अमेरिकाले बिहीबार प्रतिनिधिसभा निर्वाचन सम्पन्न भएकोमा बधाई दिएको छ। नेपालस्थित अमेरिकी राजदूतावासले साँझ सामाजिक सञ्जालमा आगामी सरकारसँग सहकार्य गर्न उत्सुक रहेको उल्लेख गरेको छ। 'निर्वाचन सम्पन्न भएकोमा नेपाली जनतालाई हार्दिक बधाई,' दूतावासले भनेको छ, 'आगामी सरकारसँग हाम्रा दुवै देशको समृद्धि र सुरक्षासम्बन्धी साझा लक्ष्यहरूमा सहकार्य गर्न हामी उत्सुक छौँ।'

नेपालका लागि स्विस राजदूत डा. डानिएल मेउलीले निर्वाचन सफलतापूर्वक सम्पन्न भएको भन्दै नेपाललाई बधाई दिएका छन्। 'प्रतिनिधिसभा निर्वाचन सफलतापूर्वक सम्पन्न भएकोमा नेपाल सरकार र नेपाली जनतालाई बधाई ज्ञापन गर्दछौँ, यो लोकतान्त्रिक प्रक्रियामार्फत नेपाल र नेपाली जनताको आकांक्षा पूरा गर्ने दिशामा महत्त्वपूर्ण कदम हो,' उनले भनेका छन्।

नेपालस्थित फ्रान्सेली राजदूतावासले पनि शान्तिपूर्ण निर्वाचन प्रक्रिया सम्पन्न भएको भन्दै नेपाललाई बधाई दिएको छ। निर्वाचनले नेपाली जनताको लोकतन्त्रप्रति प्रतिबद्धता उजागर भएको पनि उसले उल्लेख गरेको छ।

नेपालका लागि जर्मनीका राजदूत उडो भोल्जले पनि निर्धारित समयमै निर्वाचन सम्पन्न गराएकोमा प्रशंसा गरेका छन्। उनले भनेका छन्, 'निर्धारित समयअनुसार निर्वाचन सम्पन्न गराएकोमा नेपाल सरकार र सम्बन्धित निकायहरूको प्रशंसा गर्दछौँ। लोकतान्त्रिक र शान्तिपूर्ण प्रक्रियाप्रति नेपाली जनताको प्रतिबद्धताको पनि सराहना गर्दछौँ।'

नेपालका लागि इजरायलका राजदूत स्मुलिक बासले निर्वाचन सम्पन्न भएकोमा बधाई दिएका छन्। 'लोकतन्त्रलाई सुदृढ बनाउने र सबै नेपालीहरूको आकांक्षालाई अगाडि बढाउने यो महत्त्वपूर्ण कदम हो। नेपालसँग घनिष्ठ मित्रता र सहकार्यलाई निरन्तरता दिन इजरायल उत्सुक छ,' राजदूत बासले भनेका छन्।

ताजा जनादेश...

पृष्ठ १ बाट क्रमशः

कार्यवाहक प्रमुख आयुक्त रामप्रसाद भण्डारीले यसपटक करिब १० लाख नयाँ मतदाता थपिएको, मतदाता शिक्षा प्रभावकारी रूपमा सञ्चालन गरिएको र युवाहरूमा निर्वाचनप्रति उत्साह बढेको बताएका थिए। उनका अनुसार मत प्रतिशत बढ्ने र बदर मत घट्ने अपेक्षा गरिएको थियो। आयोगले ६८ देखि ७० प्रतिशतसम्म मत खस्ने अनुमान गरेको भए पनि प्रारम्भिक तथ्यांक करिब ६० प्रतिशतमा सीमित देखिएको छ।

देशभरका १० हजार ९६७ मतदानस्थलअन्तर्गत २३ हजार ११२ मतदान केन्द्रमा एकै दिन मतदान सम्पन्न भएको हो। विगतका निर्वाचनमा विभिन्न विवादका कारण केही स्थानमा मतदान स्थगित हुने गरेको थियो, तर यसपटक त्यस्तो अवस्था देखिएन। ०७९ को निर्वाचनमा ६१ प्रतिशत मत खसेको थियो। 'देशभरबाट प्राप्त विवरणअनुसार करिब ६० प्रतिशत मत खसेको प्रारम्भिक अनुमान छ, विस्तृत विवरण संकलन कार्य जारी छ,' कार्यवाहक प्रमुख आयुक्त भण्डारीले भने।

आयोगको अन्तिम मतदाता नामावलीअनुसार कुल मतदाता संख्या एक करोड ८९ लाख तीन हजार ६८९ रहेको छ। प्रारम्भिक अनुमानअनुसार करिब ६० प्रतिशत अर्थात् एक करोड १३ लाख ४२ हजार २१३ मत खसेको देखिन्छ। यस आधारमा ७५ लाख ६१ हजार ४७६ मतदाता मतदानमा सहभागी नभएको विवरण प्राप्त भएको छ। यद्यपि, विस्तृत र आधिकारिक परिणाम आउन बाँकी रहेकाले यी तथ्यांकमा सामान्य हेरफेर हुन सक्ने आयोगले जनाएको छ।

आयोगका अधिकारीहरूका अनुसार ठुलो संख्यामा युवा रोजगारीका लागि विदेशमा रहनु, अन्तरजिल्ला मतदानको व्यवस्था नहुँदा बसोबास स्थानभन्दा बाहिर रहेका मतदाताले मतदान गर्न नपाउनु, मृत्यु भइसकेका मतदाताको नाम अद्यावधिक प्रक्रियामा पूर्ण रूपमा हट्न नसक्नु तथा अस्थायी मतदाता सूचीमा धेरै राष्ट्रसेवक कर्मचारी छुट्नुजस्ता कारणले अपेक्षित मत प्रतिशत हासिल हुन नसकेको हो। यस्तो परिस्थितिमा प्राप्त मत प्रतिशतलाई नै उपलब्धिका रूपमा लिनुपर्ने उनीहरूको भनाइ छ। जेन-जी आन्दोलनपछि सम्पन्न यस निर्वाचनमा सुशासनको मुद्दा बोकेका युवाहरूको उल्लेख्य सहभागिता हुने अपेक्षा गरिएको थियो। तर, प्रारम्भिक अवलोकनअनुसार मतदानमा युवाहरूको उपस्थिति अपेक्षाकृत कमजोर देखिएको छ। विभिन्न मतदान केन्द्रका मतदान अधिकृतहरूका अनुसार आन्दोलनको पृष्ठभूमिमा भएको निर्वाचन भए पनि अधिकांश बुथमा वयस्क तथा ज्येष्ठ नागरिककै उपस्थिति बलियो देखिन्थ्यो।

यद्यपि, कार्यवाहक प्रमुख आयुक्त भण्डारीले भने निर्वाचनमा जेन-जी पुस्ताको उत्साहजनक सहभागिता रहेको दाबी गरेका छन्। उनका अनुसार हालै थपिएका करिब १० लाख नयाँ मतदातामध्ये अधिकांश जेन-जी समूहका हुन् र उनीहरूले मतदान प्रक्रियामा सहभागिता जनाएको आयोगको अपेक्षा छ। निर्वाचनमा प्रत्यक्षतर्फ ६५ दल र स्वतन्त्रसमेत गरी तीन हजार ४०५ उम्मेदवार प्रतिस्पर्धामा छन्। समानुपातिकतर्फ ६३ दलबाट तीन हजार १३५ उम्मेदवार मैदानमा छन्।

विदेशी पाहुनाले गरे पर्यवेक्षण

बिहीबार सम्पन्न मतदानको मित्रराष्ट्रबाट आएका पाहुनाहरूले अवलोकन गरेका छन्। निर्वाचन पर्यवेक्षण गर्न माल्दिभ्स र श्रीलंकाका प्रमुख निर्वाचन आयुक्त र भुटान, बंगलादेश, मलेसिया, इन्डोनेसिया, जापान र रसियाबाट निर्वाचन आयुक्तहरू आएका थिए। यसैगरी कूटनीतिक नियोगका प्रतिनिधिले पनि अवलोकन गरेका छन्। प्रवक्ता नारायण भट्टराईका अनुसार मतदानका क्रममा ३९ वटा राष्ट्रिय संस्था र चारवटा अन्तर्राष्ट्रिय संस्थाबाट करिब पाँच हजारजनाले पर्यवेक्षण गरेका छन्। पर्यवेक्षकहरूले मतदानमा उल्लेख्य सहभागिता नदेखिएको निष्कर्ष निकालेका छन्।

कस्तो भयो निर्वाचन ?

पूर्वप्रमुख निर्वाचन आयुक्त दिनेश थपलियाले विषम राजनीतिक र भौगोलिक परिस्थितिबिच पनि निर्वाचन तोकिएकै मितिमा सफलतापूर्वक सम्पन्न हुनु सकारात्मक उपलब्धि भएको बताएका छन्। उनका अनुसार हाल देखिएको मतदान प्रतिशत स्वाभाविक हो। '५८ देखि ६० प्रतिशत मत खस्ने मेरो अनुमान थियो। त्यस हिसाबले ६० प्रतिशत सहभागिता राम्रो नै हो। किनकि नेपालमा अन्तरजिल्ला मतदान र विदेशबाट मतदान गर्ने व्यवस्था छैन। यी सबै सुविधा भएका देशहरूमा पनि करिब ६० प्रतिशत हाराहारीमै मतदान हुन्छ। हाम्रो सन्दर्भमा यो सन्तोषजनक मान्नुपर्छ,' उनले भने।

थपलियाले यस वर्षको समय र भौगोलिक अवस्थाले पनि मतदानमा प्रभाव पारेको उल्लेख गरे। 'नेपालमा यो वर्ष मौसम र समय पनि अनुकूल भएन, विशेषगरी हिमाली क्षेत्रमा मतदान गर्न निकै कठिन हुन्छ। यस्ता कठिनाइका बाबजुद, निर्वाचन सम्भव हुँदैन भन्ने भ्रमबिच शान्तिपूर्ण चुनाव सम्पन्न हुनु भनेको नेपाली जनताको निर्वाचनप्रतिको विश्वासको प्रमाण हो। यसले लोकतन्त्रप्रति जनताको निष्ठा कति बलियो छ भन्ने देखाउँछ,' उनले भने।

उनका अनुसार अपेक्षा गरिएजति मतदान नहुनुका पछाडि विभिन्न कारण छन्। 'कतिपय ठाउँमा मतदाताले मतदान नै गरेनन्, बुथ नै फर्काइदिए। यसले 'नो भोट'को व्यवस्थाको मागलाई बलियो बनाएको छ। बहिष्कार गर्नुको सट्टा यस्तो विकल्प भएको भए सहभागिता बढ्न सक्थ्यो,' उनले भने।

थपलियाले जनप्रतिनिधिले गरेको वाचाअनुसार काम नगर्नु पनि मतदाताको निराशाको कारण बनेको बताए। 'कतिपय ठाउँमा सांसदहरू नीति निर्माणभन्दा धारा, पानी, बिजुली र सडकजस्ता स्थानीय विषयमै अल्झिने प्रवृत्ति देखियो। यस्ता काम त स्थानीय तहले गर्ने हो। तर, सांसदहरूले पनि त्यही आश्वासन दिँदा जनतामा निराशा बढ्छ। त्यसपछि जनता मौन विद्रोह गर्छन्,' उनले भने।

उनका अनुसार यो अवस्थाले एकातिर लोकतन्त्रलाई अझ परिपक्व बनाउने अवसर दिन्छ भने अर्कोतर्फ राजनीतिक दलहरूलाई पनि आत्ममूल्यांकन गर्न बाध्य बनाउँछ। 'सबै कठिनाइका बाबजुद तोकिएकै समयमा शान्तिपूर्ण रूपमा निर्वाचन सम्पन्न हुनु अन्ततः सुखद पक्ष हो,' उनले भने।

केही सिटमा मतगणना प्रारम्भ

आयोगका प्रवक्ता नारायण भट्टराईका अनुसार भौगोलिक रूपमा अत्यन्त विकट क्षेत्रबाहेक अधिकांश मतदान केन्द्रबाट मतपेटिका सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा पुऱ्याइसकिएको छ। मतपेटिका निर्वाचन अधिकृतको कार्यालयमा पुगेसँगै आयोगले सर्वदलीय बैठक आह्वान गरी आइतबार रातिदेखि नै मतगणना सुरु गर्न निर्देशन दिएको छ। आयोगका अनुसार काठमाडौँसहित केही जिल्लामा राति नै मतगणना प्रारम्भ भइसकेको छ। 'मतपेटिका संकलनको क्रममा छौँ, आजै रातिबाट गणना सुरु हुन्छ। धेरै निर्वाचन अधिकृतले तत्कालै सुरु गर्ने जानकारी दिनुभएको छ। उत्साह हेर्दा छिटोभन्दा छिटो परिणाम घोषणा हुनेछ,' कार्यवाहक प्रमुख आयुक्त भण्डारीले भने। उनका अनुसार प्रत्येक निर्वाचन क्षेत्रमा दुई स्थानबाट समानान्तर रूपमा मतगणना गरिनेछ। मतगणनास्थलहरूमा सिसिटिभी क्यामेरा जडान गरिएको छ। आवश्यकताअनुसार अतिरिक्त सुरक्षा प्रबन्ध र तारजालीसमेत व्यवस्था गरिएको आयोगले जनाएको छ।

आयोगका प्रवक्ता नारायण भट्टराईका अनुसार सात हिमाली जिल्लाका दुर्गम मतदान केन्द्रबाट मतपेटिका नेपाली सेनाको हेलिकोप्टरमार्फत ढुवानी गरिएको छ। 'भोलि दिउँसो १२ बजेसम्म सबै मतपेटिका निर्वाचन अधिकृतको कार्यालयमा पुऱ्याइसक्छौँ,' उनले भने। आयोगले दुर्गम १५ जिल्लाका विकट क्षेत्रबाट हेलिकोप्टरमार्फत मतपेटिका मतगणनास्थलमा ल्याइरहेको छ। संखुवासभा, सोलुखुम्बु, गोरखा, रुकुम पश्चिम, मनाङ, बाजुरा र हुम्लाका केही मतदान केन्द्रबाट मतपेटिका ढुवानी कार्य अझै बाँकी रहेको आयोगले जनाएको छ।

सुशीलाले...

पृष्ठ १ बाट क्रमशः

गते बिहीबारका दिन नयाँ प्रतिनिधिसभाको निर्वाचन गर्ने गरी मिति तोक्नुभएको छ।' पहिलो महिला प्रधानन्यायाधीशको इतिहास रचेकी कार्कीले पहिलो महिला प्रधानमन्त्रीको अर्को अध्याय पनि थपिन्। तर, उनका अगाडि विद्रोहको ताप शिथिल पार्नु, सरकारलाई 'असंवैधानिक' भनिरहेका दललाई समेट्नु र ६ महिनाभित्र निर्वाचन गराउनुजस्ता कठोर चुनौती थिए। भौतिक संरचनागत र कैयौँ कानुनी समस्या पनि थिए।

जतिखेर कार्की प्रधानमन्त्री नियुक्त भएकी थिइन्, उनी बस्ने कार्यालयसमेत आगजनीबाट क्षतिग्रस्त थियो। सिंहदरबारभित्रको प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा लागेको आगो निभेकै थिएन। अस्थायी व्यवस्थापन गर्दै गृह मन्त्रालयको अपूरो भवनबाट उनले २९ भदौमा कार्यारम्भ गरिन्। जलेको सिंहदरबारमा अभिभावकका रूपमा उनी भित्रिएकी थिइन्।

अर्कोतर्फ जेन-जी विद्रोहपछि देशमा असुरक्षा र अविश्वासको मनोविज्ञान थियो। सहिद परिवार, घाइते र पक्राउ परेका सबैका आ-आफ्नै माग थिए। प्रधानमन्त्री कार्यालयमै दैनिकजसो दबाब र आक्रोश आइपुग्थ्यो। २४ मंसिरमा जेन-जी प्रतिनिधि र सरकारबिच सम्झौता भएपछि स्थिति केही सहज बन्यो।

तर, अर्को मोर्चा राजनीतिक थियो। प्रतिनिधिसभा विघटन गैरसंवैधानिक भएको दाबीसहित पुनर्स्थापनाको माग राखेर प्रमुख दलहरूले सांसदको हस्ताक्षरसहित सर्वोच्चमा रिट दायर गरे। एमालेले ९ मंसिर र कांग्रेसले २१ मंसिरमा दायर गरेकोसहित यस्ता रिट डेढ दर्जन संख्यामा सर्वोच्चमा पुगेका थिए। रिटपछि पनि अविलम्ब सुनुवाइ नगरेको भन्दै अदालततलाई प्रभावित पार्ने गरी दुवै दलका नेताहरूले अभिव्यक्ति दिएका थिए। यो विषय हालसम्म पनि अन्तिम किनारा लागिसकेको छैन। दलहरूले सरकारलाई 'अप्राकृतिक' भन्दै निर्वाचन बहिष्कार गर्ने चेतावनीसमेत दिए। यस्तो दबाबबिच चुनावी वातावरण बनाउनु सरकारका लागि सबैभन्दा ठुलो परीक्षा थियो। निःस्वार्थ र निष्ठा राखेर काम गर्दा परीक्षामा उत्तीर्ण भएको प्रधानमन्त्री कार्कीको भनाइ छ। प्रधानमन्त्री कार्की स्वयंले निर्वाचन सफलताको श्रेय सिंगो टिमलाई दिएकी छिन्। उनले निर्वाचन सभ्य र अनुशासित रूपमा सम्पन्न भएकामा खुसी व्यक्त गरेकी छिन्। 'म एक्लैले यो सम्भव भएको होइन। सिंगो मन्त्रिपरिषद्को मेहनत लागेको छ। निर्वाचन आयोग, सुरक्षा निकाय, कर्मचारी, राजनीतिक दल, उम्मेदवार सबैको भूमिका छ,' उनले भनेकी छिन्, 'खास गरी हाम्रो आह्वान स्वीकार गरेर निर्वाचनमा सहभागी हुनुहुने नेपाली जनताले नै यसलाई सफल बनाउनुभएको हो।'

विभिन्न किसिमले आक्रमण र बाधा अवरोध रहे पनि विचलित नभई निःस्वार्थ र निष्ठा राखेर काम गरेको उनको भनाइ छ। 'चुनौतीहरू धेरै सामना गर्नुपऱ्यो। हामीलाई दलहरूले नै अयोग्य भनेकै हुन्। जेन-जीका केही व्यक्तिले पनि औँला उठाएकै हुन्। तर, हामीले मुलुकमा शान्ति कायम गर्ने उद्देश्यमा लाग्यौँ,' उनले भनिन्।

पूर्वप्रमुख निर्वाचन आयुक्त भोजराज पोखरेलले कठिन परिस्थितिमा सफलतापूर्वक निर्वाचन सम्पन्न गरेकामा प्रधानमन्त्री कार्की र सरकारको प्रशंसा गरे। पूर्वप्रमुख निर्वाचन आयुक्त पोखरेलले भने, 'दुई महिनाअघिसम्म पनि निर्वाचन हुन्छ कि हुँदैन भन्ने संशय थियो। तर, छिटपुट घटनाबाहेक शान्तिपूर्ण रूपमा सम्पन्न भएको छ। प्रधानमन्त्री कार्कीले देशलाई गुन लगाउनुभयो।'

निर्वाचनका लागि प्रधानमन्त्री आफैँ त खटिइन् नै उनका दुई प्रमुख मन्त्रीले पनि महत्त्वपूर्ण भूमिका खेले। प्रधानमन्त्री कार्कीले संयमता, कानुनी स्पष्टता र संवादमार्फत अविश्वास कम गर्दै लगिन्। साथै, संक्रमण कालमा राजनीतिक हस्तक्षेप न्यून राख्दै प्रशासनलाई काम गर्ने वातावरण दिइन्। गृह मन्त्रालयको नेतृत्व ओमप्रकाश अर्यालले सम्हालेका थिए। पाँच सयभन्दा बढी प्रहरी पोस्ट ध्वस्त थिए। सुरक्षाकर्मीको मनोबल खस्किएको अवस्था थियो। यस्तो चुनौतीबिच कानुनी शासन कायम राख्दै गृहमन्त्री अर्यालले सुरक्षा संयन्त्र पुनर्संरचना गरे। गृह मन्त्रालयका प्रवक्ता आनन्द काफ्लेका अनुसार गृहमन्त्रीको 'विवेक नहराउने र विधि नछोड्ने' शैलीलाई उदाहरणीय मानेका छन्। 'गृहमन्त्रीज्यूको कामप्रतिको निष्ठा, कुनै पनि घटनाबाट विवेक नगुमाउने प्रवृत्ति र सरकारी संयन्त्रलाई व्यावसायिक ढंगबाट उपयोग गर्ने कुरा उदाहरणीय रहे,' काफ्लेले भने, 'कानुन र विधिलाई छोड्न हुँदैन भन्ने सोचले नै गृह प्रशासनको कुशल नेतृत्व गरेर जिम्मेवारी बहन गर्नुभयो।'

गृहका मन्त्रालयका अर्का एक अधिकारी भन्छन्, 'जेन-जी आन्दोलनपछि मान्छेमा सुरक्षाको भय थियो। कसैले पनि सुरक्षित महसुस गरेका थिएनन्। त्यसमाथि एउटा कुनै पक्षले हारेको र अर्को कुनै पक्षले जितेकोजस्तो अवस्था थियो। जितेकाले हारेकालाई कारबाही गर भनिरहेका थिए। आफ्ना सबै माग पूरा हुनुपर्छ भन्ने अड्डी थिए। वास्तवमै चुनौतीपूर्ण घडी थियो।'

यस्तै, अर्थमन्त्री रामेश्वरप्रसाद खनालले विद्रोहले थलिएको अर्थतन्त्र सम्हाल्दै फजुल खर्च नियन्त्रण र बेथिति सुधारतर्फ कदम चाले। अनावश्यक स्वकीय नियुक्ति र खर्च कटौतीले राज्यकोषमा अर्बौं बचत गराए। निजी क्षेत्रलाई विश्वासमा लिएर अर्थतन्त्र स्थिर बनाउने प्रयासले चुनावी वातावरणमा पनि सकारात्मक प्रभाव पारेको विश्लेषण छ। पूर्वप्रमुख निर्वाचन आयुक्त पोखरेलका अनुसार 'निर्वाचन सम्पन्न नभएको भए मुलुक अनिश्चित यात्रामा जान्थ्यो। अब संवैधानिक संकट टरेको छ। मुद्दा छलफल गर्ने थलो संसद् बनेको छ, संविधान क्रियाशील भएको छ।' प्रधानमन्त्रीका प्रेस सल्लाहकार रामबहादुर रावलका अनुसार निर्वाचनको वातावरण बनाउन सरकारले अधिकतम तहमा प्रयास गरेको थियो। 'निर्वाचन हुँदैन भनेर ठुलो संशय सिर्जना गरिएको थियो,' उनले भने, 'तमाम अप्ठ्याराका बिच सरकारले आफ्नो प्रमुख कार्यसूची पूरा गरेको छ।

देशैभर मतदानको उत्साह


१


२


३


५


६


७



१०


११


४


८


९


१२

१. भक्तपुरमा मतदानपछि पोज दिँदै मतदाता। २. ग्वार्कोमा सुरक्षा जाँच गर्दै नेपाल प्रहरी। ३. जोरपाटीको चामुण्डा मावि केन्द्रमा मतदान गर्दै अपांगता भएका मतदाता। ४. सिराहा नगरपालिका- ४ रमौलास्थित माध्यमिक विद्यालय केन्द्रमा मतदानका लागि लाइन लागेका मुस्लिम महिला। ५. मतदानका लागि भक्तपुर बहुमुखी क्याम्पसमा लामबद्ध मतदाता। ६. शारीरिक रूपमा कमजोर बैतडीकी ८५ वर्षीया चन्द्रदेवी विष्टलाई घोडामा चढाएर मतदान गराउन पुर्चौडी नगरपालिका- ८ नेपाल राष्ट्रिय मावि लगिँदै। ७. कञ्चनपुरको शुक्लाफाँटा नगरपालिकाको दैजीस्थित शारदा मावि मतदानका लागि लामबद्ध मतदाता। ८. तनहुँ बन्दीपुर-१ पवित्रा मावि मतदान केन्द्रमा मतदानपछि ११ किरियापुत्री। ९. १०६ वर्षीया मानकुमारी पाण्डे मन्थली नगरपालिका- १२ गेलुको सिक्राल मतदान केन्द्रमा मत खसाल्दै । १०. झापाको कमल गाउँपालिका- ३ स्थित सहिद धर्मभक्त मावि मतदान केन्द्रमा मतदान गर्दै ९९ वर्षीय वृद्ध ओमनाथ भट्टराई। ११. जुम्लाको सिंजा गाउँपालिका- ३ नराकोटस्थित भैरव मावि केन्द्रमा मतदान गर्दै मतदाता। १२. वसन्तपुर दरबार क्षेत्रबाट मतपेटिका मतगणनास्थलतर्फ लगिँदै।

तस्बिरहरू : अमुल थापा, दीपेन्द्र ढुंगाना, संजित परियार, सुरेन्द्र कामती, लोकेश साउद, मोहन विष्ट, दीपक भट्ट, चिरञ्जीवी धिमिरे, मानदत्त रावल र उपेन्द्र खनाल/नयाँ पत्रिका

■ आशा र अपेक्षासहितको भोट मतपेटिकामा

सहिद परिवारको आशा : अब सरकारले हामीलाई न्याय दिनेछ

शिवहरि धिमिरे/नयाँ पत्रिका

८६ वर्षीय सत्यराम खड्का हिँड्दै बिहीबार बिहानै डिल्लीबजारस्थित विजय स्मारक मावि‌मा रहेको मतदान केन्द्र पुगे। नाति पुस्ताका कुरा सुनेर मतदान गरेको उनले सुनाए। 'यतिका वर्ष मैले मतदान गरँ, हुन पनि वृद्धभत्ता आइरहेको छ। तर, म बिरामी पर्दा अस्पताल लैजाने र म मर्दा मलामी जाने छोराछोरी यहीँ बसून् भन्न चाहन्छु, त्यसैले मैले नातिको कुरा सुनेर मतदान गरे,' खड्काले भने, 'बुढेसकालमा छोराछोरी विदेश पठाएर बुढाबुढी एक्लै हुनुको पीडा अब बन्ने सरकारले बुझोस्, छोरानातीलाई यही बस्ने स्थिति बनोस्।'

मतदान केन्द्रमा आउने मतदाता उत्साहित देखिन्थे। बिहानैदेखि लामबद्ध मतदाता आफ्नो कर्तव्य ठान्दै मत दिन व्यस्त थिए। लामो लाइन र टाढाटाढाबाट धाएर मत दिएका उनीहरूको एउटै स्वर थियो- अब देशमा सुशासन आउनुपर्छ, युवालाई अवसरका ढोका खुल्नेछन्।

डिल्लीबजारस्थित विजय स्मारक स्कुलमा मतदान गर्न आएकी दिया मैनालीले आफूले सुशासन र परिवर्तनको पक्षमा मतदान गरेको सुनाइन्। 'मैले पहिलोपटक भोट हालेकी छु, उहाँहरूको घोषणापत्र जे थियो, त्यहीअनुसार काम भइदिए हुन्थ्यो भन्ने लागेको छ,' उनले भनिन्, परिवर्तनका लागि मत दिएकी हुँ।' सोही ठाउँमा भेटिएका पुष्कर बस्नेतले आफ्नो मतको सदुपयोग हुनेपर्ने बताए। 'अब जो आए पनि हाम्रो मतको सदुपयोग हुनुपर्‍यो, देशमा विकास गर्नुपर्‍यो,' उनले भने, 'नागरिकको हिसाबले मैले मत दिएको छु, देशमा शान्ति सुशासन होस्, विदेशमा रोजगारका लागि जान नपरोस्।'

बौद्ध महांकालस्थित जनकल्याण मावि‌मा मतदान गर्न पुगेका कुबेर लामाले पनि आफ्नो मतको कदर बन्ने सरकारले गर्नुपर्ने बताए। 'हाम्रो मत खेर नजाओस् हामीले मत दिएर पठाएका व्यक्तिले आफ्नो कतर्व्य नविर्सिउन, आफ्ना घोषणापत्रमा रहेर काम गरोस्, मुख्यत जेनजी आन्दोलनका घाइते र मृतकका परिवारलाई हेरेर काम गरोस्,' उनले भने, 'जेनजी आन्दोलन सुशासनका लागि थियो, सोही आन्दोलनमा त्यतिधेरै कलिला नानीबाबुहरूको ज्यान गयो, सहिदहरूलाई भुल्ने काम नहोस्।'

सातदोबाटोस्थित महेन्द्र आदर्श मावि‌मा मत खसालेका राजु थापाले पनि आफ्नो मतले देशलाई सुशासन दिनुपर्ने बताए। 'अब त सुशासन आउँछजस्तो लाग्छ, किनभने कलिला बालबालिकाले बलिदान दिएर चुनाव भयो, अब बन्ने सरकारले भ्रष्टाचार अन्त्य गर्ने गरी काम गरोस्,' उनले भने, 'विगतमा जसरी भ्रष्टाचार गरेर आमजनतालाई दुःख दिने र देशलाई नै गतल बाटोतर्फ लैजाने काम गरोस्।'

नयाँबानेश्वरस्थित सहकारी विभागमा रहेको मतदान केन्द्रमा मत खसालेका सन्तोष नेपालले पनि अब बन्ने सरकारले जेन-जी आन्दोलनको बलिदानलाई ख्याल गर्नुपर्ने बताए। 'म मतदान गर्नका लागि विदेशबाट आएको हुँ, तर मैले दिएको मत भोलि खेर नजाओस् मैले मत दिन जति महत्त्वपूर्ण ठानेँ भोलि सरकारमा जानेहरूले पनि आफ्नो दायित्व त्यत्तिकै महत्त्वपूर्ण ठानून्,' उनले भने, 'तर राज्यशक्ति दुरुपयोग गर्ने, युवाहरूको चाहना नबुझ्ने र भ्रष्टाचार गर्ने कार्य नगरून्।'

रोजगारी, व्यवसाय र अध्ययनको शिलशिलामा काठमाडौं उपत्यकामा रहेका ९ लाख २० हजार मानिस जिल्ला पुगेका थिए। 'म विद्यार्थी हुँ, काठमाडौंमा होस्टेलमा बसेर पढ्दै आइरहेको थिएँ, तर मतदान गर्नुपर्छ भन्ने आफ्नो कर्तव्य ठानेर कपिलवस्तु पुगेको छु,' कपिलवस्तुस्थित चन्द्रौटामा मतदान गरेका आशिष अधिकारीले भने।

उपत्यकाका तीनवटै जिल्लामा खस्यो उत्साहजनक मत

काठमाडौं/ उपत्यकाका तीनवटै जिल्लामा उत्साहजनक मत खसेको छ। १० निर्वाचन क्षेत्र रहेको काठमाडौंमा ६७.१ प्रतिशत, तीन निर्वाचन क्षेत्र रहेको ललितपुरमा ६८.३३ र दुई निर्वाचन क्षेत्र रहेको भक्तपुरमा ७० प्रतिशत मत खसेको हो। जिल्ला निर्वाचन कार्यालय ललितपुरका प्रमुख गोमा धमलाका अनुसार ललितपुर १ मा ५२ हजार ६३२ मत, २ मा ६१ हजार ९७५ मत र ३ मा ६९ हजार ३९१ म्त खसेको छ। ललितपुरको मतगणनाका लागि ललितपुर-१ को गोदावरी नगरपालिकामा, २ को सातदोबाटोमा नार्क भवनमा र ३ को जावलाखेल स्थानिय विकास प्रशिक्षण प्रतिष्ठानलाई मतगणना स्थल बनाइएको छ।

दुईवटा चुनावी क्षेत्र रहेको भक्तपुरमा ७० प्रतिशत मत खसेको छ। क्षेत्र नम्बर १ मा ७६ हजार ५ सय र २ मा ७० हजार मत खसेको भक्तपुरका मुख्य निर्वाचन अधिकृत नवराज दाहालले बताए।


भक्तपुर बहुमुखी क्याम्पसमा मतदानका लागि लामबद्ध मतदाता : तस्बिर : अमुल थापा/नयाँ पत्रिका

काठमाडौं १ को मतगणना नयाँबानेश्वरस्थित सहकारी विभागको कार्यालय, २ को कागेश्वर मनोहरा नगरपालिका, ३ को चामुण्डा मावि नारायणटार, ४ को बुढानीलकण्ठ नगरपालिका २ ज्येष्ठ नागरिक कार्यालय, ५ को टोखास्थित श्रीसमाज भवन, ६ को तार्केश्वर नगरपालिका धर्मस्थली, ७ को जुडो हल नयाँबजार, ८ को जनउद्धार मावि हरिसिद्धी, ९ को चन्द्रागिरिनगरपालिका, बलम्बु र १० को त्रिभुवन विश्वविद्यालय स्मृति भवन कीर्तिपुरमा हुनेछ।

सहिद परिवारको आशा : अब आउने सरकारले हामीलाई न्याय दिनेछ

जेन-जी आन्दोलनमा गोली लागेर नयाँबानेश्वरमा ज्यान गुमाएका २२ वर्षीय रसिक खतिवडाकी आमा रचना खतिवडाले बिहीबार मन भारी बनाउँदै काभ्रे १ स्थित बाल आदर्श मावि मतदान गरेकी छिन्। जेन-जी आन्दोलनमा विलिन भएका रसिकलाई सम्झँदै उनी भक्कानिइन्। 'मेरो छोरा सुशासन माग्न सडकमा गएको थियो, त्यहीँ गोली हानियो, छोराको मृत्युपछि घायल बनेर बाँच्नुपरेको छ, अब आउने सरकारले हामीलाई न्याय देओस्, जबसम्म न्याय पाउँदैनौं हामी सहिदका परिवार अन्तिमसम्म लड्छौं,' उनले भनिन्, 'हामीले अरू माग गरेका छैनौं, सहिदलाई न्याय दिनुपर्छ भन्ने हो, हाम्रो छोराछोरीलाई गोली हानेर मार्नेलाई कारबाही होस्, अनि बल्ल हामीले न्याय पाउनेछौं।' ४५ जना सहिहको सपना सरकारले पूरा गर्नुपर्ने उनले बताइन्।

जेन-जी आन्दोलनमा गोली लागेर ज्यान गुमाएका श्रीयम चौलागाईंका बुबा गणेश चौलागाईंले अब बन्ने सरकारले सहिदको बलिदानलाई केन्द्रमा राखेर काम गर्नुपर्ने बताए। '७७ जनाको रगत बगेर यो निर्वाचनको अवस्था आएको हो, अब आउने सरकारले सहिदको बलिदान खेर जान दिनुहुँदैन, सहिदको परिवारलाई थप सहिद बनाउने काम नगरोस्,' उनले भने, 'सहिदको परिवारको समस्या हल गरोस्, उनीहरूको आर्थिक अवस्था बुझोस्।'

जेन-जी आन्दोलनका घाइते भन्छन्, घाइतेसँगको १० बुँदे सहमति कार्यान्वयन होस्

जेन-जी आन्दोलनका घाइते प्रकाश बोहराले दैलेखको सरस्वती मावि मतदान केन्द्रमा मतदान गरे। जेन-जी आन्दोलनमा रगत लतपतिएको उनको जुत्ता भाइरल बनेको थियो। पाँच महिना ट्रमा सेन्टरमा उपचार गराएर दैलेखमा मतदान गरेका प्रकाशले आफ्नो मतदान प्रयोग गर्दै अब बन्ने सरकारले जेन-जी आन्दोलनको मर्मलाई बुझेर काम गर्नुपर्ने सुझाब दिए। 'मतदान गर्नु मेरो अधिकार हो, तर यो मतदानलाई मैले अधिकारभन्दा पनि फरक रूपमा लिएको छु, त्यति ठुलो जेन-जी आन्दोलन भयो, धेरैले बलिदान दिनुभयो, सयौँ घाइते हुनुभयो, त्यसैले अहिलेको निर्वाचनको अर्थ छ, मेरो भोट परिवर्तनको पक्षमा हो,' उनले भने, 'अब देशले छिट्टै नै नेतृत्व र निकास पाउनुपर्छ, राजपत्रमा प्रकाशन भएका जेन-जीका १० बुँदे सहमति कार्यान्वयन सरकारले गर्नुपर्छ, विगतको सरकारभन्दा निकै उत्तरदायी हुनुपर्छ।' उनले जेन-जी आन्दोलनमा घाइते भएकालाई अब बन्ने सरकारले बुझ्नुपर्ने बताउँदै जेनजी आन्दोलनको महत्त्वलाई ख्याल गरेर काम गर्नुपर्ने औल्याए।

जेन-जी आन्दोलनका घाइते मुकेश अवस्थीको एउटा खुट्टा नै गुमेका छ। उनले पनि अब बन्ने सरकारले घाइतेसँग यसअघि भएका सहमतीको कार्यान्वयन गर्नुपर्ने बताए। 'जेन-जी आन्दोलनमा अति गम्भीर घाइते हुनुभएकाको जीविकोपार्जन गर्न कठिन छ, कतिपयको अझै उपचार गर्नुपर्छ, रोगजारको समस्या छ,' उनले भने, 'त्यसबारेमा पनि सरकारले चासो दिएर काम गरोस्, यसअघिको १० बुँदे सहमति अक्षरशः पालना गरोस्।'

दार्चुला, दाङ, दोलखा र ओखलढुंगाका पाँच केन्द्रमा 'नो भोट'

दाङमा **दीपक बोहरा**


मतदाता पर्खिएका दाङको तल्लो मलाई केन्द्रका कर्मचारी र सुरक्षाकर्मी।

दार्चुला, दाङ र ओखलढुंगाका पाँचवटा मतदान केन्द्रमा स्थानीयले मतदान बहिस्कार गरेका छन्। दार्चुलाको नौगाड गाउँपालिका- १, को गौरीशंकर मावि नागु मतदान केन्द्र र अपी हिमाल गाउँपालिका- ३, दुधिला आधारभूत विद्यालय झुस्कु, दाङको बबई गाउँपालिका- ७ मलैस्थित देउती मावि तल्लो मलाई, दोलखाको गौरीशंकर गाउँपालिका-९ बेदिङ र ओखलढुंगाको मानेभन्ज्याङ-७, टोक्सेलस्थित शहीद आधारभूत विद्यालय मतदान केन्द्रमा स्थानीयले मतदान गरेनन्। बरु ती केन्द्रमा कर्मचारी र सुरक्षाकर्मीको समानुपातिक मत मात्र खसेको छ। दाङकै जनता मावि जिलामा पनि ६८२ मध्ये १० मत मात्रै खसेको छ।

किन भयो बहिष्कार ?

दार्चुलाका नागुका बासिन्दाले गाउँमा मोटरबाटो पुऱ्याउनुपर्ने र दुधिलाका स्थानीयले वडाको केन्द्र टाढा भएकाले वडा विभाजन हुनुपर्ने माग गर्दै निर्वाचन बहिष्कार गरेका हुन् । जिल्ला निर्वाचन कार्यालयका अनुसार गौरीशंकर मावि मतदान केन्द्रमा ६०२ र दुधिला आधारभूत विद्यालय मतदान केन्द्रमा ३४६ मतदाता थिए। स्थानीयले चुनाव बहिष्कार गरेपछि रित्ता मतपेटिका लिएर निर्वाचनमा खटिएका कर्मचारी सदरमुकामका लागि फर्किएका निर्वाचन कार्यालयले जनाएको छ।

यी दुई केन्द्रमा खटिएका कर्मचारी र सुरक्षाकर्मीले मात्र समानुपातिकतर्फ मतदान गरेका छन्। नागुमा समानुपातिकतर्फ नौ र झुस्कुमा आठ मत खसेका जिल्ला निर्वाचन अधिकारी प्रदीपसिंह धामीले बताए। 'त्यहाँ खटिएका कर्मचारीले समानुपातिकतर्फ मतदान गरेका हुन्, स्थानीय मतदाता मतदानमा सहभागी भएनन्,' उनले भने।

उनका अनुसार सुदूरपश्चिम प्रदेशका मुख्यसचिव, प्रमुख जिल्लासहित अधिकारीले स्थानीयका मागबारे यसअघि छलफल गरे पनि सहमति हुन सकेको थिएन।

स्थानीय राजनीतिक दलहरूले पनि निर्वाचनमा सहभागी हुन स्थानीयलाई आग्रह गरेका थिए। तर, सरकार र राजनीतिक दलप्रतिको आक्रोशस्वरूप मतपेटिका रित्तो फर्काइदिएको संघर्ष समिति नागुका संयोजक करनसिंह डडालले बताए। नौगाड-१, मै रहेको भूमिराज मावि एअरपोर्ट तथा अपीहिमाल- ३, कै सुर्माभवानी आधारभूत विद्यालय थुम्ती र हिमालय आधारभूत विद्यालय पाथा मतदान केन्द्रमा भने मतदान भएको जिल्ला निर्वाचन अधिकारी धामीले बताए।

दार्चुलामा कुल मतदाताको ५३.७६ प्रतिशत मत खसेको छ।

त्यस्तै, दाङमा बाँके राष्ट्रिय निकुञ्ज प्रभावित नागरिकले मतदान कार्य बहिष्कार गरेका हुन्। यहाँका नागरिकले चुनावको एक महिनाअघि नै बस्ती स्थानान्तरण नभए निर्वाचन बहिष्कार गर्ने घोषणा गरेका थिए।

स्थानीयहरू आफ्नो गुनासो कसैबाट सुनुवाइ नभएपछि चुनावमा सहभागी नहुने अडानसहित निर्वाचन बहिष्कार गरेको बस्ती स्थानान्तरण संघर्ष समितिका अध्यक्ष चन्द्रबहादुर सारूमगरले बताए। उनका अनुसार जंगली जनावरले आफूले लगाएको बालीनाली खाइदिने, घरपालुवा जनावर खाइदिने, बालबालिकालाई डर हुने अवस्था रहेको छ। त्यहाँ ५३० मतदाता थिए।

त्यस्तै, बबई १ मा पर्ने जनता मावि जिलामा पनि १० मत मात्रै खसेको छ। दिउँसो १ बजेसम्म मत नखसेपछि स्थानीय प्रशासनले समन्वय गरेको थियो। त्यसपछि ६८२ मध्ये १० जनाले मात्र मतदान गरेका हुन्।

दोलखाको गौरीशंकर गाउँपालिका-९ बेदिङका मतदाताले पनि मतदान बहिस्कार गरेका छन्। यहाँ १९३ मतदाता थिए। तर, आफ्ना समस्या सुनुवाइका लागि उम्मेदवार नै नआएको भन्दै उनीहरूले मत खसालेनन्।

मतदान अधिकृतसहितका कर्मचारी साँझ ५ बजेसम्म मतदातालाई कुरेर बसेका थिए। मतदाताले निर्वाचन बहिष्कार गरेसँगै सो बुथमा प्रत्यक्षतर्फ मत नखसेको प्रमुख जिल्ला अधिकारी हरिप्रसाद घिमिरेले बताए।

यसैगरी, ओखलढुंगाको मानेभन्ज्याङ-७, टोक्सेलस्थित शहीद आधारभूत विद्यालय मतदान केन्द्रमा स्थानीयले मतदाताले मतदान गरेनन्। कुल ७०१ मतदाता नामावलीमा रहे पनि, प्रदेश सरकारले अस्पताल निर्माणका लागि बजेट नदिएको विरोधमा स्थानीयले मतदान बहिष्कार गरेका हुन्। ०७४ मै १६५ रोपनी जग्गा हस्तान्तरण गरिए पनि ९९ करोड बजेटको प्रस्तावित अस्पताल योजना अलपत्र परेको भन्दै आक्रोशित स्थानीयले 'नो भोट'को नीति अपनाएका हुन्।

कहाँनिर चुक्यो हाम्रो नागरिक शिक्षा ?

हाम्रा हरेक आनीबानी सुधार्न नागरिक चेतना बढाउन जरुरी छ र नागरिक चेतना वृद्धि नागरिक शिक्षाबाट मात्र सम्भव छ



● रमेशप्रसाद गौतम

अग्रलेख

नेपाल यतिखेर चरम संकटबाट गुज्रिरहेको छ। २३ भदौको सडक प्रदर्शनका क्रममा भएको नृशंस हत्यापछि उत्पन्न अराजकता र विध्वंसले देशको राजनीतिमा ठुलो उथलपुथल ल्यायो। यसमा जेन-जी पुस्ताले देशमा बढ्दो बेथिति र भ्रष्टाचारविरुद्ध शान्तिपूर्ण आन्दोलन आह्वान गरेको थियो। तर, यही आन्दोलन नै पछि विध्वंस र विद्रोहमा परिणत हुन पुग्यो। परिणामतः देशभर विध्वंसको शृंखला नै मच्चियो।

जेन-जीले मुलुकमा सुशासन र भ्रष्टाचार अन्त्यका लागि आह्वान गरेको आन्दोलनमा इतिहासकै सबैभन्दा ठुलो क्षति भयो। अहिले जनजनमा त्रास, पीडा र आशंकाका अनेक परिदृश्य सलबलाइरहेका छन्। इतिहासका कालखण्डमा अनेकन युद्ध तथा महायुद्धका घटना नघटेका होइनन्। तर, ती युद्ध र महायुद्धको निष्कर्ष कहिल्यै सकारात्मक भएको देखिन्न। आजसम्मका घटनामा यस्ता युद्ध र विद्रोहले मानव सभ्यतामा थप आघात र विश्व निर्माणमा क्षतिबाहेक केही उपलब्धि भएको पाइँदैन। यसर्थ शान्ति, सहिष्णुता र सहयोग नै मानव जीवनका सुन्दर पक्ष हुन्।

आजका जेन-जी पुस्तामा शान्ति र सहयोगका भावनाबाट अगि बढ्न सकारात्मक सन्देशको खाँचो देखिन थालेको छ। यी कलिला भाइबहिनीमा देशको माया भएर नै आज बढ्दो अनियमितता, दण्डहिनता, भ्रष्टाचारविरुद्ध आवाज उठाउँदा तिनले गोली खानुपर्ने स्थिति आयो, यो नै ठुलो दुर्भाग्य हो। देशमा राजनीतिक नेतृत्व अक्षम, कमजोर र स्वार्थी हुँदै गएकाले नै यो स्थिति आएको हो। यस्ता शक्तिलाई सत्ताच्यूत गर्नु गलत होइन। तर, यही आन्दोलनका नाममा घुसपैठ गरी राष्ट्रिय सम्पत्तिको अकल्पनीय क्षति गराउनु अपराध हो। यसको पूर्ति हुन अत्यन्त कठिन छ। तथापि संयम र धैर्यपूर्वक सबै पक्षले काम गर्ने हो भने यो असम्भव भने छैन।

विद्यालयमा पढ्ने ससाना बालबालिकादेखि नै शान्ति र सहिष्णुताको शिक्षा दिनु जरुरी छ। यसै सन्दर्भमा युनेस्कोले भनेको छ– हरेक बालबालिकाको मन-मस्तिष्कमा शान्ति र सहयोगको बिज रोपिदिन सकियो भने त्यो सबैभन्दा उत्तम र प्रभावकारी कार्य हुन्छ। यसरी बालबालिकाको सानै उमेरदेखि मनभित्र शान्तिको बिउ अंकुराएपछि भोलि जीवनभर सहयोगी र सहिष्णु नागरिक बन्ने निश्चित छ। तिनैले गर्नेछन्, असल नागरिक बनेर देशको सेवा।

आज हामीले देखिरहेका छौं, आममानिसमा धैर्य र संयम खल्बलिएको छ। कति मानिसको सार्वजनिक व्यवहार निकै कमजोर देखिन्छ। बसपार्कमा बस चढ्दा लाइनमा बसेर चढ्ने धैर्य धेरैमा देखिन्न। त्यस्तै, पसलमा किनमेल गर्न जाँदा आफूभन्दा अगाडि अरू नै कोही छ भने उसलाई उछिनेर आफैं पहिला सामान किन्न अग्रसर हुने बानी छ हाम्रो। यस्ता धेरै घटनामा सार्वजनिक व्यवहार एवं प्रवृत्तिका आधारमा हाम्रो नागरिक चेतनाको मूल्यांकन गर्न सकिन्छ। यस्ता घटना अस्पताल होस् या विमानस्थल, ट्राफिकमा होस् या मन्दिरमा, अरूलाई उछिन्ने पर्ने प्रवृत्ति बढ्दो छ। मोबाइलमा घन्टौं अर्थहीन गफ गरेर या काम न काजका रिल हेरेर अल्मलिने हामी धैर्य गर्नुपर्ने ठाउँमा भने चुकिरहेका छौं। ठुलो स्वरले कराउने, रेडियो, टिभी ठुलो आवाजमा बजाउने र छरछिमेकीलाई झर्को लगाउने प्रवृत्ति जताततै देख्न सकिन्छ। अझ हामीमध्ये कतिपय त विदेश जाँदा त्यहाँको अनुशासन, फोहोरमैला व्यवस्थापनलगायत धेरै राम्रा कुरा अभ्यास गरेर नेपाल फर्केपछि त्यस्ता अभ्यास बिर्सिने धेरै देखिन्छन्।

हाम्रा गाडीचालकहरूले जेब्राक्रसबाट पैदलयात्रु क्रस गर्दैगर्दा हतारमा गाडी कुदाएर ठक्कर दिनेसमेत गरेका छन्। झन् पैदल यात्रुहरूले पनि जेब्राक्रसबाट बाटो काट्नुपर्नेमा जुनसुकै ठाउँबाट जथाभावी काट्ने गरेको देखिन्छ। यसरी हामी धेरैमा सामान्य नागरिक चेतना र संस्कार पनि बस्न सकिरहेको छैन।

स्थानीय सरकारले यस ठाउँमा फोहोर नफाल्नु भनी लेखिएका बोर्डहरू राखिएकै स्थानमा फोहोर फ्याँक्ने गरेका कैयौं दृश्य देख्न पाइन्छ। बसमा चढ्दा ज्येष्ठ नागरिक, अपांगता या महिला सिट लेखिएको भए पनि कतिपयले बेवास्ता गरी सो नियम पालना गरेको पाइँदैन। घरको फोहोर नजिकैको फोहोर फ्याँक्ने कन्टेनरमा नफ्याँकी जताततै फ्याँक्ने हामीमध्ये धेरै छौं। बैंकमा काउन्टरमा जानुअघि टोकन लिने र पालो पर्खिने चेतनाको समेत अभाव देखिन्छ। हाम्रा यस्ता हरेक आनीबानी सुधार्न नागरिक चेतना बढाउन जरुरी छ। नागरिक चेतना वृद्धि नागरिक शिक्षाबाट मात्र सम्भव छ।

बाटोमा हिँड्दा अन्य नागरिकलाई धक्का लगाउनु, बिच सडकमा उभिएर गफ गर्नु, नचाहिने वादविवाद



गरेर वरपरका साथीभाइलाई असर पार्नु, रातमा ठुलो आवाजले टिभी हेर्नु, बुबाआमाले केटाकेटीका अगाडि आफ्ना घरायसी गलफत्ती गर्नु आदि असल नागरिकका गुण होइनन्। नागरिकमा असल आचरण विकास हुन सकेन भने व्यवहारमा शिष्टता, सभ्यता र सुसंस्कार पाउन सकिँदैन। सभ्य नागरिक समाजको निर्माण नागरिक शिक्षाको ज्ञानबाट मात्र सम्भव हुन सक्छ।

गत २३ र २४ भदौमा जेन-जीको नेतृत्वमा भएको आन्दोलनमा जेन-जीबाहिरबाट घुसपैठ भई देशभर भएको तोडफोड, आगजनी, लुटपाट र हिंसाले बालबालिकाको मनोविज्ञानदेखि समग्र देशको अर्थतन्त्र नै डामाडोल भएको छ। कतिपय औद्योगिक संस्थासमेत तोडफोड र लुटपाटको सिकार भएका छन्। ती पुनः सञ्चालनमा आउन समय लाग्ने र ठुलो रकम खर्च हुने देखिन्छ। यसबाट हजारौंले रोजगारीसमेत गुमाउन पुगेका छन्।

> हाम्रो देशका जिम्मेवार तहका नेतृत्वदायी राजनीतिक दल, नेता, कार्यकर्ता सबैको बानी-व्यवहार र क्रियाकलाप हेर्दा तिनमा नागरिक चेतनाको स्तर कमजोर देखिन्छ

जेन-जी आन्दोलनका नाममा भएका विध्वंसका घटनाले कैयौंको व्यक्तिगत सम्पत्ति, विद्यालय, कलेज, होटेल, व्यापारिक केन्द्रका साथै राज्यका महत्त्वपूर्ण निकाय संसद् भवन, सिंहदरबार, सर्वोच्च अदालतमा समेत आगजनी भयो। साथै, जिल्लाका सरकारी कार्यालय र कतिपय अदालतसमेतमा आगजनी गरियो। यसबाट पनि हामीमा नागरिक चेतनाको कमी भएको स्पष्ट देखिन्छ।

यस्तो अवस्थामा अन्य मुलुकले समेत हाम्रो नागरिक चेतनामाथि औंला उठाउने ठाउँ सहजै पाउने देखिन्छ।

यस्ता घटनाका कारण अन्य मुलुकमा नेपाल असुरक्षित छ भन्ने भावना बढ्ला भन्ने पक्षतर्फ पनि हाम्रो ध्यान जानु जरुरी छ। उनीहरूमा हाम्रो देशमा कुशासनमा मौलाएको छ भन्ने छाप पर्नु हाम्रा लागि लज्जाबोधको विषय हो। यसर्थ, समयमै हरेक नागरिकलाई नागरिक कर्तव्य र दायित्वप्रति सजग गराउनुपर्छ।

नागरिकलाई आफ्नो अधिकार र कर्तव्यको बोध गराउने दायित्व शिक्षाकै हो। अहिले हाम्रो देशका जिम्मेवार तहका नेतृत्वदायी राजनीतिक दल, नेता, कार्यकर्ता सबैको बानी व्यवहार र क्रियाकलाप हेर्दा नागरिक चेतनाको स्तर कमजोर भएको छर्लंग देखिन्छ।

शिक्षाले कस्तो भूमिका निर्वाह गर्ने हो ? आमनागरिकसम्म शिक्षाको पहुँचका साथै तिनको चेतना वृद्धि कसरी गर्ने हो ? हाल देखा परेको नागरिक चेतनाको स्तर कसरी कमजोर भयो ? आदि विषय मनन गरी वर्तमान शिक्षा प्रणालीमाथि नै गम्भीर समीक्षा जरुरी छ। अहिलेसम्म शिक्षाको राष्ट्रिय उद्देश्य के-कति हासिल भए वा नागरिकमा त्यसले के-कस्तो प्रभाव पारिरहेको छ भन्ने विषय पनि मननीय देखिन्छ। देशभित्र घटिरहेका अनेक घटनालाई मध्यनजर गरी साँच्चिकै हाम्रो शिक्षा प्रणालीमाथि विमर्श गर्ने हो भने यसका कमी-कमजोरी पहिल्याएर सुधारको बाटो खोज्न बल पुग्छ।

नागरिक चेतनाबाट असल र चरित्रवान् नागरिक निर्माण गर्न सकिनेमा दुईमत छैन। नागरिकले आफूले के काम गर्ने ? के नगर्ने ? के काम गर्दा अरूको काममा बाधा पुग्दैन ? के गर्दा अरूलाई असर पर्छ ? यावत् विषयमा नागरिक कर्तव्यसम्बन्धी व्यवस्था व्यवहारमा उतार्न नागरिक शिक्षालाई प्राथमिकतासाथ अगि बढाउनु जरुरी छ। मानिस स्वयं सामाजिक प्राणी भएकाले ऊ समाजको सदस्य पनि हो। उसले समाज र राष्ट्रप्रति आफ्नो दायित्व छ भन्ने कुरा भुल्नुहुँदैन। उसले कोही कसैमाथि विभेद नगरी सम्मानजनक व्यवहार सिक्नुपर्छ। यसका लागि हरेक नागरिकमा आफ्नो पेसागत प्रतिबद्धताका साथै नैतिकता र आचरणको पालना गर्नु नै असल नागरिकको गुण मान्न सकिन्छ। यसका लागि नागरिक चेतनाको विकासमा नागरिक शिक्षाको भूमिका ठुलो हुन्छ।

हुन त विद्यालय शिक्षाको कक्षा ४ देखि १० सम्मको सामाजिक अध्ययन विषयमा नागरिक चेतना विषयका एकाइ राखिएका छन्। तर, यसभित्र अत्यावश्यक धेरै कुरा समेटिएको देखिँदैन। त्यहाँ थोरै एकाइ र पाठ छन्। शीर्षक हेर्दा आकर्षक देखिए पनि केटाकेटीलाई नागरिक ज्ञान, सिप र चेतना बढाउन पर्याप्त देखिँदैन। सतही सैद्धान्तिक ज्ञानका विषय उल्लेख भए पनि व्यावहारिक र कार्यान्वयन पक्षको कमी देखिन्छ। यसर्थ, सानै कक्षादेखि उच्च शिक्षासम्म नागरिक शिक्षाको पाठ् यक्रममा सुधारको खाँचो छ।

नागरिक शिक्षाको सुरुवात विद्यालय शिक्षा प्रणालीबाट आरम्भ गरिनुपर्छ। यसैमा सामाजिक मूल्य-मान्यता निर्माणको उद्घोष पनि हुन्छ। यसै सन्दर्भमा म्याक्स वेबरले कानुन, विधान, विधि, पद्धति र प्रणालीमा आधारित तन्त्र निर्माणमा जोड दिएका छन्। आगामी दिनमा हुने भ्रष्टाचारविरोधी आन्दोलन हिंसात्मक नभई तर्क, बहस र नीतिमा आधारित हुनुपर्छ। नेपालको जेन-जी विद्रोहको पृष्ठभूमि र कारक पक्ष भनेकै तत्कालीन सरकारका गैरजिम्मेवार रबैया र भ्रष्टाचारका गतिविधि नै हुन्। राजनीतिक दल र नेताहरू जनताको मतद्वारा सत्तामा पुगेर जनताप्रति नै अनुत्तरदायी बन्दै मनी, मसल र सत्ताको उन्मादमा रमाउन थाल्नुको परिणामबाट जेन-जी आन्दोलनको उदय भयो र सरकार सत्ताच्यूत हुन पुग्यो।

लोकतान्त्रिक प्रक्रिया र विधिको शासनविना भ्रष्टाचार हटाउन सकिँदैन। हुन त राजनीतिक पक्षबाट हेर्दा यति वेला हिजो जे हाम्रा नेताले रोपेका थिए, आज त्यसैको फल पाएको महसुस हुन्छ। तर, नेतृत्वको गलत कार्यले राष्ट्रले सधैं दुःख व्यहोर्नु गलत हो। सबैमा चेतना जगाउन हरेक घर, परिवार, समुदाय समाज र मिडियाले पनि आफ्नो जिम्मेवारी पूरा गर्नुपर्ने हुन्छ। विद्यालय तथा समुदायसँगै राजनीतिक नेतृत्वले समेत सकारात्मक भूमिका खेली नागरिक शिक्षाको ज्ञान र सिपलाई आत्मसात् गर्नु जरुरी छ।

(नेपाल सरकारका पूर्वउपसचिव गौतम शिक्षाविद् हुन्)

---

३ प्रश्न

राजनीतिक विश्लेषक **झलक सुवेदी**लाई



गैरनागरिक सरकारबाट लोकतान्त्रिक निर्वाचन सम्पन्न हुनुलाई कसरी हेर्नुभएको छ ?

सुशीला कार्की नेतृत्वको सरकार अत्यन्त अप्ठ्यारो अवस्थामा गठन भएको थियो। यो सरकारले पाएको निर्वाचन सम्पन्न गराउनुपर्ने जिम्मेवारी पूरा गर्ला या नगर्ला भन्नेमा अनेकौं आशंका र प्रश्नहरू थिए। राजनीतिक दल र नेतृत्वबाटै पनि निर्वाचन हुनेमा थुप्रै आशंका व्यक्त गरिएका थिए। तर, कार्की नेतृत्वको सरकारले शान्तिपूर्वक निर्वाचन सम्पन्न गराएपछि ती सबै आशंकाहरू मेटिएका छन्। यसले निर्वाचन होला या नहोला भनेर उठेका प्रश्नको जवाफ दिएको छ। यो निर्वाचनले लोकतन्त्रलाई लिकमा ल्याएको छ। अब मतगणनापछि नयाँ जनादेश लिएर लोकतान्त्रिक सरकार गठन हुनेछ। यस सफलताका लागि प्रधानमन्त्री कार्की र उहाँको सरकारलाई बधाई तथा धन्यवाद दिनुपर्छ।

कतिपय स्थानमा मतदाताले एक मत पनि नखसाल्नुले के संकेत गरेको छ ?

देशका केही मतदान केन्द्रमा मतदाता उपस्थित नै नहुनुले स्थानीय मुद्दा, माग या सरोकारमा सरकार र स्थानीय नेताहरूले ध्यान दिन नसकेको संकेत गरेको छ। स्थानीय नेतृत्व र स्थानीय जनताबिच तथा राज्य र स्थानीय जनताबिच संवाद हुनुपर्थ्यो। तर, त्यो हुन नसकेको र जनता उनीहरूका कारण असन्तुष्ट भएको संकेत हो यो। यसलाई निर्वाचनको बहिष्कार भन्नुभन्दा पनि स्थानीय जनताको दबाबका रूपमा बुझ्नु ठिक हुन्छ।

यो निर्वाचनले देशलाई निकास दिनेमा कति आशावादी हुनुहुन्छ ?

व्यक्तिगत रूपमा भन्नुपर्दा मचाहिँ त्यति धेरै आशावादी छैन। तैपनि, निर्वाचनमा व्यक्त जनादेशलाई स्विकार्नुको विकल्प छैन। यो निर्वाचनबाट जनादेश लिएर आउने शक्तिले देश र जनताका मुद्दालाई कसरी सम्बोधन गर्छ ? पुराना शक्तिहरूसितको सम्बन्ध कस्तो रहन्छ ? यसले आगामी राजनीतिक दिशा निर्धारण गर्छ। निर्वाचित भएर आउने शक्तिले परिपक्व राजनीति देखाउँछ कि देखाउँदैन, त्यसले पनि धेरै कुरा निर्धारण गर्नेछ।

प्रेरक प्रसंग

पेटको ज्वाला

एक समय स्वामी विवेकानन्द अमेरिका भ्रमणमा थिए। अमेरिकाका विभिन्न स्थानमा उनको प्रवचन चलिरहेको थियो। त्यहाँ उनी एक महिलाको घरमा अतिथिका रूपमा बसेका थिए। उनी आफ्ना लागि आफैं खाना बनाउँथे।

एक दिन प्रवचन र लामो यात्राबाट थकित भएर विवेकानन्द निवास फर्किए। निवासमा फर्केपछि हातमुख धोएर फ्रेस भइसकेपछि उनले रोटी, तरकारी तयार गरे। उनी जहिल्यै केही बढी नै रोटी तरकारी तयार गर्थे। उनको निवासमा भोका केटाकेटी आइरहन्थे। उनी तिनलाई खुवाउन पाउँदा निकै आनन्दित हुन्थे।



त्यस दिन पनि उनको रोटी तरकारी तयार हुँदानहुँदै कताकताबाट केटाकेटीको झुन्ड आइपुग्यो। उनी ती केटाकेटीलाई रोटी तरकारी खुवाउन थाले। त्यो दिन अलि बढी नै केटाकेटी आएका थिए। त्यसैले, उनले तिनलाई खुवाउँदा खुवाउँदै सबै रोटी र तरकारी सकियो। उनले केटाकेटीलाई रोटी तरकारी खुवाएको दृश्य उनकी घरधनी महिलाले हेरिरहेकी थिइन्। केटाकेटी गइसकेपछि उनले सोधिन्– स्वामीजी, तपाईंले दुःखले तयार गरेको सबै रोटी, तरकारी त केटाकेटीले खाइदिए। अब तपाईं के खाएर आफ्नो पेट भर्नुहुन्छ ?

घरधनीको प्रश्न सुनेपछि मुसुक्क हाँस्दै विवेकानन्दले भने– माता, रोटी त पेटको ज्वाला शान्त पार्ने वस्तु न हो। के फरक पऱ्यो त ? आखिर यो पेटको ज्वाला शान्त पार्न नपाए पनि मैले तयार गरेको रोटी, तरकारीले ती ससाना बालबालिकाको पेटको ज्वाला त शान्त पाऱ्यो नि ! आखिर लिनुमा भन्दा त दिनुमै बढ्ता आनन्द हुन्छ नि, होइन र ?

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

मत किन खसेन ?

देशभरका केही मतदान केन्द्रमा शून्य मत खसेको समाचार सुनियो। ती केन्द्रमा किन मतदाताले मत खसालेनन् ? यसको कारण तत्काल खोजी गरिनुपर्छ। मतदाता यति विघ्न असन्तुष्ट हुनु भनेको उनीहरूको राजनीतिक दल र राज्य संयन्त्रमाथिको विश्वासको कडी टुट्नु हो। नत्र धेरथोर जति भए पनि मत अवश्यै खस्ने थियो। यसरी मतदाता रुष्ट हुनुको कारण के हो ? कसका कारण उनीहरू यसरी रुष्ट भए ? त्यसको खोजी गरी भविष्यका लागि उनीहरूमा आशा र भरोसा जगाउन सकिएन भने यसको प्रभाव देशका अन्य भूभागका अन्य मतदान केन्द्रमा पनि पर्न सक्छ। सरोकारावाला सबैले यसलाई गम्भीरतापूर्वक लिने काम गरुन्।

● **सुरुचि पौडेल**, बाँसबारी, काठमाडौं

हुलदंगा गर्नेलाई कारबाही गर

बिहीबारको निर्वाचनमा देशभरिका अधिकांश स्थानमा शान्तिपूर्ण रूपमै मतदान सम्पन्न भए पनि केही मतदान केन्द्रमा भने झडप भएका, मतपत्र लुटिएका, गुन्डागर्दी गरिएका समाचार सुनिएका छन्। मतदानजस्तो पवित्र र महत्त्वपूर्ण कार्यमा अवरोध पुऱ्याउन खोज्ने जुनसुकै दलका नेता, कार्यकर्ता भए पनि तिनलाई कानुनी कठघरामा उभ्याउनै पर्छ। साथै, हुलदंगा गर्नेको मुखौटो उदांगो पार्नैपर्छ। त्यसैले, सरकारले त्यस्ता कार्यमा संलग्नलाई पक्राउ गरी कारबाही गरोस्।

● **सुमित यादव**, एकान्तकुना, ललितपुर

सरकारलाई बधाई !

अत्यन्त प्रतिकूल अवस्थामा गठित वर्तमान सरकारले आफूले पाएको मुख्य कार्यभार सफलतापूर्वक सम्पन्न गरेको छ। निर्वाचनको मिति घोषणादेखि निर्वाचनको दिन नआउन्जेल यहाँ जोकोही निर्वाचन हुनेमा ढुक्क थिएनन्। जोसित कुराकानी गर्दा पनि 'निर्वाचन भयो भने' भन्न छुटाउँदैनथे। यस्तो अन्योल र अविश्वासको वातावरणमा पनि निर्वाचन यसरी शान्तिपूर्ण रूपमा सम्पन्न गराउनु सामान्य विषय होइन। त्यसैले, प्रधानमन्त्रीदेखि भगौडाबाहेकका सम्पूर्ण मन्त्रीहरूलाई बधाई छ।

● **अनिशा मगर**, दुवाकोट, भक्तपुर

सफल भएको निर्वाचन

२३ र २४ भदौको जेन-जी विद्रोहले ल्याएको निर्वाचन बिहीबार देशभर एकसाथ सम्पन्न भयो। छिटफुट घटनाबाहेक देशभरको निर्वाचनसम्बन्धी समाचार हेर्दा निर्वाचन शान्तिपूर्ण रूपमै सम्पन्न भएको मान्नुपर्छ। यस अर्थमा निर्वाचनको म्यान्डेड लिएर गठन भएको प्रधानमन्त्री सुशीला कार्की नेतृत्वको सरकारले आफ्नो जिम्मेवारी सफलतापूर्वक सम्पन्न गरेको छ भन्न सकिन्छ।

२१ फागुनअघि गरिएका विभिन्न सर्वेक्षणले नेपाली मतदाता मतदान गर्निकै आतुर देखिएका प्रतिवेदन दिएका थिए। यसपटकको निर्वाचनमा झन्डै ६२ प्रतिशतभन्दा बढी मतदाताले मत खसाल्ने पूर्वानुमान गरिएको थियो। अहिले लगभग सोही प्रतिशतको हाराहारीमै करिब ६० प्रतिशत मत खसेको देखिएको छ। यसरी थोरै नै भए पनि केही कम प्रतिशत मत खस्नुका कारण खोजी गरी सुधार गर्न सके भविष्यमा हुने निर्वाचनहरूमा खस्ने मतको प्रतिशत बढाउन सकिन्छ। यसतर्फ राज्य, निर्वाचन आयोग, राजनीतिक दल, सामाजिक संघसंस्था आदि सबैको ध्यान जानु जरुरी छ। मतदाता सूचीमा नाम भएर पनि मत नखसाल्ने मतदाता देशभित्रै छन् कि देशबाहिर भएकाले उनीहरूले खसाल्न नपाएका हुन्, त्यसको खोजी गरिनु जरुरी छ। स्वदेशमै भएर पनि देशको राजनीतिक प्रणालीप्रतिको असन्तुष्टिले उनीहरू निर्वाचनमा सहभागी नभएका हुन् भने यसमा राजनीतिक दलहरूले ध्यान दिनुपर्छ।मत जेजति खसे पनि यो निर्वाचनले आगामी दिनमा देशलाई एउटा निकास देओस्, जनताका असन्तुष्टि सम्बोधन होस्, २३ र २४ भदौको आन्दोलनले उठाएका माग पूरा गरोस्। देशले शान्तिपूर्ण बाटोबाट अग्रगति प्राप्त गरोस्।

● **सुमना बजिमय**, थली, काठमाडौं

किशोर-किशोरीलाई सामाजिक सञ्जालमा प्रतिबन्ध कति जायज ?

सामाजिक सञ्जालका कारण किशोर-किशोरीहरू भावनात्मक रूपमा कम जोडिएका छन् र ध्यानकेन्द्रित गर्न सकिरहेका छैनन्



देश / विदेश

● नमिता भण्डारे

अहिले किशोर किशोरीमा सामाजिक सञ्जालमा प्रतिबन्ध लगाउनुपर्ने विषयमा चौतर्फी बहस बढेको छ। भारतमा पनि चार राज्यहरूले यसबारे छलफल गरिरहेका छन्। एआईको प्रभावसम्बन्धी शिखर सम्मेलन (एआई इम्प्याक्ट समिट) को छेउमा आइटीमन्त्री अश्विनी वैष्णवले स्वीकार गरे कि सरकारले 'सामाजिक सञ्जालमा उमेर-सम्बन्धित प्रतिबन्ध'बारे विचार गरिरहेको छ। अस्ट्रेलियाले डिसेम्बरमा १६ वर्षमुनिका बालबालिकाका लागि एउटा कानुन लागू गरेदेखि सामाजिक सञ्जाल प्रतिबन्धको चर्चाले अन्य देशमा पनि तीव्रता पाएको छ। यस्तै, प्रतिबन्ध लगाउन कम्तीमा १२ देश बहसदेखि विधेयकको मस्यौदासम्मका चरणमा छन्।

कुनै समय सामाजिक सञ्जाललाई न्यानो र अस्पष्ट समुदाय वर्ग मानिन्थ्यो, जहाँ तपाईं लामो समयदेखि हराएका स्कुले साथीहरूसँग सम्पर्क गर्न सक्नुहुन्छ। ती निर्दोष धारणा ग्रोक (एआई असिस्टेन्ट च्याटबोट) को डिजिटल स्ट्रिपिड स्प्री (एआईको व्यापक र प्रायः सहमतिपूर्ण वा गैर-सहमतिपूर्ण प्रयोग) को प्रदर्शनसँगै प्रभावकारी रूपमा हराएका छन्। तर, ग्रोकभन्दा धेरैअघि हामीसँग पहिले नै सामाजिक सञ्जाललाई मानसिक स्वास्थ्यसँग जोड्ने अनुसन्धानको एउटा पहाड थियो। नयाँ अध्ययनहरू लगभग साप्ताहिक रूपमा सुरु हुन्छन् र विभिन्न निष्कर्ष निकाल्छन्। यसै साता सेपियन ल्याब्सले संसारभरका युवा वयस्कले स्मार्टफोनको प्रारम्भिक प्रयोगको कारण खराब मानसिक स्वास्थ्य र जीवन चुनौतीको सामना गरिरहेको पत्ता लगायो।

सामाजिक मनोवैज्ञानिक र सर्वाधिक बिक्री हुने पुस्तक 'द एंग्सियस जेनेरेसनका लेखक जोनाथन हेड्टले सामाजिक सञ्जालले छुट्टै जोस भएका युवामा पार्ने हानिबारे चेतावनी दिइरहेका छन्। सन् २०२६ को 'वर्ल्ड ह्याप्पिनेस रिपोर्ट' (विश्व खुसीसम्बन्धी प्रतिवेदन) का लागि आगामी निबन्धमा उनी लेख्छन् कि सामाजिक सञ्जालले 'बृहत् भौगोलिक क्षेत्र वा समुदायमा परिवर्तन ल्याउन सक्ने ठुलो मात्रामा युवामा हानि पुऱ्याइरहेको छ।' त्यस्तै, अर्की सर्वाधिक बिक्री हुने पुस्तककी लेखिका तथा 'एभ्री डे सेक्सिज्म प्रोजेक्ट'की संस्थापक लौरा बेट्सले 'महिलाप्रति घृणाभाव फैलाउने हेतुले डिजाइन गरिएका विषयवस्तु' समावेश भएको एआई-सञ्चालित प्रविधिबारे चेतावनी दिएकी छिन्, जसमा गहिरो नक्कली पोर्नोग्राफी र अनलाइन यौन दुर्व्यवहारका अन्य स्वरूप समावेश छन्। 'हामी लैंगिक असमानताको नयाँ युगमा निद्रामा हिँडिरहेका छौं,' उनी लेख्छिन्।

द गार्जियनले यस साताको सुरुमा १५ वर्षीया केटीले आफ्नो इन्स्टाग्राममा लेखेको एउटा बेनामी लेख प्रकाशित गऱ्यो। 'म महिलाप्रति अनलाइन घृणाबाट बच्न सक्रिय रूपमा प्रयास गर्छु, उनी लेख्छिन्। तर, केटीहरूको शरीरबारेका टिप्पणी, घरेलु हिंसा र बलात्कारमा अपमानजनक चुट्किला सामना गर्न उनलाई केही मिनेट नै काफी देखिन्छ। उनले लेखेको केही मिनेटमा महिलालक्षित टिप्पणीको बाढी आउँछ। अन्त्यमा, हेड्ट औंल्याउँछन् कि मेटाको आफ्नै



आन्तरिक अनुसन्धान छ, जसले यसका उत्पादनले युवालाई कसरी हानि पुऱ्याउँछ भन्ने दस्ताबेजीकरण गर्दछ, उदाहरणका लागि 'साइबर बुलिङ', अवाञ्छित यौन सम्पर्क र नग्न तस्बिरका मुद्दाहरू।

सामाजिक सञ्जालले उमेरअनुसार मानिसलाई असर गर्छ। सामाजिक सञ्जालका कारण हामी भावनात्मक रूपमा कम जोडिएका छौं, ध्यानकेन्द्रित गर्न सकिरहेका छैनौं र हाम्रो दिमाग मलिन हुँदै गइरहेको छ। अझ युवाहरू साथीहरूको दबाबका कारण धेरै संवेदनशील हुन्छन्, अपरिचितबाट दुर्व्यवहारको सामना गर्ने बढी खतरामा हुन्छन् र कुलतका दृष्टिले बढी जोखिममा छन्। केही दिनअघि क्यालिफोर्नियाकी एक महिलाले आफू बाल्यकालमै हुँदा सामाजिक सञ्जालको कुलतमा परेको र त्यसले आफ्नो मानसिक स्वास्थ्यलाई हानि गरेको भन्दै गुगल र मेटाविरुद्ध अदालतमा उजुरी दिएकी थिइन्। सोही उजुरीबारे अदालतले सुनुवाइ गऱ्यो।

कसैलाई पनि प्रतिबन्ध मन पर्दैन। हो, युवाहरूले यसलाई छल्ने तरिका फेला पार्नेछन्। हो, उमेर प्रमाणीकरणले कसरी काम गर्छ भन्नेबारे धेरै प्रश्नहरू छन्। र, प्रतिबन्ध हटाइएपछि र १७ वर्षका बालबालिकालाई सामाजिक सञ्जालको अस्पष्ट संसारमा खुलासा गर्दा के हुन्छ ? पक्कै पनि यौन शिक्षाविना आउने प्रतिबन्ध प्रहरीको कामजस्तो देखिन्छ।

न त प्रतिबन्धले प्रभावकारी व्यक्तिहरू, अभिभावक र शिक्षकहरूको वास्तविक समस्यालाई सम्बोधन गर्छ। अझै पनि म केवल एक कारणले प्रतिबन्धका पक्षमा छु। यसले आधुनिक अभिभावकत्वको अविश्वसनीय रूपमा कठिन कामलाई अलि सजिलो बनाउनेछ। सामाजिक सञ्जालको हानिसँग लड्न, अभिभावक, विद्यालय र सरकार मिलेर काम गर्नुपर्छ। यसको लागि साँच्चै एउटा गाउँ चाहिन्छ।

(पत्रकारितामा ३५ वर्षभन्दा बढीको अनुभव भएकी भण्डारे लैंगिक र सामाजिक मुद्दामा कलम चलाउँछिन्)

हिन्दुस्तान टाइम्सबाट

इरान युद्धले विश्वबजारमा ल्याउने उथलपुथल

विखण्डन, संरक्षणवाद र सुस्त वृद्धिले पहिले नै तनावग्रस्त विश्व अर्थतन्त्रका लागि यो द्वन्द्व अर्को प्रणालीगत झट्का बन्ने जोखिम छ



● शिशिर प्रियदर्शी

(लेखक चिन्तन अनुसन्धान प्रतिष्ठानका अध्यक्ष र विश्वव्यापार संगठनका पूर्वनिर्देशक हुन्)



इजरायल र इरानबिचको बढ्दो शत्रुताले पश्चिम एसियालाई फेरि विश्वव्यापी आर्थिक चिन्ताको केन्द्रमा ल्याएको छ। सरसर्ती नियाल्दा समाचार शीर्षकहरू क्षेप्यास्त्र हमला, अमेरिकी आधारमा प्रतिशोध आक्रमण र भूराजनीतिमा केन्द्रित भए पनि यस द्वन्द्वको गहिरो र स्थायी प्रभाव युद्धभूमिभन्दा बाहिर - विश्वव्यापी व्यापारप्रवाह, ऊर्जा बजार, मुद्रास्फीति प्रक्षेपण र समुद्री सुरक्षामा महसुस गर्न सकिन्छ। विखण्डन, संरक्षणवाद र सुस्त वृद्धिले पहिले नै तनावग्रस्त विश्व अर्थतन्त्रका लागि यो द्वन्द्व अर्को प्रणालीगत झट्का बन्ने जोखिम छ।

विश्वव्यापी चिन्ताको केन्द्रविन्दु तेल र व्यापार हो। पश्चिम एसिया केवल भूराजनीतिक द्वन्द्व विन्दु मात्र होइन, यो विश्वव्यापी वाणिज्य कनेक्टिभिटीको प्रमुख माध्यम पनि हो। विश्वको तेल व्यापारको लगभग पाँच भाग र तरल प्राकृतिक ग्यास (एलएनजी) ढुवानीको ठुलो हिस्सा स्ट्रेट अफ हर्मुज जलमार्ग हुँदै जान्छ। यस मार्गमा हुने कुनै पनि निरन्तर अवरोध (प्रत्यक्ष सैन्य कारबाही, छद्म हमला वा बढ्दो बिमा र सुरक्षा लागत जेसुकै भए पनि) को असर अवश्य पनि आपूर्ति शृंखलामा तत्काल प्रभाव पार्नेछ। ढुवानी लेनहरू पूर्णरूपमा बन्द नगरे पनि अनिश्चितताले मात्र पनि माल ढुवानी दर बढाउँछ, डेलिभरीमा ढिलाइ गर्छ र पुनः मार्ग परिवर्तन गर्न बाध्य पार्छ। यस्तो अवरोधले विश्वव्यापी व्यापारमा अतिरिक्त समय र थप लागत बढाउँछ।

हालैका वर्षहरूको अनुभवले उपयुक्त गतिविधिलाई चिन्ताजनक रूपमा परिचित गराएको हुनुपर्छ। महामारीदेखि युक्रेन द्वन्द्व र लालसागरमा अवरोधसम्म, विश्वव्यापी व्यापार भूराजनीतिक झट्केाका लागि बढ्दो रूपमा कमजोर हुँदै गएको छ। अमेरिका-इजरायलको इरानमाथिको आक्रमणले जोखिमको अर्को तह थप्छ, किनभने यो विश्वको सबैभन्दा महत्त्वपूर्ण ऊर्जा करिडोरमा रहेको छ। पहिलेको अवरोधजस्तो नभई (जुन केही हदसम्म क्षेत्रीय रूपमा नियन्त्रणमा थिए र पछि स्वतः हटेका) यो द्वन्द्वले ऊर्जा आपूर्ति, समुद्री रसद र लगानीकर्ताको विश्वासलाई एकै साथ असर गर्ने सम्भावना राख्छ, जसलाई एक असामान्य रूपमा विषाक्त संयोजन मान्न सकिन्छ।

युद्धको सबैभन्दा पहिलो असर सम्भवतः विश्वव्यापी तेल बजारमा देखिनेछ। ६ दिनदेखि चलेको द्वन्द्वले पहिले नै कच्चा तेलको मूल्यमा अस्थिरता ल्याइसकेको छ, जसले वास्तविक अभावको सट्टा आपूर्ति अवरोधको डरलाई प्रतिबिम्बित गर्दछ। इतिहासले सुझाव दिन्छ कि बजारको मूल्य वास्तविकताभन्दा छिटो जोखिममा छ। लामो समयसम्मको द्वन्द्वले तेलको मूल्यलाई उल्लेखनीय रूपमा उच्च बनाउन सक्छ (उत्पादन रातारात पतन भएर होइन) बरु भविष्यमा सम्भावित बजारको जोखिम बढाएर, ढुवानी बिमा बिथोलिएर र रणनीतिक भण्डारण तीव्र हुँदा मूल्य वृद्धि हुन्छ। भारतजस्ता तेल आयात गर्ने अर्थतन्त्रका लागि यसले मुद्रास्फीति करको रूपमा कार्य गर्दछ, जसलाई सरकारहरूले सजिलै भविष्यवाणी गर्न वा नियन्त्रण गर्न सक्दैनन्।

ऊर्जा लागत यातायात, उत्पादनमार्फत बढ्छ र मुद्रास्फीतिमा प्रत्यक्ष रूपमा योगदान पुऱ्याउँछ। विकासशील अर्थतन्त्रहरूका लागि परिणाम अझ कठोर छन् : कमजोर मुद्रा, बजार फराकिलो हुँदै जानु, र वित्तीय क्षेत्र साँघुरिनु। वास्तवमा, पश्चिम एसियामा भूराजनीतिक द्वन्द्वले विश्वको बाँकी भागमा मुद्रास्फीति निर्यात गर्ने जोखिम बढाउँछ।

भारतका लागि, यी जोखिम विशेषगरी तीव्र छन्। भारतले आफ्नो कच्चा तेलको आवश्यकताको ८५ प्रतिशतभन्दा बढी आयात गर्छ, जसले गर्दा मूल्य उथलपुथलका लागि यो अत्यन्त संवेदनशील छ। आपूर्तिकर्ताहरूको विविधीकरण र रूसबाट बढेको खरिदले केही संरक्षण प्रदान गरेको छ, तर भारत मूल्य अस्थिरताका लागि धेरै संवेदनशील छ। कच्चा तेलको मूल्यमा १०-१५ अमेरिकी डलरको वृद्धिले भारतको मुद्रास्फीति दृष्टिकोणलाई भौतिक रूपमा परिवर्तन गर्न सक्छ र समष्टिगत आर्थिक व्यवस्थापनलाई जटिल बनाउन सक्छ।

तैपनि तेल भारतको जोखिमको एक अंश मात्र हो। भारतको लगभग ९५ प्रतिशत व्यापार मात्रा र लगभग ७० प्रतिशत मूल्य समुद्रीमार्गबाट हुन्छ। यदि पश्चिम एसिया र वरपरका समुद्री व्यापार मार्गहरू जोखिमपूर्ण वा महँगो भएमा, सामान र रसायनदेखि कपडा र इलेक्ट्रोनिक्ससम्मको भारतको निर्यातले तत्काल दबाबको सामना गर्नेछ। उच्च भाडा लागतले प्रतिस्पर्धात्मकतालाई कमजोर बनाउन सक्छ, डेलिभरी ढिलाइले निश्चित रूपमा सम्झौतालाई असर गर्नेछ र बिमा प्रिमियमले मार्जिनमा असर पार्न सक्छ। पहिले नै पातलो बफर क्षेत्रमा सञ्चालन गरिरहेका साना र मध्यम निर्यातकर्ताहरूका लागि यस्ता झट्का अस्तित्वगत हुन सक्छन्।

> यस द्वन्द्वले ऊर्जा लागत, यातायात, उत्पादन खर्च बढाउँछ र मुद्रास्फीतिमा प्रत्यक्ष रूपमा योगदान पुऱ्याउँछ। विकासशील अर्थतन्त्रहरूका लागि परिणाम अझ कठोर हुनेछन् कमजोर मुद्रा, बजार र वित्तीय क्षेत्र साँघुरिनु यसका असर हुनेछन्।

यसको एउटा रणनीतिक आयाम पनि छ। भारतका पश्चिमी बन्दरगाहहरू अरब सागर र खाडी हुँदै जाने व्यापार मार्गहरूसँग गहिरो रूपमा एकीकृत छन्। यी पानीमा हुने कुनै पनि अस्थिरताले ऊर्जा आयात मात्र नभई युरोप, अफ्रिका र अमेरिकासँगको भारतको व्यापक व्यापारलाई पनि असर गर्न सक्छ। लचिलो आपूर्ति शृंखला नीतिगत प्राथमिकता बन्दै गएको युगमा, समुद्री असुरक्षाले भरपर्दो व्यापार करिडोरहरूको तर्कलाई नै कमजोर बनाउँछ।

विश्वव्यापी रूपमा व्यापक चिन्ता यो छ कि इजरायल-इरान द्वन्द्वले विश्व अर्थतन्त्रको खण्डीकरणलाई तीव्र बनाउँछ। व्यापार जोखिमपूर्ण र ऊर्जा महँगो हुँदै जाँदा, देशहरू फर्केर संरक्षणवादी बन्न सक्छन् - घरेलु उत्पादकहरूलाई अनुदान दिने र नयाँ व्यापार अवरोध खडा गर्ने। यसको सञ्चयी प्रभाव सुस्त वृद्धि, उच्च मुद्रास्फीति र विश्वव्यापी बजारहरूमा कम विश्वास हुनेछ। अझ चिन्ताजनक कुरा के हो भने यो आवश्यक रूपमा अस्थायी घटना नहुन सक्छ, तर यसले कम कुशल, बढी अस्थिर विश्वव्यापी अर्थतन्त्रतर्फ संरचनात्मक बहावको संकेत गर्न सक्छ।

त्यसो भए के गर्न सकिन्छ ? कूटनीतिक रूपमा तनाव कम गर्नु प्रमुख प्राथमिकता हुनुपर्छ - केवल शान्तिका लागि मात्र होइन, आर्थिक स्थिरताका लागि पनि। आर्थिक रूपमा, भारतजस्ता देशहरूले ऊर्जा स्रोतहरू विविधीकरण गर्न, रणनीतिक भण्डारहरू विस्तार गर्न र लचिलो रसद र बन्दरगाह पूर्वाधारमा लगानी गर्न जारी राख्नुपर्छ। मध्यम अवधिमा, ऊर्जा संक्रमणमार्फत तेलको तीव्रता घटाउनु केवल जलवायु अनिवार्य मात्र होइन, यो भूराजनीतिक आवश्यकता बन्दै गइरहेको छ।

इजरायल-इरान द्वन्द्वले आजका द्वन्द्व स्थानीय रूपमा मात्र रहँदैनन् भन्ने कुराको सम्झना गराउँछ, तिनीहरू तेलको मूल्य, ढुवानी लेन र मुद्रास्फीति सूचकांकमार्फत यात्रा गर्छन्। यसको मानवीय र क्षेत्रीय क्षतिभन्दा बाहिर, यो द्वन्द्वले उच्च तेलको मूल्य, अवरुद्ध व्यापार प्रवाह, उच्च मुद्रास्फीति र सुस्त वृद्धिमार्फत स्थायी आर्थिक बोझ थोर्ने जोखिम राख्छ। भूराजनीति र अर्थतन्त्रलाई छुट्टाछुट्टै क्षेत्रको रूपमा व्यवहार गर्नु महँगो गल्ती हुनेछ।

एनडिटिभीबाट

इतिहासमा आज

मार्च ६



सन् २०१५ : युक्रेनको हिस्सा रहेको क्राइमियाको क्षेत्रीय संसद्ले रुसमा गाभिने पक्षमा मतदान गर्दै १० दिनभित्र यस विषयमा जनमतसंग्रह गर्ने घोषणा गऱ्यो।

सन् १५२१ : पोर्चुगिज नाविक फर्डिनान्ड मेगलनल पश्चिम प्रशान्तस्थित टापु गुआम पुग्ने पहिलो युरोपेली बने। मेगलन प्रशान्त महासागर पार गर्ने पहिलो युरोपेली अभियानका क्रममा त्यहाँ पुगेका थिए।

सन् १८५७ : अमेरिकाको सर्वोच्च अदालतले दास हुन् या स्वतन्त्र अश्वेतहरू अमेरिकी नागरिक बन्न नसक्ने फैसला गर्दै उनीहरूसँग संघीय अदालतमा मुद्दा दायर गर्ने अधिकार नभएको निर्णय गऱ्यो।

सन् १८६९ : दिमित्री मेद्भेदेभले विश्वको पहिलो पेरियोडिक टेबल 'रसियन केमिकल सोसाइटी'मा प्रस्तुत गरे।

सन् १८८४ : सुसन बी. एन्थोनीको नेतृत्वमा सयजनाभन्दा बढी महिला मताधिकार पक्षधरहरूले अमेरिकी राष्ट्रपति चेस्टर ए. अर्थरसँग भेटेर महिला मताधिकारको समर्थन जनाउन माग राखे।

सन् १८९९ : जर्मन कम्पनी बेयरले आविष्कारक फेलिक्स होफम्यानले विकास गरेको 'एसेटाइलसालिसाइलिक एसिड'लाई 'एस्पिरिन'को रूपमा ट्रेडमार्कका लागि दायर गऱ्यो।

सन् १९०० : अमेरिकाको इन्डियानापोलिस सहरमा समाजवादीहरूको भेलाले 'सोसल डेमोक्रेटिक पार्टी' गठन गऱ्यो।

सन् १९३३ : अमेरिकी राष्ट्रपति फ्र्यांकलिन डी. रुजवेल्ट देशव्यापी 'बैंक हौलिडे' घोषणा गरे। चार दिन देशभरका बैंक बन्द गरेर महामन्दीपछि बैंकमाथि गुमेको विश्वास फिर्ता गर्ने प्रयास गरिएको थियो।

सन् १९४६ : फ्रान्सले आफ्नो उपनिवेश 'इन्डो-चाइना फेडरेसन'अन्तर्गत रहने गरी भियतनामलाई अलग राज्यको मान्यता दियो।

सन् १९५७ : घाना ब्रिटिस शासनबाट स्वतन्त्र बन्यो।

सन् १९६४ : महान् बक्सिङ खेलाडी 'केसियस क्ले'ले आफ्नो इसाई नामलाई दासत्वको नाम भन्दै मोहम्मद अलीमा नाम फेरे।

सन् १९९२ : डेनमार्कको राजधानी कोपनहेगनमा भएको सम्मेलनले 'काउन्सिल अफ बाल्टिक सी स्टेट्स(सिबिएसएस)' गठन गरे।

सन् १९९४ : रोमानियामा गाभिने वा अलग हुने विषयमा माल्डोभामा यसै दिन भएको जनमतसंग्रहमा अभूतपूर्व ९० प्रतिशतले अलग हुने पक्षमा मत जाहेर गरे।

सन् २०१५ : नासाले पठाएको 'डन' नामक अन्तरिक्षयान यसै दिन सेरेस नामक शिशुग्रहको परिपथमा प्रवेश गऱ्यो।

विश्व संक्षेप

कुर्द समूहहरू लक्षित गर्दै इरानको आक्रमण सुरु

तेहरान / इरानी सेनाले छिमेकी इराकको अर्धस्वायत्त कुर्द क्षेत्रमा कुर्द समूहलाई निसाना बनाउँदै सैन्य अभियान सुरु गरेको घोषणा गरेको छ। इरानको 'प्रेस टिभी'ले बिहीबार बिहान प्रसारण गरेको एक रिपोर्टमा देशको सेनाले 'इरानविरोधी पृथकतावादी शक्ति'लाई लक्षित गरी आक्रमण गरिरहेको बताएको छ। आक्रमणको स्थान भने उल्लेख गरिएको छैन। तथापि, इराकी मिडियाले देशको उत्तरमा अवस्थित सुलेमान प्रान्तमा कैयौं विस्फोट सुनिएको बताएका छन्। स्थानीय मिडियाका अनुसार आराबात, जरकुज र सुरडास क्षेत्रमा कम्तीमा चार ठुला विस्फोट सुनिएका थिए।

इरानको गुप्तचर मन्त्रालयले पनि आक्रमणको पुष्टि गऱ्यो। इराकतर्फको पश्चिमी सिमानाबाट 'पृथकतावादी समूह'प्रवेश गरेर देशका चौकी आक्रमण गर्ने योजना थाहा पाएपछि आक्रमण गरेको बताउँदै मन्त्रालयले ती शक्तिले ठुला क्षति भोग्नुपरेको बताएको छ। सरकारी मिडियामा प्रसारित इरानी गुप्तचर मन्त्रालयको एक विज्ञप्तिमा 'इरानी सेनाले इजरायली-अमेरिकीद्वारा इरानी भूमिमा आक्रमण गर्ने योजनालाई विफल पार्न 'असल कुर्दहरू'सँग सहकार्य गरेर पृथकतावादीमाथि आक्रमण गरेको बताएको छ।

पहिलोपटक चीनद्वारा ५ प्रतिशतभन्दा कम आर्थिकवृद्धि लक्ष्य तय

बेइजिङ / चीनमा 'नेसनल पिपुल्स कंग्रेस (एनपिसी)'को उद्घाटन सत्रका लागि देशभरबाट हजारौं प्रतिनिधि बेइजिङमा भेला भएका छन्। ती प्रतिनिधिले आगामी पाँच वर्षका लागि देशको आर्थिक र राजनीतिक रोडम्यापलाई अनुमोदन गर्नेछन्। एनपिसीको बैठकअघि बिहीबार एक सरकारी प्रतिवेदन जारी गरियो, जसले सन् २०२६ का लागि देशको 'कुल गार्हस्थ्य उत्पादन(जिडिपी)' वृद्धिदरको लक्ष्य हालसम्मकै न्यून अर्थात् ४.५ देखि ५ प्रतिशत तय गरेको चीनको सरकारी समाचार एजेन्सी सिन्ह्वाले जनाएको छ।

चीनमा पछिल्लो समय विभिन्न तथ्यांकले देश आर्थिक मन्दीबाट गुज्रिरहेको संकेत गर्दछ। यस मन्दीमा आंशिक रूपमा देशको घरजग्गा कारोबार क्षेत्रको पतन जिम्मेवार छ। कुनै समय जिडिपीको २५ देखि ३० प्रतिशतको हिस्सा ओगट्ने यस क्षेत्रमा आएको सुस्ततालेे अर्थतन्त्रलाई असर गर्नुलाई अर्थशास्त्रीले स्वाभाविक मानेका छन्। बिहीबार एनपिसीमा प्रस्तुत गरिएको चिनियाँ प्रधानमन्त्री ली छियाङको वार्षिक सरकारी कार्य प्रतिवेदनले गत वर्ष चीनको जिडिपी ५ प्रतिशतले बढेर १४०.१९ ट्रिलियन रेन्मिन्बी (२०.२८ ट्रिलियन डलर) पुगेको देखाएको छ।

कंगोको खानीमा पहिरो जाँदा २०० भन्दा बढीको मृत्यु

किन्सासा / डेमोक्रेटिक रिपब्लिक अफ कंगो(डिआरसी)को पूर्वी भेगमा अवस्थित रुबाया कोल्टन खानीमा भारी वर्षापछि गएको पहिरोमा २०० भन्दा बढीको मृत्यु भएको अधिकारीहरूले बताएका छन्। डिआरसीको खानी मन्त्रालयले बुधबार बताएअनुसार पीडितमध्ये लगभग ७० बालबालिका छन्। प्रकोपमा घाइते भएकाहरू उत्तरी किभु प्रान्तको राजधानी गोमा सहरको चिकित्सा सुविधामा सारिएको पनि अधिकारीले बताएका छन्। तथापि, सो खानी क्षेत्र नियन्त्रणमा राखेको विद्रोह समूह 'एम-२३'ले भने घटनालाई न्यूनीकरण गर्ने प्रयास गरेको छ। समूहका वरिष्ठ अधिकारी फ्यानी काजले सरकारी तथ्यांकलाई अस्वीकार गर्दै पहिरो गएको घटना नै अस्वीकार गरे। विशेषतः 'बम विस्फोट' कारण केवल पाँचजनाको मृत्यु भएको दाबी गरेको छ। तर, विभिन्न निकायले सरकारी दाबीलाई सही देखाएको छ। प्रकोप क्षेत्रमा काम गर्ने खानी मजदुर इब्राहिम तालुसेकेले पनि त्यस भेगबाट २०० भन्दा बढी शव निकाल्न आफूले पनि मद्दत गरेका बताए।

बिहारमा नीतीश कुमारको युग अन्त्य हुँदै, पहिलो भाजपा मुख्यमन्त्री बन्ने बाटो खुल्यो



● नीलम पाण्डे

(जामिया मिलिया इस्लामी विश्वविद्यालयबाट विद्यावारिधि गरेर १७ वर्षदेखि पत्रकारिता गर्दै आएकी पाण्डे राजनीति तथा नीतिबारे लेख्छिन्)



नीतीश कुमार राज्यसभामा गएसँगै आगामी मुख्यमन्त्री आफ्नो दलको हुने भाजपाको आशा छ। उसो त हिन्दीभाषी क्षेत्रमा भाजपाले कहिल्यै मुख्यमन्त्री बनाउन नसकेको एक मात्र राज्य बिहार मात्र हो। भाजपा बिहारमा जतिसक्दो चाँडो नेतृत्व परिवर्तन चाहन्छ। बिहार विधान सभा चुनावपछि अहिले भाजपासँग ८९ विधायकहरू छन् भने जेडियूसँग ८५।

बिहारका मुख्यमन्त्री नीतीश कुमारले बिहीबार राज्यसभाका लागि उम्मेदवारीको घोषणासँगै यसबारेमा केही दिनदेखि चलिरहेको अनुमान सही साबित भएको छ। नीतीशको यस कदमले बिहारमा नयाँ मुख्यमन्त्रीको नियुक्तिको बाटो खुला हुनेछ। आगामी नेतृत्व नीतीश नेतृत्वको जनता दल युनाइटेड(जेडियू)को सत्ता सहयोगी दल भारतीय जनता पार्टी (भाजपा)बाट हुने अनुमान उच्च छ। यद्यपि, नीतीशको राजीनामा र उनको उत्तराधिकारीको शपथग्रहणको सही समयरेखा अझै स्पष्ट भने गरिएको छैन। भाजपा नेताहरूले यससम्बन्धी अन्तिम टुंगो आगामी केही हप्ताभित्र लाग्ने बताएका छन्।

बुधबारदेखि पटनाको राजनीतिक वृत्तमा नीतीशले आफ्नो उत्तराधिकारीका लागि बाटो खोल्न केन्द्रीय संसद्को माथिल्लो सदन राज्यसभामा जान सक्ने चर्चा सुरु भएको थियो। मार्च १६ मा हुने राज्यसभा चुनावका लागि उम्मेदवारी दर्ता गर्ने अन्तिम मिति बिहीबार थियो। अन्ततः अनुमानलाई सही साबित गर्दै राज्यसभा सदस्यका लागि उम्मेदवारी दर्तापछि मुख्यमन्त्रीले बिहीबार ट्विटरमा लेखे, 'दुई दशकभन्दा लामो समयदेखि, तपाईंहरूले निरन्तर ममाथि आफ्नो विश्वास र समर्थन कायम राख्नुभएको छ। त्यही विश्वासको बलमा, हामीले बिहार र तपाईंहरू सबैको पूर्ण समर्पणका साथ सेवा गर्न सक्यौं। तपाईंको विश्वास र समर्थनको कारणले गर्दा नै बिहार आज विकास र मर्यादाको नयाँ पहिचान प्रस्तुत गरिरहेको छ। यसका लागि म धेरै-धेरै कृतज्ञता व्यक्त गर्दछु।'

मुख्यमन्त्रीको पदबाट राजीनामाको अड्कलबाजीपछि बिहीबार बिहानदेखि ठुलो संख्यामा जेडियू कार्यकर्ता र समर्थकहरू नीतीश कुमारको घर बाहिर भेला भएका थिए। तिनले नीतीश कुमारलाई मुख्यमन्त्री नत्याग्न आह्वान गरिरहेको सुनिन्थ्यो। नीतीश कुमारको बिहार राजनीतिबाट बहिर्गमनसँगै राज्यमा नीतीश, लालु प्रसाद र रामविलास पासवानको युगको अन्त्य भएको केहीले विश्लेषण गरेका छन्।

नीतीश कुमारले बिहारको मुख्यमन्त्रीको पदमा रेकर्ड १० पटक शपथ लिए। उनी सन् २००५ देखि सो पदमा छन्। सन् २०१४ को लोकसभा चुनावपछि छोटो समयका लागि जितनराम माझी मुख्यमन्त्री भएको बाहेक समय प्रायः उनी नै मुख्यमन्त्री रहे। तर, पछिल्लो केही समयदेखि भाजपाले बिहारको मुख्यमन्त्री पद आफूले पाउनुपर्ने माग गर्दै आएको छ। गत वर्ष भएको बिहार विधानसभा चुनावमा एनडिएले गरेको सिट बाँडफाँट सूत्र घोषणामा जेडियू र भाजपाले बराबर संख्यामा सिट बाढेका थिए। त्यस बाँडफाटमार्फत दुई दलले आफूहरू दुवै राज्यमा समान हैसियतको रहेको सन्देश दिन खोजेका थिए।

नीतीश कुमार राज्यसभामा गएसँगै आगामी मुख्यमन्त्री आफ्नो दलको हुने भाजपाको आशा छ। उसो त हिन्दीभाषी क्षेत्रमा भाजपाले कहिल्यै मुख्यमन्त्री बनाउन नसकेको एक मात्र राज्य बिहार मात्र हो। भाजपा बिहारमा जतिसक्दो चाँडो नेतृत्व परिवर्तन चाहन्छ। बिहार विधानसभा चुनावपछि अहिले भाजपासँग ८९ विधायकहरू छन् भने जेडियूसँग ८५। भाजपाले नीतीश कुमारको स्वास्थ्य पनि केही बिग्रिएकाले राज्यमा उनले नेतृत्व भाजपालाई दिएर सम्मानजनक बिदाइ लिनुपर्ने बताउँदै आएको छ।

विधानसभा चुनावअघिदेखि ७५ वर्षीय नीतीशको स्वास्थ्यबारे विभिन्न अड्कलबाजी हुन थालेका थिए। जेडीयुले नीतीशसँगको भेटघाट निक्कै घटाएको थियो। पार्टीभित्रका सिमित नेताबाहेक बाहिर नदेखिने नीतीशले पछिल्लो समय मिडियालाई कुनै अन्तर्वार्ता दिएनन्। उनले पहिलेजस्तो आममतादातासँग पनि भेटेको पाइँदैन।

एक भाजपाका वरिष्ठ नेताले आफूहरूले मुख्यमन्त्री पाउनुपर्ने कारणबारे बताउँदै भने, 'नीतीश कुमारको स्वास्थ्यको चिन्ता पनि छ। साथमा एनडीए गठबन्धनभित्र हाम्रो ठुलो सिट संख्याको पनि कुरा छ। भाजपाले समान संख्यामा सिटमा चुनाव लड्ने निर्णय गऱ्यो। अघिल्लोपटक बिहार राज्य विधानसभामा हाम्रो पार्टीको प्रदर्शन जेडियूभन्दा राम्रो थियो। तैपनि, हामीले गठबन्धनको धर्म निभाएर नीतीशलाई मुख्यमन्त्री बनाएका थियौं। यसपटक पनि हाम्रो संख्या बढी आएको छ। हामीले अहिलेसम्म केही भनेनौं। तर, नीतीश कुमार ७५ वर्ष पुगुभएको छ र लामो समयदेखि मुख्यमन्त्रीको रूपमा सेवा गर्नुभयो। अब नीतीशलाई 'सम्मानजनक बिदाइ' गर्दा उनी र उनको पार्टीले प्रस्ताव स्वीकार गर्नुपर्छ।'

यसबिच नीतीश कुमारका छोरा निशान्त कुमार चाँडै नै औपचारिक रूपमा जेडियूमा सामेल हुने चर्चा पनि छ। छोरालाई सक्रिय राजनीतिमा स्थापित गराउन पनि नीतीशले भाजपामासँग कुनै खालको सम्झौता गर्न सक्ने विश्लेषण पनि छ। मार्च १८ मा हुने राज्यसभा चुनावपछि नयाँ मन्त्रिपरिषद्मा उपमुख्यमन्त्री नियुक्त हुन सक्ने चर्चा पनि छ। जेडियूका वरिष्ठ नेता तथा बिहारका मन्त्री श्रवण कुमारले मंगलबार यसबारेमा बोल्दै निशान्त 'सक्रिय राजनीतिमा' प्रवेश गर्ने पुष्टि गरे।


द प्रिन्टबाट

अर्थ पत्रिका
नयाँ पत्रिका
शुक्रबार २२ फागुन ०८२

सुस्त सूचना महामार्ग

१० वर्षमा ६३ प्रतिशत मात्रै भौतिक प्रगति

पाँच प्रदेश कोशी, मधेश, बागमती, कर्णाली र सुदूरपश्चिममा दुई हजार एक सय एक किमि अप्टिकल फाइबर बिछ्याइयो, गण्डकी र लुम्बिनीमा निर्माण अनिश्चित



कृष्ण रिजाल/नयाँ पत्रिका

निर्माणाधीन मध्यपहाडी लोकमार्ग र जिल्ला सदरमुकामलाई उच्च क्षमताको अप्टिकल फाइबरले जोड्ने आयोजना 'सूचना महामार्ग'को प्रगति निकै सुस्त देखिएको छ। झन्डै एक दशकअघि सुरु भएको परियोजनाअन्तर्गत अप्टिकल फाइबर बिछ्याउने कार्य हालसम्म ६३ प्रतिशत मात्रै सकिएको छ।

नेपाल दूरसञ्चार प्राधिकरणले ग्रामीण दूरसञ्चार विकास कोष परिचालन गरी मध्यपहाडी लोकमार्ग तथा जिल्ला सदरमुकामा जोड्ने सूचना महामार्ग निर्माण गर्ने कार्यलाई तीनवटा प्याकेजमार्फत अघि बढाएको थियो। दुईवटा प्याकेज सुस्त गतिमा अघि बढिरहेका छन् भने एउटा प्याकेज अलपत्रजस्तै बनेको छ। जिम्मा पाएका सेवाप्रदायकले तोकिएको समयमा काम गर्न नसक्नु, मध्यपहाडी लोकमार्गको कतिपय ठाउँमा ट्याक नखुलेको तथा बाढीपहिरोलगायत प्रकोपले असर गर्दा महामार्ग लक्ष्यअनुसार अघि बढ्न नसकेको प्राधिकरणका प्रवक्ता मीनप्रसाद अर्याललले बताए। यद्यपि, राष्ट्रिय प्राथमिकताप्राप्त आयोजना भएकाले प्राधिकरणले सूचना महामार्गलाई गति दिन जोड दिइरहेको उनको भनाइ छ।

नेपाल दूरसञ्चार प्राधिकरण प्रवक्ता मीनप्रसाद आर्याल भन्छन्-



जिम्मा पाएका सेवाप्रदायकले तोकिएको समयमा काम गर्न नसक्नु, आयोजना सम्पन्न गर्नुपर्ने वेला ठेक्का सम्झौता तोडेर नयाँ सम्झौता गर्नुपर्ने अवस्था आउनु, मध्यपहाडी लोकमार्गको कतिपय ठाउमा ट्र्याक नहुनु, कोभिड-१९ तथा बाढीपहिरोलगायत प्रकोपले असर गर्दा महामार्ग लक्ष्यअनुसार अघि बढ्न नसकेको हो। राष्ट्रिय प्राथमिकताप्राप्त आयोजना भएकाले प्राधिकरणले सूचना महामार्गलाई गति दिन जोड दिइरहेको छ।

प्राधिकरणले १२ असोज ०८३ मा सूचना महामार्गको पहिलो प्याकेजअन्तर्गत कोशी, मधेश र बागमती प्रदेशमा अप्टिकल फाइबर बिछ्याउने परियोजना नेपाल टेलिकमलाई दिएको थियो। दुई वर्षभित्र काम सक्ने गरी चार अर्ब ८८ करोड रुपैयाँको ठेक्का पाएको टेलिकमले हालसम्म उक्त परियोजनाको काम सकेको छैन। युनाइटेड टेलिकम लिमिटेड (युटिएल)ले सूचना महामार्गको प्याकेज दुईअन्तर्गत गण्डकी र लुम्बिनीमा अप्टिकल फाइबर बिछ्याउने जिम्मा २५ वैशाख ०७४ मै पाएको भए पनि उसले तोकिएको समयमा काम गरेन। त्यसपछि लामो समय मुद्दामा अल्झिएको यो प्याकेज अहिले अलपत्र बनेको छ।

प्याकेज तीनअन्तर्गत कर्णाली र सुदूरपश्चिममा अप्टिकल फाइबर बिछ्याउने जिम्मा ३ भदौ ०७४ मा स्मार्ट टेलिकमले पाएको थियो। तर, दुई वर्षसम्म स्मार्ट टेलिकमले काम नगरेपछि उक्त परियोजना खोसेर नेपाल टेलिकमलाई दिइयो। टेलिकमले पनि परियोजना लक्ष्यअनुसार अघि बढाउन सकेको छैन। आयोजना सम्पन्न गर्नुपर्ने वेला ठेक्का सम्झौता तोडेर नयाँ सम्झौता गर्नुपर्दा प्योकज दुई र प्याकेज तीनमा ढिलाइ हुन पुगेको प्रवक्ता अर्याललले बताए।

कुन प्याकेजमा कति प्रगति ?

प्याकेज एकअन्तर्गत कोशी, मधेश र बागमती प्रदेशमा दुई हजार एक सय ७९ किमि अप्टिकल फाइबर बिछ्याउनुपर्ने थियो। तर, पुस मसान्तसम्ममा एक हजार चार सय ४९ किमि मात्रै अप्टिकल फाइबर बिछ्याइएको छ। यस प्याकेजअन्तर्गत अझै सात सय ३० किमि अप्टिकल फाइबर बिछ्याउन बाँकी रहेको छ। हालसम्म यस प्याकेजअन्तर्गत एक अर्ब ६९ करोड १८ लाख ६७ हजार ५६ रुपैयाँ खर्च भइसकेको प्राधिकरणले जनाएको छ।

प्याकेज दुईअन्तर्गत गण्डकी र लुम्बिनी प्रदेशमा अप्टिकल फाइबर बिछ्याउने परियोजना भने अलपत्र छ। प्राधिकरण र युनाइटेड टेलिकम लिमिटेड (युटिएल)बीच २५ वैशाख ०७४ मा यस आयोजना दुई वर्षभित्र सक्ने गरी सम्झौता भएको थियो। तर, युटिएलले समयमै काम नगरेपछि प्राधिरकणले ठेक्का तोड्यो। तर, युटिएल अदालतमा पुग्यो। अदालतमा विचाराधीन मुद्दा बनेपछि निकै लामो समय परियोजना अलपत्र बन्यो। २३ माघ ०८० मा अदालतले युटिएलको रिट खारेज गरेपछि परियोजना अघि बढाउन बाटो खुल्यो। तर, हालसम्म पनि यस आयोजना अघि बढाउन टेन्डर गरिएको छैन। प्राधिकरणले युटिएलबाट पेस्कीबापतको ४० करोड २० लाख रुपैयाँ र कार्यसम्पादन जमानतबापतको १० करोड पाँच लाखसमेत जफत गरिसकेको छ। अहिले नेपाल टेलिकमले नै यस आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) बनाइरहेको प्राधिकरणले जनाएको छ।

प्याकेज तीनअन्तर्गत कर्णाली र सुदूरपश्चिम प्रदेशमा एक हजार एक सय ५४ किलोमिटर अप्टिकल फाइबर बिछ्याउनुपर्नेमा हालसम्म ६ सय ५२ किमि मात्रै बिछ्याइएको छ। अझै पाँच सय दुई किमि अप्टिकल फाइबर बिछ्याउन बाँकी रहेको छ। हालसम्म यस प्याकेजअन्तर्गत ३० करोड ६७ लाख २७ हजार रुपैयाँ खर्च भइसकेको प्राधिकरणले जनाएको छ।

■ विद्युत् उत्पादन, प्रसारण, वितरण तथा व्यापार गर्ने कम्पनीको संस्थागत सुशासन मापदण्डको मस्यौदा

निजी आयोजनाले पनि सरकारी खरिद प्रक्रियाअनुसार टेन्डर आह्वान गर्नुपर्ने

मिलन विश्वकर्मा/नयाँ पत्रिका

अब निजी विद्युत् उत्पादन गर्ने कम्पनीले पनि परामर्श सेवा, निर्माण सामग्रीको आपूर्ति र निर्माण कम्पनीको छनोट सार्वजनिक खरिदको मर्मअनुसार खुला प्रतिस्पर्धाबाट गर्नुपर्ने प्रस्ताव गरिएको छ। हालसम्म निजी विद्युत् कम्पनीले परामर्श सेवा, सामान आपूर्ति र ठेकेदार छनोट सोझै गर्दै आएका छन्।

विद्युत् नियमन आयोगले तयार गरेको विद्युत् उत्पादन, प्रसारण, वितरण तथा व्यापार गर्ने कम्पनीको संस्थागत सुशासन मापदण्डको मस्यौदामा यस्तो प्रस्ताव गरिएको हो। आयोगले उक्त मापदण्डको मस्यौदा सरोकारवालाको सुझावका लागि सार्वजनिक गरेको छ। हाल निजी क्षेत्रलाई विद्युत् व्यापार, वितरण र प्रसारणको अधिकार छैन। भविष्यमा निजी क्षेत्रले विद्युत् व्यापार, वितरण र प्रसारणको काम गर्दा पनि प्रतिस्पर्धी खरिद प्रक्रिया नै अपनाउनुपर्ने प्रस्तावमा उल्लेख छ।

मस्यौदाअनुसार अब निजी कम्पनीले सार्वजनिक खरिदको मर्मअनुसार आफ्नो छुट्टै खरिद नियमावली बनाउनुपर्नेछ। र, त्यसकै आधारमा कम्पनीले परामर्श सेवा छनोट, सामानको आपूर्ति र निर्माण कम्पनीको छनोट गर्नुपर्ने प्रस्ताव गरिएको छ।

'खरिद विनियमावली र खरिद प्रक्रियाः अनुमतिपत्रप्राप्त संस्थाले खरिद प्रक्रियालाई पारदर्शी तथा प्रतिस्पर्धी बनाउन सार्वजनिक खरिदसम्बन्धी आधारभूत सिद्धान्त र व्यवस्थालाई अनुसरण गरी खरिद विनियमावली तयार गरी लागू गर्नेछ,' मस्यौदाको दफा ३१ मा भनिएको छ।


खरिद प्रक्रियामा प्रवर्द्धकको लगानी भएका कम्पनीलाई रोक

मस्यौदामा खरिद प्रक्रियाको प्रतिस्पर्धामा आयोजनासँग प्रत्यक्ष सरोकार भएको कम्पनी सहभागी हुन नपाउने प्रस्ताव गरिएको छ। अर्थात्, प्रवर्द्धक कम्पनीका लगानीकर्ताको लगानी भएका अन्य कम्पनी त्यसमा सहभागी हुन पाउनेछैनन्। कुनै एक लगानीकर्ताको विद्युत् परियोजना छ, सोही व्यक्तिको लगानी भएको निर्माण कम्पनी तथा परामर्श कम्पनी सहभागी हुन पाउनेछैनन्। सोही व्यक्तिको लगानी भएको सप्लायर्स कम्पनी पनि यसमा सहभागी हुन नपाउने प्रस्ताव गरिएको छ।

'अनुमतिपत्र प्राप्त संस्थाले निर्माण वा सञ्चालन गरेको वा गर्ने आयोजनासँग प्रत्यक्ष वा परोक्ष सरोकार भएको कम्पनी, फर्म वा ज्वाइन्ट भेन्चर कम्पनी वा संस्थालाई निर्माण, परामर्श सेवा वा सामान आपूर्तिलगायतको कार्यमा सहभागी हुन नपाउने व्यवस्था गर्नुपर्नेछ,' मस्यौदामा भनिएको छ।

इप्पानको असहमति

आयोगले तयार गरेको मस्यौदामा स्वतन्त्र ऊर्जा उत्पादकको संस्था नेपाल (इप्पान)ले भने असहमति जनाएको छ। इप्पानका वरिष्ठ उपाध्यक्ष मोहनकुमार डाँगीले निजी कम्पनीमा सरकारी खरिद प्रक्रिया लागू गर्न खोज्नु न्यायपूर्ण नहुने बताए।





'विद्युत् आयोजनामा आमसर्वसाधारणको लगानी छ। त्यो अवस्थामा विद्युत् कम्पनी पारदर्शी हुनुपर्छ भन्नेमा असहमति छैन। खुला प्रतिस्पर्धाबाटै परामर्श सेवा, सामान खरिद र ठेकेदार छनोट गर्नुपर्छ। अहिले अधिकांश कम्पनीले यसको अभ्यास गर्न लागेका छन्। तर, त्यसो भन्दै गर्दा सार्वजनिक खरिदको मर्म अर्थात् सरकारी खरिद प्रक्रिया नै लागू गर्न भने हुँदैन,' उनले भने, 'अहिले सरकारी खरिद प्रक्रियाकै कारण सरकारका थुप्रै परियोजना अलपत्र बनेका छन्। कांग्रेस सभापति गगन थापाले नै पूर्वाधार निर्माण छिटो बनाउन ४१ वटा कानुन संशोधन गर्नुपर्ने बताउनुभएको छ। राजनीतिक दलहरूले पूर्वाधार निर्माणमा कानुन बाधक भएको भनेर स्वीकार गरेको अवस्थामा निजी क्षेत्रलाई त्यही कानुन लाद्न खोज्नु गलत हो। हामी प्रतिस्पर्धात्मक खरिद प्रक्रियामा जान तयार छौं। तर, सरकारको जस्तो होइन। निजी क्षेत्र भनेपछि फरक हुनुपर्छ।'

ऊर्जा क्षेत्रमा राम्रा-नराम्रा दुवै पक्ष भएको बताउँदै उनले पूर्वाधारको गुणस्तरतर्फ आयोगले ध्यान दिनुपर्ने बताए। 'यो मस्यौदा हो। आयोगले पक्कै पनि इप्पानलाई वार्तामा बोलाउँछ होला। त्यसक्रममा यस विषयमा छलफल गर्छौं,' उनले भने, 'हामीले निश्चित वर्षपछि चालू अवस्थामै परियोजना सरकारलाई हस्तान्तरण गर्ने हो। यसबिच लगानी गरेपछि नाफा पनि कमाउनुपर्छ। त्योसँगै परियोजनालाई पनि गुणस्तरीय बनाउनुपर्नेछ। तसर्थ, आयोगले निजी क्षेत्रबाट बनेका परियोजनाको गुणस्तरबारे नियमन गर्नेतर्फ जोड दिनुपर्छ। खरिद प्रक्रियाजस्ता विषयमा अल्झिन हुन्न जस्तो लाग्छ।' निजी क्षेत्रले नियन्त्रणमुखीभन्दा पनि प्रगतिशील नीति खोजेको उनको भनाइ छ।

के भन्छ आयोग ?

आयोगका सदस्य गौतम डंगोलले ऊर्जा क्षेत्रलाई पारदर्शी बनाउने प्रयास गरिएको बताए। 'अहिले विद्युत् परियोजनामा सर्वसाधारणको लगानी छ। तर, साधारणसभाबाहेक उनीहरूलाई कम्पनीबारे जान्ने र प्रश्न गर्ने अधिकार र वातावरण छैन। संस्थागत लगानीकर्ताले आफ्नो ढंगले काम गरेको अवस्था हो। अब परियोजनाले सार्वजनिक खरिदको मर्मअनुसार खरिद प्रक्रिया अवलम्बन गर्नुपर्छ भन्ने हाम्रो प्रस्ताव हो,' उनले भने, 'हामीले सोझै यो लागू गर्न खोजेका छैनौं। सार्वजनिक खरिदको मर्मअनुसार हामीले एउटा फेमवर्क बनाउँछौं। र, त्यसकै आधारमा कम्पनीलाई आफ्नै विनियमावली बनाएर त्यसकै आधारमा गर्न भनेका छौं। यति भएपछि सर्वसाधारण लगानीकर्ताले यो-यो खरिदको काम यसरी-यसरी भएको रहेछ भनेर हेर्न पाउँछन्।'

ऊर्जा क्षेत्रको व्यापाक विकास भइरहेका वेला खरिद प्रक्रियालाई आंशिक रूपमा भए पनि सुरुवात गर्न आवश्यक रहेको उनले बताए। 'यसले व्यावहारिक रूपमा केही अप्ठ्यारो आउन सक्छ। अहिलेको जस्तो सजिलो त पक्कै हुँदैन। तर, हामीले नियन्त्रण गर्न खोजेको होइन। यो क्षेत्रलाई अझै व्यवस्थित रूपमा विकास गर्न खोजेको हो,' उनले भने, 'भविष्यमा लक्ष्यअनुसार साढे २८ हजार मेगावाट विद्युत् उत्पादन त होला। तर, कम्पनीहरूको वित्तीय अवस्था राम्रो नहुन सक्छ।'

आयोगका सदस्य गौतम डंगोल भन्छन्-



अहिले विद्युत् परियोजनामा सर्वसाधारणको लगानी छ। तर, साधारणसभामा बाहेक उनीहरूलाई कम्पनीबारे जान्ने र प्रश्न गर्ने अधिकार र वातावरण छैन। अब परियोजनाले सार्वजनिक खरिदको मर्मअनुसार खरिद प्रक्रिया अवलम्बन गर्नुपर्छ भन्ने हाम्रो प्रस्ताव हो। हामीले सार्वजनिक खरिदको मर्मअनुसार एउटा फेमवर्क बनाउँछौं। र, त्यसकै आधारमा कम्पनीलाई आफ्नै विनियमावली बनाएर त्यसकै आधारमा गर्न भनेका छौं। यति भएपछि सर्वसाधारण लगानीकर्ताले यो-यो खरिदको काम यसरी-यसरी भएको रहेछ भनेर हेर्न पाउँछन्।

इप्पानका वरिष्ठ उपाध्यक्ष मोहनकुमार डाँगी भन्छन्-



विद्युत् आयोजनामा सर्वसाधारणको लगानी छ। त्यो अवस्थामा विद्युत् कम्पनी पारदर्शी हुनुपर्छ भन्नेमा असहमति छैन। खुला प्रतिस्पर्धाबाटै परामर्श सेवा, सामान खरिद र ठेकेदार छनोट गर्नुपर्छ। अहिले अधिकांश कम्पनीले यसको अभ्यास गर्न लागेका छन्। तर, त्यसो भन्दै गर्दा सरकारी खरिद प्रक्रिया नै लागू गर्न हुँदैन। यो मस्यौदा हो। आयोगले पक्कै पनि इप्पानलाई वार्तामा बोलाउँछ होला। त्यसक्रममा यस विषयमा छलफल गर्छौं।

यस्तै, स्वार्थ बाझिने भएपछि आयोजनासँग प्रत्यक्ष सरोकार राख्ने कम्पनीलाई खरिद प्रक्रियामा भाग लिन नमिल्ने प्रस्ताव गरिएको उनको भनाइ छ। 'आफैं बोलपत्र आह्वान गर्ने र आफैं त्यसमा सहभागी हुने भन्ने कुरा सैद्धान्तिक रूपमा मिल्दैन। खरिद प्रक्रियामा त्यसको दुरुपयोग पनि हुन सक्छ,' उनले भने, 'त्यसैले आयोजनासँग कुनै पनि रूपमा जोडिएका कम्पनीलाई खरिद प्रक्रियामा रोक लगाउन खोजेका हौं।' यसलाई छलफलमार्फत अन्तिम टुंगो लगाइने उनको भनाइ छ। 'यो मस्यौदा मात्रै हो। छलफलमार्फत निजी क्षेत्रको कुरा पनि सुन्छौं। त्यसपछि यसलाई अन्तिम रूप दिने हो,' उनले भने, 'ऊर्जा क्षेत्रलाई प्रभावित बनाउन खोजिएको छैन। अहिले ठुला प्रवर्द्धकले आयोजनाको लागत धेरै देखाएर अदृश्य लाभ लिएको भन्ने बहस पनि भइरहेको छ। त्यस्ता विषयलाई पनि यसले नियन्त्रण गर्ने आयोगका एक अधिकारीले बताए।

'राजमार्गछेउका परियोजनामा आयोजनाको लागत अस्वाभाविक रूपमा धेरै छ। अप्ठ्यारो ठाउँमा बनाएको परियोजनाको लागत कम छ,' एक कर्मचारीले भने, 'निश्चित लगानीकर्ताले आयोजनाको लागत धेरै देखाएर अदृश्य रूपमा लाभ लिएको भन्ने पनि छ। त्यस्ता प्रवृत्तिलाई निर्मूल पार्न पनि यो आवश्यक छ।' यसले लागत घटाउन सहयोग पुग्ने कर्मचारीले बताए।

■ किसानको दैनिकी



काठमाडौंको जडीबुटी खोलानजिकैको तरकारी बारीमा कीटनाशक औषधि छर्कंदै किसान। तस्बिर : **सन्जित परियार**/नयाँ पत्रिका

■ मध्यपूर्वको उडान प्रतिबन्धको असर

टिकट 'कन्फर्म' भएपछि मात्रै विमानस्थल आउन आग्रह

नयाँ पत्रिका

मध्यपूर्व क्षेत्रमा जारी उडान प्रतिबन्धका कारण अन्तर्राष्ट्रिय हवाई उडान प्रभावित भइरहेका वेला यात्रुलाई टिकट कन्फर्म गरेर मात्रै विमानस्थल आउन आग्रह गरिएको छ। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलअन्तर्गतको नागरिक उड्डयन कार्यालयले सूचना जारी गर्दै मध्यपूर्व क्षेत्रमा केही उडान बन्द तथा रद्द भइरहेकाले यात्रुले सावधानी अपनाउनुपर्ने जनाएको हो।

कार्यालयका अनुसार केही वायुसेवाले मध्यपूर्वका विमानस्थलबाट नेपालसम्म सीधा उडान तथा नेपालबाट त्यही विमानस्थलसम्म मात्रै जाने सीमित उडान सञ्चालन गर्ने तयारी गरेका छन्। यस्ता उडान विशेष गरी मध्यपूर्वमा अलपत्र परेका यात्रुलाई लक्षित गरी सञ्चालन गरिने जनाइएको छ।

तर, ती उडान तेस्रो मुलुकतर्फ जाने ट्रान्जिट यात्राका लागि भने प्रयोग गर्न नपाइने बताइएको छ। त्यसैले मध्यपूर्वका देशहरूबाट वा ती देश हुँदै तेस्रो मुलुक यात्रा गर्ने यात्रुले सम्बन्धित वायुसेवासँग सम्पर्क गरी आफ्नो बुकिङ कन्फर्म भएपछि मात्रै विमानस्थल आउन कार्यालयले आग्रह गरेको छ। नागरिक उड्डयन कार्यालयले उडानतालिका र यात्रा व्यवस्थापनबारे पछिल्लो जानकारी सम्बन्धित वायुसेवाबाट बुझेर मात्रै यात्रा योजना बनाउन पनि सबै यात्रुलाई अनुरोध गरेको छ।

■ रद्द उडानको रकम फिर्ता पाइने

मध्यपूर्वी तनावका कारण रद्द भएकाले प्रभावित यात्रुको टिकटको पूर्ण रकम फिर्ता पाइने भएको छ। हिमालयन एयरलाइन्सले निलम्बित उडानका लागि पूर्ण फिर्ता वा निःशुल्क पुनः मान्यता सुविधा उपलब्ध गराइएको जनाएको छ।

मध्यपूर्व गन्तव्यहरू दुबई, दमाम र दोहातर्फका हाम्रा सबै उडान हवाई क्षेत्र बन्द (एयरस्पेस क्लोजर)का कारण अस्थायी रूपमा रद्द भएकाले प्रभावित यात्रुलाई आफ्नो टिकटको पूर्ण रकम फिर्ता वा निःशुल्क पुनः प्रमाणीकरण गर्ने सुविधा उपलब्ध गराइएको जनाइएको छ।

पुनः मान्यता गरिएको यात्रा उडान पुनः सञ्चालन भएको मितिबाट ३५ दिनभित्र सम्पन्न गरिसक्नुपर्ने भनिएको छ। एयरलाइन्सले भनेको छ, 'पूर्ण फिर्ता वा निःशुल्क पुनः मान्यता प्राप्त गर्नका लागि कृपया एयरलाइन्सको कार्यालय वा सम्बन्धित ट्राभल एजेन्सीमा सम्पर्क गर्नुहुन अनुरोध गर्दछौं।'

■ युएईका तीन विमानस्थलबाट सीमित उडान

मध्यपूर्व क्षेत्रमा देखिएको उडान अवरोधका कारण संयुक्त अरब इमिरेट्स (युएई)का केही विमानस्थलबाट हुने उडानतालिका प्रभावित भएको छ। यात्रुलाई आफ्नो उडानको अवस्था बुझ्नेर मात्रै विमानस्थल जान आग्रह गरिएको छ।आबुधाबीस्थित नेपाली दूतावासले जारी गरेको सूचनाअनुसार हालको उडान अवरोध (फ्लाइट डिसरप्सन)का कारण युएईका तीन विमानस्थलबाट बिहीबार र शुक्रबारका केही उडानको तालिका सार्वजनिक गरिएको छ। जाएद इन्टरनेसनल एयरपोर्ट शुक्रबार बिहान उडान हुने तालिका रहेको छ। दुबई इन्टरनेसनल एयरपोर्टबाट बिहीबार साँझ उडान हुने जानकारी दिइएको छ।

२१३ म्यानपावरको अनुगमन, पीडितलाई पौने तीन करोड क्षतिपूर्ति

विभागद्वारा सात महिनामा एक सय ९६ मुद्दा अदालतमा दायर, १२ करोड १८ लाख ५३ हजार पाँच सय चार रुपैयाँ क्षतिपूर्ति दाबी

अजित अधिकारी/नयाँ पत्रिका

वैदेशिक रोजगार विभागले चालू आवको माघ मसान्तसम्म दुई सय १३ म्यानपावर कम्पनीको अनुगमन गरेर पौने तीन करोड क्षतिपूर्ति दिलाएको छ। विभागले विभिन्न देश जाँदा ठगिएको तथा दुःख पाएको भन्दै कामदारले गरेको उजुरीका आधारमा एक सय ३२ म्यानपावरको अनुगमन गर्नुका साथै आकस्मिक अनुगमन पनि गरेको हो। उजुरीमध्ये ८१ वटाको किनारा लगाएको विभागमातहतको अनुगमन तथा अभिमुखीकरण शाखाले जनाएको छ।

विभागको मुद्दा तथा अनुसन्धान शाखाले सात महिनामा १२ करोड १८ लाख ५३ हजार पाँच सय चार रुपैयाँ क्षतिपूर्ति दाबीसहित उजुरी परेको जनाएको छ। सोही उजुरीउपर कारबाही गर्दै दुई करोड ७१ लाख २३ हजार आठ सय चार रुपैयाँ क्षतिपूर्तिसमेत दिलाएको विभागको भनाइ छ। यस्तो क्षतिपूर्ति म्यानपावर कम्पनी तथा अभिमुखीकरण संस्थाहरूबाट पीडित कामदारलाई दिलाइएको हो।

सात महिनामा गरिएको अनुगमनका क्रममा दुई म्यानपवारको कारोबार रोक्का राखिएको छ। त्यस्तै, दुईवटा अभिमुखीकरण गर्ने संस्थाको समेत कारोबार रोकिएको छ। म्यानपावरले जफत गरेको ४६ वटा राहदानी फिर्ता गरी सम्बन्धित व्यक्तिलाई समेत फिर्ता गरेको छ। विभागको मुद्दा तथा अनुसन्धान शाखाले गर्ने सुपरीक्षण प्रणालीमा सात महिनामा २९ सय ८७ उजुरी दर्ता भएका छन्। यसमध्ये माघमा मात्रै चार सय २६ उजुरी दर्ता भएका हुन्। त्यस्तै, सो शाखाले माघमा ७० सहित सात महिनामा कुल दुई सय ९५ मिलापत्र गराएको छ। म्यानपावरलाई कारबाहीका लागि मुद्दा दायर गर्न माग गर्दै दिएको उजुरीपछि कामदार र रजिस्ट्रर संस्थाका प्रतिनिधि बसेर विभागको रोहबरमा मिलापत्र गराउने गरिएको छ। मिलापत्र हुन नसकेको र ठगी पुष्टि भएको प्रमाणका आधारमा विभागले सात महिनामा एक सय ९६ मुद्दासमेत अदालतमा दायर गरेको जनाएको छ। यसमध्ये माघमा मात्रै ४९ मुद्दा दायर गरिएको छ।

एक सय ५९ कामदारको उद्धार

विभागमातहतको उद्धार, राहत तथा समन्वय शाखाले विभिन्न देशमा समस्यामा परेका र स्वदेशमा समेत दुःख पाएका एक सय ५९ कामदारको उद्धार गरेको जनाएको छ। माघ महिनामा मात्रै १४ कामदारको उद्धार भएको शाखाले जनाएको छ। उक्त शाखामा स्वदेश तथा विदेशमा कठिनाइ भोगेको ६ सय ६७ उजुरी प्राप्त भएको र दुई सय ३७ लाई क्षतिपूर्तिसमेत दिलाएको विभागको तथ्यांक छ। त्यस्तै, तीन सय ७६ उजुरीलाई आपसी सहमतिमा टुंग्याएको विभागले जनाएको छ।

विभागको चालू खर्च लयमा, पुँजीगत खर्च निराशाजनक

विभागलाई चालू आव ०८२/८३ का लागि १६ करोड ३५ लाख ७४ हजार रुपैयाँ बजेट विनियोजन भएको थियो। त्यसमध्ये चालूतर्फ १० करोड ८४ लाख ७० हजार विनियोजन भएकोमा माघ मसान्तसम्म ५४.७० प्रतिशत खर्च भएको छ। तर, पुँजीगत खर्च चार करोड ५६ लाख ८० हजार विनियोजन भएकोमा माघ मसान्तसम्म ५.९४ प्रतिशत मात्रै खर्च भएको छ। त्यस्तै, रोजगार शीर्षकमा ९४ लाख २४ हजार बजेट विनियोजन भएकोमा १२.३८ प्रतिशत मात्रै खर्च भएको विभागले जनाएको छ।

सात महिनामा ४६९ जना पुगे इजरायल

सरकारीस्तरमा सम्झौता भई कामदार पठाउने प्रणालीअन्तर्गत इजरायलको रोजगारीमा चालू आवको सात महिनामा चार सय ६९ नेपाली पुगेको विभागले जनाएको छ। विभागमातहतको इजरायल शाखाका अनुसार अधिकांश कामदार केयर गिभरका रूपमा गएका हुन्। शनिबारदेखि जारी मध्यपूर्व तनावले इजरायलको रोजगारीमा जान टिकटसमेत लिएर ठिक्क परेका ५२ जना भने अन्योलमा परेका छन्। उनीहरूको उडानतालिका बिहीबार र शुक्रबारका लागि तय भएको थियो। तर, इजरायल आफैं युद्धमा रहेकाले अहिले सो क्षेत्रमा नेपाली कामदार पठाउन रोक लगाइएको छ। त्यस्तै, थप १५२ जना इजरायल जान पाउने गरी भिसा प्रमाणीकरण भएरसमेत आएकोमा उनीहरूको प्रक्रियासमेत स्थगत गरिएको छ।

समृद्ध मुलुक उद्योगी–व्यवसायीको अपेक्षा

निजी क्षेत्रबाट मात्रै समृद्धि सम्भव भएकाले लगानीमैत्री वातावरण, सुरक्षा ग्यारेन्टीसहित अर्थ नीतिले पनि स्थायित्व पाउनुपर्ने अपेक्षा

मिलन विश्वकर्मा/नयाँ पत्रिका

बिहीबार सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा व्यवसायीले पनि उत्साहजनक सहभागिता जनाएर मतदान गरे। मतदान गर्दै व्यवसायीले अब मुलुकमा राजनीतिसँगै अर्थ नीतिमा पनि स्थिरता आउने अपेक्षा राखेका छन्। निर्वाचनसँगै अब लगानीमैत्री वातावरण हुने, स्वदेशी निजी क्षेत्रले प्राथमिकता पाउने र समग्रमा मुलुकमा आर्थिक समृद्धि आउने व्यवसायीको अपेक्षा छ।

जेन-जी आन्दोलनका क्रममा निजी क्षेत्रले पनि ठुलो व्यहोर्नुपरेको थियो। सोही आन्दोलनको परिवर्तनपछि भएको निर्वाचनबाट निजी क्षेत्रले सकारात्मक अपेक्षा राखेका छन्। अबका दिनमा निजी क्षेत्रलाई सुरक्षाको ग्यारेन्टी तथा प्रत्याभूति पनि सरकारले गरिदिनुपर्ने व्यवसायी बताउँछन्।

निर्वाचनअघि राजनीतिक दलका सार्वजनिक गरेको घोषणापत्रमा आर्थिक एजेन्डा पनि समेटिएका छन्। आर्थिक वृद्धिदर सात प्रतिशत पुऱ्याउने, जिडिपीको आकार १०० खर्ब पुऱ्याउने, प्रतिव्यक्ति आम्दानी पुऱ्याउने २५ सय डलर पुऱ्याउने र लगानीमैत्री वातावरण बनाउनेजस्ता आर्थिक एजेन्डा दलहरूका घोषणापत्रमा देखिन्छन्। जेन-जी आन्दोलनको मर्मअनुसार सुशासन कायम, भ्रष्टाचार नियन्त्रण र रोजगारी सिर्जना पनि दलहरूका घोषणापत्रमा देखिन्छ। त्यस कारण पनि अब बन्ने सरकारसँग आर्थिक समृद्धिको अपेक्षा गरिएको व्यवसायी बताउँछन्। घोषणापत्रमा उल्लेख गरिएका आर्थिक एजेन्डा कार्यान्वयन हुनुपर्ने उनीहरूको माग छ।



काठमाडौंको वसन्तपुरमा मतदान गर्दै मतदाता। तस्बिर : **सतिश पोखरेल**/नयाँ पत्रिका

नयाँ सरकारले समृद्ध अर्थतन्त्र निर्माणमा मुलुकलाई अघि बढाओस्



● **चन्द्रप्रसाद ढकाल**, अध्यक्ष, उद्योग वाणिज्य महासंघ

मतदानमार्फत मुलुकले सक्षम र दूरदर्शी नेतृत्व पाओस्, जसले स्थिर नीति, लगानीमैत्री वातावरण र निजी क्षेत्रको सहभागितासहित समृद्ध अर्थतन्त्र निर्माणतर्फ मुलुकलाई अघि बढाओस् भन्ने अपेक्षा गरेको छु। यो निजी क्षेत्रको मात्र होइन, आमनेपालीको अपेक्षा पनि हो।

दलका घोषणापत्रमा उल्लेख गरिएका आर्थिक एजेन्डा कार्यान्वयन हुनुपर्छ



● **वीरेन्द्रराज पाण्डे**, अध्यक्ष, नेपाल उद्योग परिसंघ

अब आर्थिक विषयवस्तु पनि राजनीतिको एउटा अंग बन्नुपर्छ। राजनीतिक दलका घोषणपत्रमा आर्थिक एजेन्डाले प्राथमिकता पाएका छन्। त्यसको अब कार्यान्वयन हुनुपर्छ। त्यो कार्यान्वयन हुन्छ भन्नेमा विश्वास पनि छ। यसैगरी, स्वदेशी उद्योगलाई पनि सहयोग गर्ने नीति आउनुपर्छ। समग्रमा हामी उत्साहित छौं।

यो चुनावले मुलुकलाई राजनीतिक र आर्थिक स्थायित्व दिनुपर्छ



● **कमलेश अग्रवाल**, अध्यक्ष, नेपाल चेम्बर अफ कमर्स

मेरो मत केवल नेतृत्वका लागि होइन, समृद्ध र आत्मनिर्भर नेपालको सपनाका लागि हो। पहिला राजनीनिक स्थायित्व नै हुनुपर्छ। त्यससँगै अर्थनीतिको पनि स्थायित्व पनि हुन आवश्यक छ। कोरोनापछि नेपाली अर्थतन्त्रमा शिथिलता छ। अस्थिर आर्थिक नीति आएका छन्। अब त्यस्तो हुनुहुँदैन।

अब बन्ने सरकारले ऊर्जालाई पहिलो प्राथमिकता दिनुपर्छ



● **गणेश कार्की**
अध्यक्ष, इप्पान

विद्युत् भयो भने अन्य क्षेत्रको विकास हुने हो। ऊर्जाविना अन्य क्षेत्रको विकास सम्भव छैन। तसर्थ, अब बन्ने सरकारले जलविद्युत्सहित ऊर्जा क्षेत्रलाई उच्च प्राथमिकता दिनुपर्छ। रोजगारी सिर्जना गर्दै मुलुकको अर्थतन्त्रलाई बलियो बनाउन सहयोग पुग्छ। तर, ऊर्जा क्षेत्रलाई पहिलो प्राथमिकता दिनुपर्छ।

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्दप्रसाद ढकालले काठमाडौंको क्षेत्र नम्बर ५ को विशालनगर मतदान केन्द्रबाट मतदान गरे। मतदानपछि उनले यो निर्वाचनले समृद्ध अर्थतन्त्र निर्माणतर्फ मुलुकलाई अघि बढाओस् भन्ने अपेक्षा व्यक्त गरे।

'मतदानमार्फत मुलुकले सक्षम र दूरदर्शी नेतृत्व पाओस्, जसले स्थिर नीति, लगानीमैत्री वातावरण र निजी क्षेत्रको सहभागितासहित समृद्ध अर्थतन्त्र निर्माणतर्फ मुलुकलाई अघि बढाओस् भन्ने अपेक्षा गरेको छु। यो निजी क्षेत्रको मात्र होइन, आमनेपालीको अपेक्षा पनि हो,' उनले भने।

निर्वाचनपछि बन्ने सरकारले निजी क्षेत्रलाई प्राथमिकतामा राख्नुपर्ने उनको भनाइ छ। 'मुलुकको अर्थतन्त्र, रोजगारी र राजस्वमा ८० प्रतिशतभन्दा बढी योगदान दिने निजी क्षेत्र नै विकास र समृद्धिको प्रमुख संवाहक हो। निजी क्षेत्रको सक्रिय सहभागिता र लगानीबाट मात्रै मुलुकमा अपेक्षित विकास र समृद्धि हासिल हुन सक्छ,' उनले भने, 'निर्वाचनपछि बन्ने नयाँ सरकार र नेतृत्वले निजी क्षेत्रको यस महत्त्वलाई मनन गर्दै निजी क्षेत्रसँगको सहकार्यलाई अझ सुदृढ र प्रभावकारी बनाउनेछ भन्ने विश्वास छ।'

नेपाल उद्योग परिसंघका अध्यक्ष वीरेन्द्रराज पाण्डेले काठमाडौं निर्वाचन क्षेत्र नम्बर ९ स्थित कुलेश्वर मतदान केन्द्रबाट मतदान गरे। राजनीतिक दलले घोषणापत्रमा राखेको आर्थिक एजेन्डालाई कार्यान्वयन गर्नुपर्ने उनको भनाइ छ। 'अब आर्थिक विषयवस्तु पनि राजनीतिको एउटा अंग बन्नुपर्छ। राजनीतिक दलका घोषणपत्रमा आर्थिक एजेन्डाले प्राथमिकता पाएका छन्। त्यसको अब कार्यान्वयन हुनुपर्छ। त्यो कार्यान्वयन हुन्छ भन्नेमा विश्वास पनि छ। यसैगरी, स्वदेशी उद्योगलाई पनि सहयोग गर्ने नीति आउनुपर्छ। समग्रमा हामी उत्साहित छौं,' उनले भने, 'अहिले मध्यपूर्वको तनावले नेपाली अर्थतन्त्र पनि प्रभावित हुँदै छ। नयाँ सरकारका लागि यो चुनौतीको रूपमा आएको छ। यो अवस्थामा अब बन्ने सरकार प्रोयाक्टिभ नीति ल्याउन आवश्यक छ।'

नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेश अग्रवालले समृद्धि र आत्मनिर्भर नेपालको सपनासहित मतदान गरेको बताए। अब मुलुकमा राजनीतिक मात्रै होइन, अर्थ नीतिले पनि स्थायित्व पाउनुपर्ने उनको भनाइ छ। उनले काठमाडौं क्षेत्र नम्बर १ स्थित डिल्लीबजारको पद्मकन्या क्याम्पस मतदान केन्द्रबाट मतदान गरेका छन्।

'मेरो मत केवल नेतृत्वका लागि होइन, समृद्ध र आत्मनिर्भर नेपालको सपनाका लागि हो,' उनले भने, 'पहिला राजनीनिक स्थायित्व नै हुनुपर्छ। त्यससँगै अर्थनीतिको पनि स्थायित्व पनि हुन आवश्यक छ। कोरोनापछि नेपाली अर्थतन्त्रमा शिथिलता छ। अस्थिर आर्थिक नीति आएका छन्। अब त्यस्तो हुनुहुँदैन।'

यसैगरी, निजी क्षेत्रको सुरक्षाको ग्यारेन्टी पनि हुनुपर्ने उनले बताए। जेन-जी आन्दोलनपछि खस्किएको मनोबललाई अब बन्ने सरकारले उकास्नुपर्ने उनको भनाइ छ।

विदेशी लगानीलाई पनि उच्च प्राथमिकतामा राख्नुपर्ने उनको भनाइ छ। 'स्वदेशी लगानीले मात्रै रोजगारी सिर्जना हुँदैन। तसर्थ, विदेशी लगानीलाई पनि प्रोत्साहन गर्नुपर्छ,' उनले भने, 'लगानीमैत्री वातावरण बनाउन प्रचलित कानुनलाई आवश्यकताअनुसार परिमार्जन गर्नुपर्छ।'

वर्तमान समयमा देखिएको मध्यपूर्वको असर भारतीय अर्थतन्त्रमा नमज्जाले पर्ने देखिएको छ। नेपालको मुद्रा भारतीय मुद्रासँग पेग छ। त्यो अवस्थामा मध्यपूर्वको तनावले नेपाली अर्थतन्त्र पनि प्रभावित हुँदै छ। अब बन्ने सरकारले उक्त चुनौतीलाई सामना गर्ने गरी नीति ल्याउनुपर्ने उनको भनाइ छ।

'मध्यपूर्वको तनावले केही समय रेमिट्यान्स प्रभावित हुन सक्छ। तर, दीर्घकालीन रूपमा भने असर हुँदैन। किनकि, अब मध्यपूर्वमा पुनर्निर्माणका काम हुँदा नेपाली कामदारको माग बढ्छ। त्यो अवस्थामा नेपाललाई दीर्घकालीन रूपमा थप फाइदा पुग्छ,' उनले भने, 'तर, रेमिट्यान्समा आधारित नेपाली अर्थतन्त्रलाई माथि उठाउनुपर्छ। आत्मनिर्भर अर्थतन्त्र बनाउन दीर्घकालीन योजना ल्याउनुपर्छ।'

ललितपुरको जावलाखेल मतदान केन्द्रबाट मतदान गरेका स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान)का अध्यक्ष गणेश कार्कीले ऊर्जा क्षेत्रलाई नयाँ सरकारले प्राथमिकतामा राख्नुपर्ने बताए। 'विद्युत् भयो भने अन्य क्षेत्रको विकास हुने हो।

ऊर्जाविना अन्य क्षेत्रको विकास सम्भव छैन। तसर्थ, अब बन्ने सरकारले जलविद्युत्सहित ऊर्जा क्षेत्रलाई उच्च प्राथमिकता दिनुपर्छ,' उनले भने, 'ऊर्जा भयो भने निजी क्षेत्रले उद्योग, होटेललगायतका अन्य क्षेत्रमा पनि लगानी गर्छन्। त्यसले रोजगारी सिर्जना गर्दै मुलुकको अर्थतन्त्रलाई बलियो बनाउन सहयोग पुग्छ। तर, ऊर्जा क्षेत्रलाई पहिलो प्राथमिकता दिनुपर्छ।' जलविद्युत्को विकासमा सरकारले निजी क्षेत्रसँग सहकार्य गर्नुपर्ने उनको भनाइ छ।

पर्यटन सम्भावनालाई विश्वसामु पुनर्स्थापना गर्ने नेपालको प्रतिबद्धता

काठमाडौं/ नेपालले जर्मनीमा आयोजित विश्वको अग्रणी ट्राभल ट्रेड सो आइटिबी (इन्टरनेसनल टुरिजम एक्सचेन्ज), बर्लिनमा सहभागिता जनाएको छ।

यही मार्च ३ तारिखदेखि सुरु भई ५ तारिखसम्म जारी रहने आइटिबी बर्लिनमा नेपालको सहभागिता व्यापारिक उपस्थिति मात्र नभई विश्व पर्यटन बजारमा नेपालको सम्भावनालाई पुनर्स्थापित गर्ने रणनीतिक प्रयास भएको पर्यटन बोर्डका वरिष्ठ अधिकृत रोविन रेग्मीले बताए।

हिमालयका रोमाञ्चक ट्रेकिङ पदमार्गदेखि प्राचीन मन्दिरहरूको सम्पदा, शान्त परिवेश, विविध सांस्कृतिक तथा धार्मिक परम्परा, अनुपम प्राकृतिक सौन्दर्यलगायत अनुभवलाई अन्तरराष्ट्रिय बजारमा प्रभावकारी रूपमा प्रवर्द्धन गर्ने लक्ष्य बोर्डले अघि सारेको उनको भनाइ छ।

बर्लिनस्थित नेपाली दूतावासका कार्यवाहक प्रमुख सागर फुयाँलले नेपाल प्याभिलियनको उद्घाटन र अवलोकन गरेका थिए। कार्यक्रममा बोर्डका वरिष्ठ अधिकृत रेग्मी, सिर्जना नेपाली र शिवराज पाण्डे उपस्थित थियो। बोर्डका वरिष्ठ अधिकृत रेग्मीले भने, 'आइटिबी बर्लिनमा नेपालको सहभागिता अन्तरराष्ट्रिय साझेदारहरूसँग सम्बन्ध विस्तार गर्ने अवसर मात्र होइन, नेपालको पर्यटन सम्भावनालाई विश्वसामु पुनःप्रस्तुत गर्ने प्रतिबद्धता पनि हो। चुनौतीका बाबजुत नेपाललाई 'घुम्नैपर्ने गन्तव्य'का रूपमा स्थापित गर्न हामी लागिरहेका छौं।'

■ सुनसान व्यापारिक केन्द्र न्युरोड



बिहीबार देश पूरै निर्वाचनमय भयो। निर्वाचनलाई लक्षित गर्दै सवारीसाधन सञ्चालनमा रोक लगाइयो, बजार खुलेन। जसका कारण राजधानीको प्रमुख व्यापारिक क्षेत्र न्युरोडमा चहलपहल देखिएन। साथै, सडक र पसलसमेत सुनसान देखिए। तस्बिर : **नयाँ पत्रिका**

डोङफेङ 'नामी' इभीमा एक्स्टेन्डेड वारेन्टी घोषणा

ब्याट्री र मोटरमा ११ वर्ष वा २,५०,००० किमिको एक्स्टेन्डेड वारेन्टी

काठमाडौं/ नेपालका लागि डोङफेङ नामी इलेक्ट्रिक सवारीसाधनको आधिकारिक आयातकर्ता तथा वितरक एमएडब्लू वृद्धि मोटर्सले नामी बक्स र नामी भिगोका लागि 'एमएडब्लू वृद्धि एक्स्टेन्डेड वारेन्टी कार्यक्रम' सार्वजनिक गरेको छ।



डोङफेङका इभी सवारीसाधनमा ब्याट्री र मोटरमा आठ वर्ष वा दुई लाख किलोमिटर (जुन पहिले आउँछ)को स्ट्यान्डर्ड उत्पादक वारेन्टी उपलब्ध छ। अब एमएडब्लू वृद्धिको एक्स्टेन्डेड वारेन्टी कार्यक्रममार्फत ग्राहकले ब्याट्री र मोटरमा कुल ११ वर्ष वा दुई लाख ५० हजार किलोमिटर (जुन पहिले आउँछ)सम्मको वारेन्टी कभरेज प्राप्त गर्नेछन्। 'हाम्रो हरेक कार्यको केन्द्रमा ग्राहक हुनुहुन्छ,' एमएडब्लू वृद्धि मोटर्सका प्रबन्ध निर्देशक विवेक सिकारियाले भने, 'यो एक्स्टेन्डेड वारेन्टी नामीका ग्राहकका लागि थप मानसिक शान्ति, स्वामित्वको आत्मविश्वास र सुरक्षित इभी अनुभव सुनिश्चित गर्ने दिशामा अर्को महत्त्वपूर्ण कदम हो।' डोङफेङ मोटर कर्पोरेसन चीनको प्रतिष्ठित 'बिग फोर' सरकारी स्वामित्वका अटोमोबाइल निर्माताहरूमध्ये एक हो। सन् १९६९ मा स्थापना भएको यस कम्पनीसँग पाँच दशकभन्दा बढीको उद्योग अनुभव छ।

कतारका नेपालीको सुरक्षाप्रति प्रधानमन्त्रीको चासो

कतारका प्रधानमन्त्री अल-थानीसँग प्रधानमन्त्री कार्कीको टेलिफोन संवाद, नेपाली श्रमिकको भरपर्दो सुरक्षा र संरक्षणका लागि गरिन् आग्रह

नयाँ पत्रिका

प्रधानमन्त्री सुशीला कार्कीले कतारमा रहेका नेपालीको सुरक्षालाई लिएर चासो व्यक्त गर्दै कतारका प्रधानमन्त्री शेख मोहम्मद बिन अब्दुलरहमान अल-थानीसँग टेलिफोन वार्ता गरेकी छिन्।

प्रधानमन्त्री कार्कीले बिहीबार दिउँसो अल-थानीलाई टेलिफोन गरी मध्यपूर्वी क्षेत्रमा पछिल्ला दिनमा विकसित घटनाक्रमप्रति चिन्ता गरेकी थिइन्। अमेरिका-इजरायल र इरान युद्धका कारण कतारसहित मध्यपूर्वमा दिनहुँ ड्रोन आक्रमण भइरहेको छ। जसका कारण कतारले समेत आर्थिक क्षति व्यहोरेको छ भने त्यहाँ कार्यरत चार लाख १४ हजार ८९ नेपाली श्रमिकको सुरक्षा चिन्ता पनि बढेको छ।

ड्रोन र मिसाइल हमला भइरहेको कतारमा नेपाली सुरक्षित रहेको र कतारका नागरिकसरह आप्रवासी कामदारलाई त्यहाँको सरकारले सुरक्षा प्रदान गरेको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन्। प्रधानमन्त्री कार्कीले कतारमा रहेका नेपाली नागरिकलाई सुरक्षा तथा संरक्षण उपलब्ध गराएकोमा टेलिफोन वार्ताबाट खुसी व्यक्त गरेको सचिवालयले जनाएको छ।

'नेपाली नागरिक कतारमा बसोवास गर्दै काम गरिरहेका छन्। उनीहरू सुरक्षित छन् र राम्रोसँग हेरचाह गरिएको छ भन्ने कुरा सुन्दा मलाई अत्यन्त खुसी लागेको छ,' टेलिफोन वार्तामा प्रधानमन्त्री कार्कीले समकक्षी अल-थानीलाई भनेको कुरा उद्धृत गर्दै सचिवालयले पठाएको विज्ञप्तिमा भनिएको छ, 'हाम्रो जनताको हेरचाह गर्नुभएकोमा हामी तपाईं तथा तपाईंको सरकारप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछौं।'

प्रधानमन्त्री कार्कीले मध्यपूर्वको विकसित घटनाक्रमलाई नेपालले नजिकबाट नियालिरहेको बताउँदै सम्बद्ध सबै पक्षलाई संयमित रहन, द्वन्द्वलाई थप नचर्काउन र नागरिकको सुरक्षाको प्रत्याभूति हुनुपर्ने नेपालको धारणा रहेको पनि जानकारी गराएकी थिइन्। उनले संयुक्त राष्ट्रसंघको बडापत्र, अन्तर्राष्ट्रिय कानुन, जेनेभा अभिसन्धि र मानवीय कानुनको उचित सम्मान र पालना गर्नुपर्ने कुरामा नेपालको जोड रहेको बताएकी थिइन्। कुनै पनि बहानामा युद्ध शान्तिको विकल्प हुन नसक्ने बताउँदै प्रधानमन्त्री कार्कीले वार्ता र कूटनीतिको माध्यमबाट मात्र दीर्घकालीन शान्ति सुनिश्चित हुने पनि टेलिफोन वार्तामा बताएकी थिइन्।

उनले दुई मुलुकबिचको सम्बन्ध आगामी दिनमा उच्चस्तरीय भ्रमण आदानप्रदान, आर्थिक तथा सांस्कृतिक सहकार्य र जनस्तरको सम्बन्धमार्फत थप प्रगाढ हुने विश्वास पनि व्यक्त गरिन्। टेलिफोन संवादका क्रममा प्रधानमन्त्री कार्कीले कतारको परिस्थितिप्रति ऐक्यबद्धता व्यक्त गर्दै कतारको सार्वभौम भूमिमा खासगरी गैरसैनिक क्षेत्रमा भएको आक्रमणप्रति गहिरो चासो व्यक्त गरेकी थिइन्। साथै, उहाँले कतारले रचनात्मक भूमिकासहित वर्तमान परिस्थितिको सामना गर्न सक्षम हुने विश्वास व्यक्त गरेको सचिवालयले जनाएको छ।

टेलिफोन संवादका क्रममा कतारका प्रधानमन्त्री एवं परराष्ट्रमन्त्री अल-थानीले नेपालसँगको सुमधुर, प्रगाढ र मित्रवत् सम्बन्धको प्रशंसा गर्दै कतारमा रहेका नेपाली नागरिकले ठुलो योगदान गरेको चर्चा गरेका थिए। नेपाली श्रमिकलाई वर्तमान परिस्थितिमा कतारी नागरिकसरह सुरक्षा र संरक्षण दिइरहेको पनि उनले जानकारी गराएका थिए। प्रधानमन्त्री अल-थानीले वर्तमान परिस्थितिलाई दुर्भाग्यपूर्ण भन्दै आफ्नो मुलुकले सार्वभौमिकता र भूमिको सुरक्षाका वा आत्मसुरक्षाका लागि मात्र प्रयास गरिरहेको जानकारी दिएका थिए।

कतार सधैं शान्तिको च्याम्पियन रहेकाले यस किसिमका क्रियाकलापको विरोधी रहेको उनको धारणा थियो। प्रधानमन्त्री कल-थानीले कठिन घडीमा नेपालले प्रदर्शन गरेको मित्रता र ऐक्यबद्धताप्रति कृतज्ञतासमेत व्यक्त गर्दै अहिलेको तनावपूर्ण परिस्थिति चाँडै अन्त्य हुने अपेक्षा राखेको र दुई मुलुकबिचको सम्बन्धलाई थप सुदृढ र विस्तारित बनाउन लाग्नुपर्नेमा जोड दिएका थिए।

वैदेशिक रोजगारमा जाने नेपालीका लागि कतार तेस्रो आकर्षक श्रम गन्तव्य मुलुकका रूपमा परिचित छ। वैदेशिक रोजगार विभागको तथ्यांकअनुसार माघ महिनामा मात्रै ११ हजार पाँच सय ८० नेपाली युवा रोजगारीका लागि कतार गएका छन्। गत आर्थिक वर्ष ०८१/८२ मा कुल एक लाख ४० हजार सात सय ९२ युवाले श्रम स्वीकृति लिएर कतारमा रोजगारीका लागि गएको विभागले जनाएको छ।



● **सुशीला कार्की**, प्रधानमन्त्री

नेपाली नागरिक कतारमा बसोवास गर्दै काम गरिरहेका छन्। उनीहरू सुरक्षित छन् र राम्रोसँग हेरचाह गरिएको छ भन्ने कुरा सुन्दा मलाई अत्यन्त खुसी लागेको छ। हाम्रो जनताको हेरचाह गर्नुभएकोमा हामी तपाईं तथा तपाईंको सरकारप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछौं।



● **शेख मोहम्मद बिन अब्दुलरहमान अल-थानी**
कतारी प्रधानमन्त्री

नेपाली श्रमिकलाई वर्तमान परिस्थितिमा कतारी नागरिकसरह सुरक्षा र संरक्षण दिइरहेका छौं। सार्वभौमिकता तथा भूमिको सुरक्षा वा आत्मसुरक्षाका लागि मात्र कतारले प्रयास गरिरहेका छौं।

स्थानीय उत्पादनलाई बजारसँग जोड्न कृषि संकलन केन्द्र

आलु, भाँगो तथा जडीबुटीजस्ता सामग्री संकलन गरी बजारसम्म पुऱ्याउन केन्द्र स्थापना

बागलुङ/ स्थानीय कृषि उत्पादनको संकलन र बजारीकरणलाई सहज बनाउन बागलुङको दक्षिणी भेग जैमिनीमा कृषि संकलन केन्द्र निर्माण गरिएको छ। जैमिनी नगरपालिका- ३ मा तीन लाख १२ हजारको लगानीमा उक्त केन्द्र निर्माण गरिएको हो। वडाध्यक्ष कृष्णबहादुर भुजेलका अनुसार दमेक क्षेत्रमा उत्पादन हुने आलु, भाँगो तथा जडीबुटीजस्ता सामग्री संकलन गरी बजारसम्म पुऱ्याउने उद्देश्यले केन्द्र स्थापना गरिएको हो।

उनले वडामा उत्पादन हुने कृषि सामग्री पहिले संकलन केन्द्रमा जम्मा गरिने र त्यसपछि नगरपालिकाको कृषि एम्बुलेन्समार्फत बिक्रीका लागि पठाइने व्यवस्था मिलाइएको बताए। 'स्थानीय किसानले उत्पादन गरेको कृषि सामग्री संकलनका लागि घरघर धाउन नपरोस् भन्ने उद्देश्यले केन्द्र स्थापना गरिएको हो,' उनले भने, 'यसले उत्पादन संकलनसँगै बजारीकरणलाई व्यवस्थित बनाउने आशा गरेका छौं।'

यसअघि संकलन केन्द्र नहुँदा किसानले उत्पादन गरेको कृषि सामग्री बजारसम्म पुऱ्याउन कठिनाइ हुँदै आएको थियो। अब केन्द्र सञ्चालनमा आएपछि किसानलाई आफ्नो उत्पादन बिक्री गर्न सहज हुने विश्वास व्यक्त गरिएको छ।

का.नि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०

■ आइसिसी पुरुष टी-२० विश्वकप- २०२६

न्युजिल्यान्डले उपाधि भिडन्तमा भारतको सामना गर्ने



चौथोपटक फाइनल स्थान सुरक्षित गर्ने क्रममा भारतले दुईपटकको विजेता इंग्ल्यान्डलाई सात रनले हरायो

एजेन्सी

भारत र न्युजिल्यान्डबिच १०औँ आइसिसी टी-२० विश्वकप क्रिकेट प्रतियोगिताको उपाधि भिडन्त हुने भएको छ। आगामी आइतबार अहमदाबाद रंगशालामा यी दुई टोलीबिच फाइनल खेल हुनेछ। प्रतियोगिताअन्तर्गत बिहीबार दोस्रो सेमिफाइनलमा भारतले इंग्ल्यान्डलाई सात रनको भिनो अन्तरले हराउँदै चौथोपटक फाइनल स्थान बनाएको हो। मुम्बईस्थित वानखेडे रंगशालामा पहिलो ब्याटिङ गरी भारतले ५० ओभरमा सात विकेट गुमाएर दुई सय ५३ रनको विशाल योगफल बनाएको थियो। प्रत्युत्तरमा इंग्ल्यान्डले २० ओभरमा सात विकेटको क्षतिमा दुई सय ४६ रन बनाएको थियो।

इंग्ल्यान्डलाई अन्तिम ६ बलमा ३० रन आवश्यक थियो। क्रिजमा विस्फोटक ब्याटिङ गरिरहेका जाकोव बेथेल थिए। भारतले अन्तिम ओभर शिवम दुबेलाई फ्याँक्न लगाएको थियो। शिवमको पहिलो बलमै बेथेल दुर्भाग्यपूर्ण रूपमा रनआउट हुन पुगे। उनी रनआउट भएसँगै भारत खेलमा फर्किएको थियो। बेथेल क्रिजमा रहँदासम्म इंग्ल्यान्डले भारतमाथि सनसनी जित निकाल्ने सम्भावना उत्तिकै थियो। जोफ्रा आर्चरले अन्तिम ओभरमा तीन छक्का प्रहार गरे पनि इंग्ल्यान्डलाई जित दिलाउन सकेनन्।

बेथेलको आक्रामक शतक

दुई सय ५४ रनको लक्ष्य पछ्याएको इंग्ल्यान्डका लागि बेथेलले विस्फोटक ब्याटिङ गरेका थिए। उनले केवल ४८ बलमा आठ चौका र सात छक्का प्रहार गरी एक सय पाँच रनको योगदान दिए। उनले चौथो विकेटका लागि वेन्टोनसँग १० बलमा ३१ रन बनाए।

बेथेलले पाँचौं विकेटका लागि विल ज्याक्ससँग ३९ बलमा ७७ रनको साझेदारी गरी भारतमाथि दबाब राखे। बेथेलले छैटौं विकेटमा साम कुरानसँग २७ बलमा ५० रनको साझेदारी गरी इंग्ल्यान्डलाई जितका आशा दिलाइरहे। तर, अन्तिम ओभरमा उनी रनआउट हुँदा इंग्ल्यान्ड इनिङ्सकै पहिलोपटक पछाडि पऱ्यो।

इंग्ल्यान्डका लागि जोस बटलरले १७ बलमा २५ रन बनाउन चार चौका र एक छक्का प्रहार गरेका थिए। यसैगरी, ज्याक्सले २० बल सामना गरी दुई छक्का र चार चौका प्रहार गरी ३५ रनको योगदान दिए। सामले १४ बलमा १८ रन बनाए। आर्चरले चार बलमा तीन छक्काको सहयोगमा १९ रन बटुले। भारतले १३ अतिरिक्त रन दिएको थियो। बलिङमा हार्दिक पाण्ड्याले ३८ रन खर्चेर दुई विकेट लिए। स्ट्राइक बलर जसप्रित बुमराहले चार ओभरमा ३३ रन दिएर एक विकेट लिएका थिए।

सन्जुको अर्धशतक

भारतले प्रतियोगितामा लगातार दुई खेलमा दुई सय ५० रनको योगफल कटाएको छ। यसअघि सुपर ८ मा जिम्बाबेविरुद्ध पनि भारतले दुई सय ५० रनमाथि स्कोर गरेको थियो। वानखेडे रंगशालाको ब्याटिङ पिचमा ओपनर सन्जु सामसनले पुनः एकपटक उत्कृष्ट ब्याटिङ गरेका थिए। उनले इनिङ्सको १३.१ ओभरमा आउट हुनुअघि ४२ बलमा आठ चौका र सात छक्का प्रहार गरी सर्वाधिक ८९ रन जोडेका थिए। यसअघि वेस्ट इन्डिजविरुद्धको खेलमा उनले ९७ रन बनाएका थिए। भारतका इसान किसनले १८ बलमा ३९ रन बनाए। शिवम दुबेले २५ बलमा चार छक्का र एक चौका प्रहार गरी ४३ रनको योगदान दिए। हार्दिक पाण्ड्याले १२ बलमा २७ रन तथा तिलक बर्माले सात बलमा तीन छक्का प्रहार गरी २१ रनको योगदान दिए। सामसन र किसनबिच दोस्रो विकेटका लागि ४५ बलमा ९७ रनको साझेदारी भएको थियो। पाण्ड्या र तिलकले छैटौं विकेटका लागि आठ बलमा २४ रन बनाए।

नरेन्द्र मोदी रंगशालामा जुन टोलीले उपाधि जिते पनि कीर्तिमान बन्नेछ। भारत तेस्रो तथा न्युजिल्यान्ड पहिलोपटक विश्व च्याम्पियन बन्ने होडमा उभिएका छन्।

यसअघि भारत सन् २००७, ०१४ र ०२४ को संस्करणको फाइनलमा पुगेको थियो। भारतले सन् २००७ र ०२४ को संस्करणको उपाधि जितेको थियो। सन् २०१४ मा भारत फाइनलमा पराजित भएको थियो। विश्वकप इतिहासमा भारतले इंग्ल्यान्डविरुद्ध जोडेको योगफल चौथो ठुलो हो।

दक्षिण अफ्रिका र न्युजिल्यान्डबिच बनेका रेकर्ड

एजेन्सी

१०औँ आइसिसी टी-२० विश्वकप क्रिकेट प्रतियोगिताको पहिलो सेमिफाइनलमा न्युजिल्यान्डले दक्षिण अफ्रिकामाथि नौ विकेटको एकपक्षीय जित निकाल्यो। कोलकाताको इडन गार्डेन रंगशालामा बुधबार दक्षिण अफ्रिका पहिलोपटक ब्याटिङ र बलिङमा चुक्दा न्युजिल्यान्ड हाबी भयो। टी-२० विश्वकपमा न्युजिल्यान्ड दोस्रोपटक फाइनलमा पुग्दा फिन एलानले ३३ बलमै शतकीय इनिङ्स खेल्दै विश्व कीर्तिमान बनाए। यो खेलमा धेरै रेकर्ड बनेका छन्।



३३ बलमै शतक

न्युजिल्यान्डका ओपनर फिन विश्वकपको पहिलो खेलदेखि नै आक्रामक रूपमा प्रस्तुत भइरहेका थिए। तर, उनको विशेष ब्याटिङ कला दक्षिण अफ्रिकाविरुद्ध देखियो। रनरेटका आधारमा सेमिफाइनल स्थान बनाएको न्युजिल्यान्डले अपराजित टोली दक्षिण अफ्रिकाविरुद्ध विस्फोटक ब्याटिङ प्रदर्शन गऱ्यो। यसमा मुख्य योगदान ओपनर फिन नै रहे। उनले केवल ३३ बलमा शतकीय इनिङ्स खेल्दै टी-२० विश्वकप इतिहासमा कम बलमा सय रन पूरा गर्ने विश्व रेकर्ड बनाए। यसअघि सन् २०१६ को विश्वकपमा वेस्ट इन्डिजका बायाँहाते ब्याट्सम्यान क्रिस गेलले ४७ बलको इंग्ल्यान्डविरुद्ध शतक ठोकेका थिए। फिनले गेलको रेकर्ड भंग गर्न १० चौका र आठ छक्का प्रहार गरेका थिए। यसअघि उनले १९ बलमा ५० रन जोडेका थिए।

सेमिफाइनलमा पहिलो शतक

नवौं संस्करणसम्म टी-२० विश्वकपमा सेमिफाइनल वा फाइनलमा अहिलेसम्म शतकीय इनिङ्स बनेको थिएन। १०औँ संस्करणको पहिलो सेमिफाइनलमा फिनको शतक नै पहिलो रह्यो। टी-२० विश्वकपको इतिहासमा सेमिफाइनल वा फाइनल (नकआउट) मा शतक बनाउने फिन पहिलो खेलाडी बनेका छन्। विश्वकपमा यसअघि श्रीलंकाका तिलकरत्ने दिलसानले ९७ रन बनाएका थिए। उनले सन् २००९ को विश्वकपको सेमिफाइनलमा वेस्ट इन्डिजविरुद्ध सो रन बनाएका थिए। फिनको शतकीय इनिङ्स समग्रमा पुरुष र महिला टी-२० विश्वकपमा सबैभन्दा छिटोका रूपमा रह्यो। महिलातर्फ वेस्ट इन्डिजकी डिएन्ड्रा डोटिनले ३८ बलमा शतक बनाएकी थिइन्। यसैगरी, टी-२० अन्तर्राष्ट्रियमा न्युजिल्यान्डका लागि फिनले सबैभन्दा छिटो शतक लगाए। यसअघि ग्लेन फिलिप्सले ४६ बलमा शतक जोडेका थिए। सन् २०२४ मा टी-२० आई फर्म्याटमा इस्टोनियाका सहिल चौहानले साइप्रसविरुद्ध २७ बलमा शतक बनाएका थिए। उनको यो रेकर्ड अहिलेसम्म तोडिएको छैन।

नकआउटमा चौका र छक्काको वर्षा

न्युजिल्यान्डका फिनले सेमिफाइनलमा १९ बलमा अर्धशतकीय इनिङ्स खेलेको पनि रेकर्ड बन्यो। विश्वकपको नकआउट खेलमा उनले सबैभन्दा कम बलमा अर्धशतक लगाएका हुन्। यसैगरी, उनले आफ्नो नटआउट इनिङ्समा १८ बाउन्ड्री लगाए। जसमा १० चौका र आठ छक्का समावेश छ। फिनले अहिलेसम्म विश्वकपमा २० छक्का प्रहार गरी न्युजिल्यान्डका पूर्वखेलाडी ब्रेन्डान म्याकुलमको रेकर्ड बराबरी गरे। फिनले टी-२० विश्वकपमा कम बलमा अर्धशतक बनाउने रेकर्ड राख्दा भारतका युवराज सिंहको रेकर्ड तोडिएको छ। युवराजले सन् २००७ को विश्वकपअन्तर्गत सेमिफाइनलमा अस्ट्रेलियाविरुद्ध २० बलमा ५० रन जोडेका थिए।

पावर प्लेमा धेरै रन

दक्षिण अफ्रिकामाथि सानदार जित निकालेको न्युजिल्यान्डको जित आधार नै पावर प्ले थियो। न्युजिल्यान्डले एक सय ७० रन लक्ष्य पछ्याउँदा पावर प्लेमा ८४ रन जोडेको थियो। त्यो पनि न्युजिल्यान्डले एक विकेट पनि गुमाएन। चालू विश्वकपमा पावर प्लेमा बनेको यो नै सर्वाधिक योगफल हो। यसअघि न्युजिल्यान्डले नै युएईविरुद्ध पावर प्लेमा ७८/० को प्रदर्शन गरेको थियो। यसैगरी, टी-२० विश्वकपको इतिहासमा न्युजिल्यान्डले दक्षिण अफ्रिकालाई पहिलोपटक हराउन सफल भयो। विश्वकपमा यसअघि पाँच खेलमा दक्षिण अफ्रिकाले न्युजिल्यान्डमाथि जित निकालेको थियो। तर, चालू विश्वकपको निर्णायक खेलमा दक्षिण अफ्रिका चुक्यो। न्युजिल्यान्डका ओपनरहरू फिन र टिम सेफर्टले चालू विश्वकपमा ओपनिङ जोडीका रूपमा चार सय ६३ रनको साझेदारी गरेका छन्। यो पनि एक रेकर्ड हो।

टी-२० आईमा तीन शतक

न्युजिल्यान्डका फिनले टी-२० आईमा तेस्रो शतक लगाउन सफल भए। उनले कोलिन मुन्रोसँग शतकको बराबरी गरेका छन्। कोलिनले न्युजिल्यान्डका लागि टी-२० आईमा तीन शतक जोडेका छन्। फिनले दक्षिण अफ्रिकाविरुद्ध ८८ रन बाउन्ड्रीबाट निकालेका थिए। फिनले चालू विश्वकपमा एक खेलाडीका रूपमा धेरै छक्का प्रहार गर्ने रेकर्ड पनि बनाए। उनले वेस्ट इन्डिजका सिमरोन हेटमेयरको सर्वाधिक १९ छक्काको रेकर्ड भंग गरे। न्युजिल्यान्डले लक्ष्य पछ्याएको इनिङ्समा १३.८४ को रनरेटमा ब्याटिङ गरेको थियो। टी-२० आईमा दोस्रो उत्कृष्ट रनरेट रह्यो। सन् २०१४ को विश्वकपमा आयरल्यान्डविरुद्ध नेदरल्यान्ड्सले १३.९५ को रनरेटमा ब्याटिङ गरेको थियो।

चोटले सताएका रोनाल्डो

एजेन्सी

पोर्चुगलका कप्तान क्रिस्टियानो रोनाल्डो ह्यामस्ट्रिङ चोटका कारण कम्तीमा तीन साता मैदानबाहिर रहने भएका छन्। साउदी क्लब अल नासरले रोनाल्डोले पछिल्लो खेलमा चोट बोकेका कारण तत्काल खेल्न नसक्ने जनाएको छ। 'गत शनिबार अल फायहाविरुद्धको प्रतिस्पर्धामा उनी घाइते भएका थिए। प्रारम्भिक रिपोर्टअनुसार रोनाल्डो कम्तीमा तीन साता मैदानबाहिर रहनेछन्। तर, शतप्रतिशत फिटनेसका साथ रोनाल्डो कहिले मैदान फर्किने भन्ने गाह्रो छ,' अल नासरले जारी गरेको विज्ञप्तिमा भनेको छ।

पाँचपटकका बालोन डी अर विजेता रोनाल्डो अलफायहालाई ३-१ ले हराएको खेलमा घाइते भएका थिए। स्पेनको रियल म्याड्रिड पुगेका रोनाल्डोले रिह्याबिलिटेसन सुरु गरेका छन्। 'मैदानमा चाँडै फर्कन उनले रिह्याबिलिटेसन सुरु गरेको जानकारी छ,' अल नासरले भनेको छ, 'हामीले उनको दैनिक रूपमा मूल्यांकन गरिरहेका छौं।' अल नासरले रोनाल्डोको मांसपेशी तन्किएको वा च्यात्तिएको भन्ने स्पष्ट गरेको छैन। अल नासरका प्रशिक्षक जर्ज जेसुसले रोनाल्डोको मासपेशीमा समस्या भएको जनाएका छन्। 'हामीलाई एउटै मात्र डर छ। रोनाल्डोको मांसपेशी च्यात्तिएकोजस्तो लाग्छ। जुन भविष्यमा समस्या बनाउनेछ,' प्रशिक्षक जर्जले भने। यतिबेला रोनाल्डोको नजर फिफा विश्वकपमा समेत रहेको छ। अमेरिका, मेक्सिको र क्यानडाले संयुक्त रूपमा जुन-जुलाईमा विश्वकप आयोजना गर्दै छन्। रोनाल्डो छैटौंपटक विश्वकप खेल्ने तयारीमा छन्।

अहिलेको चोटले उनलाई विश्वकपमा समेत असर गर्न सक्ने अल नासरका प्रशिक्षक जर्जले बताए। 'चोट गम्भीर भएका कारण नै हामीले उनलाई खेलमा परिवर्तन गरेका थियौं,' उनले भने, 'मुख्य खेलाडी मैदानमा नहुँदा आगामी खेलमा धेरै असर गर्नेछ।' साउदी प्रो लिगमा रोनाल्डो अहिले तेस्रो सर्वाधिक गोलकर्ता हुन्। उनले अहिलेसम्म २१ गोल गरेका छन्। इंग्ल्यान्डका पूर्वखेलाडी इभानले सर्वाधिक २३ गोल गरेका छन्। लिगमा अल नासरले अल अहिलविरुद्ध दुई अंकको अग्रता लिएको छ।

निजी विमानबाट स्पेन पुगे रोनाल्डो

मध्यपूर्वी एसियाको बढ्दो राजनीतिक तनाव र सुरक्षा खतराका कारण रोनाल्डोले साउदी अरब छाडेर स्पेन पुगेका छन्। साउदीको राजधानी रियादस्थित अमेरिकी दूतावासमा इरानी ड्रोनहरूले आक्रमण गरेपछि उनी आफ्नो निजी विमान चढेर स्पेनको रियल म्याड्रिड पुगेका हुन्। अमेरिका र इरानबिचको द्वन्द्व चर्किएपछि धेरै विदेशी नागरिकले साउदी अरब छाडिरहेका छन्। रोनाल्डोले पनि सरकारी सल्लाह र आफ्नो सुरक्षालाई ध्यानमा राख्दै स्पेन जाने निर्णय लिएका हुन्। रोनाल्डो ६१ मिलियन पाउन्ड मूल्यको 'बमबार्डियर ग्लोबल एक्सप्रेस ६५००' विमानमा स्पेन पुगेको एजेन्सीले जनाएको छ। यस विमानमा १५ जनासम्म बस्न मिल्ने सिट, बेडरुम र नुहाउने ठाउँ (सावर)जस्ता सुविधा छन्। रोनाल्डोले आफ्नो निजी विमानमा 'सिआर७' ब्रान्डको लोगो राखेका छन्। फ्लाइट ट्र्याकरका अनुसार रोनाल्डो सवार विमान मंगलबार राति आठ बजे साउदीबाट उडेको थियो। त्यसपछि इजिप्ट तथा भूमध्यसागर हुँदै सात घण्टाको उडानपछि उनी रियल म्याड्रिड पुगेका हुन्। यसैबिच मध्यपूर्वी एसियाको अवस्थाअनुसार एसियाली फुटबल महासंघले एसियन च्याम्पियन्स लिग'का आगामी खेल पनि अर्को सूचना नभएसम्मका लागि स्थगित गरेको छ।



अल फायहाविरुद्धको प्रतिस्पर्धामा ह्यामस्ट्रिङ चोट लागेका क्रिस्टियानो रोनाल्डो कम्तीमा तीन महिना मैदानबाहिर रहनेछन्

■ आर्सनलले लियो सात अंकको अग्रता

एजेन्सी/ आर्सनलले इंग्लिस प्रिमियर लिगमा बुधबार राति ब्राइटनलाई १-० ले पराजित गरेको छ। लिगमा आर्सनलले ६७ अंक जोड्दै शीर्ष स्थानमा सात अंकको अग्रता लिएको छ। म्यानचेस्टर सिटीले नटिंघम फरेस्टसँग २-२ को बराबरी खेलेपछि आर्सनलले अग्रता बढाएको हो। दोस्रो स्थानमा रहेको सिटीको ६० अंक छ। लिगमा ब्राइटन १३औँ र नटिंघम १७औँ स्थानमा छन्। अर्को खेलमा भने म्यानचेस्टर युनाइटेड भने न्युकासल युनाइटेडबाट २-१ ले पराजित भयो। आर्सनलले ३० खेल खेलेको छ। ब्राइटन ३७ अंकसहित १३औँ तथा नटिंघम २८ अंकसहित १७औँ स्थानमा छ।

आर्सनलको जितमा बुकायो साकाले नवौं मिनेटमा एक मात्र निर्णायक गोल गरेका थिए। १० खेलाडीमा सीमित न्युकासलले युनाइटेडविरुद्ध पहिलो हाफको इन्जुरी समयमा दुई गोल गरेका थिए। यसै अवधिमा उसको एक खेलाडी जाकोब राम्सेले रातो कार्ड पाए। वैकल्पिक खेलाडी विलियम ओसुलाले ९०औँ मिनेटमा गोल गर्दै न्युकासलको जित पक्का गरे। युनाइटेड ३० खेलबाट ५१ अंकसहित तेस्रो स्थानमै छ।



जार्दान बने अफगानिस्तानका नयाँ कप्तान

एजेन्सी

ओपनर इब्राहिम जार्दान अफगानिस्तानको टी-२० टोलीका नयाँ कप्तान बनेका छन्। अफगानिस्तान क्रिकेट बोर्ड (एसिबी)ले रसिद खानलाई हटाएर जार्दानलाई जिम्मेवारी दिएको हो। भारत र श्रीलंकाले संयुक्त रूपमा आयोजना गरेको १०औँ संस्करणको टी-२० विश्वकपको समूह चरणबाटै अफगानिस्तान बाहिरिएपछि एसिबीले नयाँ कप्तान छनोट गरेको हो। रसिद खानको कप्तानमा अफगानिस्तानले विश्वकपमा सहभागिता जनाएको थियो। उनको कप्तानीमा रहेको टोली समूह चरणबाटै बाहिरिएको थियो।

पछिल्लो संस्करणमा अफगानिस्तानले ऐतिहासिक प्रदर्शन गर्दै सेमिफाइनल स्थान बनाएको थियो। यसपटक भने उसले अघिल्लोपटकको जस्तो प्रदर्शन दोहोऱ्याउन सकेन। टी-२० विश्वकपमा जार्दान उपकप्तान थिए। एसिबीले नेतृत्व परिवर्तनले टोलीको प्रदर्शन आगामी दिनमा राम्रो हुने अपेक्षा राखेको छ। 'हामीले विश्वकपमा अनुभवी खेलाडीलाई जिम्मेवारी दिएका थियौं, तर उनको नेतृत्वमा गतिलो नतिजा निस्केन,' प्रमुख छनोटकर्ता अहमाद साहले भने, 'रसिदको कप्तानीमा अफगानिस्तानले सफलता नचुमेको होइन, तर यसपटक परिवर्तन आवश्यक देखियो।'

यसपटक अफगानिस्तानले दीर्घकालीन योजना बनाएको छ। तीनवटै फर्म्याटमा राम्रो नतिजा निकाल्नकै लागि नयाँ अनुहारका कप्तान आवश्यक भएको अहमादले भने, 'परिकल्पना भएका व्यक्ति र खेलाडीलाई एकसाथ अगाडि बढाउने किसिमका खेलाडीका रूपमा हामीले जार्दानलाई पाएका छौं।' रसिदलाई कप्तानीबाट हटाउने बोर्डले एकैपटक निर्णय लिएको होइन। यसका लागि बोर्डले प्रमुख छनोटकर्ता, टिम म्यानेजर, विश्लेषक तथा प्रशिक्षकसँग वार्ता गरेको थियो।

सबैबाट प्राप्त सुझावअनुसारै आगामी सिरिजका लागि नयाँ कप्तान चयन भएको अहमादले बताए। अफगानिस्तानले श्रीलंकासँग एकदिवसीय र टी-२० सिरिज खेल्दै छ। अफगानिस्तानको टी-२० टोलीको नेतृत्व गर्ने जार्दान ११औँ कप्तान हुन्। यस विधामा अफगानिस्तानका लागि सबैभन्दा बढी रन बनाउने उनी चौथो ब्याट्सम्यान हुन्। उनले ६५ इनिङ्समा १,८६५ रन बनाएका छन्। टी-२० फर्म्याटमा उनको स्ट्राइक ११४.८३ र ३३.३० औसत रहेको छ।

टी-२० विश्वकप क्रिकेटको समूह चरणबाटै बाहिरिएपछि रसिद खानको स्थानमा अफगानिस्तान क्रिकेट बोर्डले दियो इब्राहिम जार्दानलाई कप्तानको जिम्मेवारी



तीन खेलाडी परिवर्तन

श्रीलंकाविरुद्धको सिरिजमा अफगानिस्तानले नियमित तीन खेलाडीलाई परिवर्तन गरेको छ। फाजल हक फारुक, गुल्विदिन नैब तथा मोहमद इशाकजस्ता अनुभवी खेलाडी श्रीलंका भ्रमणबाट बाहिरिएका छन्। 'खेलाडी परिवर्तनमा पनि धेरै समस्या थियो, तर आगामी दिनमा टोलीलाई बलियो बनाउने उद्देश्यका साथ नयाँलाई पनि मौका दिएका छौं,' प्रमुख छनोटकर्ता अहमादले भने, 'तीन पुराना खेलाडी यसपटक टोलीमा छैनन्। उनीहरूको स्थान युवाले पाएका छन्।' नुरु रहमान, सराफुद्दिन अर्सफ तथा फरिद अहमादले पहिलोपटक टी-२० टोलीमा स्थान बनाएका छन्। 'एकदिवसीय विश्वकप पनि नजिकिँदै छ। त्यसैको मध्यनजर गरेर पनि बोर्डले नयाँ खेलाडीलाई मौका दिएको हो,' अहमादले भने।

अफगानिस्तानलाई मैदानको समस्या

अफगानिस्तानले आगामी १३ मार्चदेखि विश्वचर्चित मैदान सारजहाँमा श्रीलंकासँग टी-२० आई सिरिज खेल्ने मिति तय गरेको छ। तर, अहिले उनीहरूलाई मैदानको अभाव पर्न सक्छ। अमेरिका-इजरायल र इरानबिचको युद्धका कारण मध्यपूर्वी एसियाको अवस्था खराब छ। अफगानिस्तानले आफ्नो घरेलु भूमिकाका रूपमा सारजहाँ रंगशाला प्रयोग गर्दै आइरहेको छ। एसिबीले मध्यपूर्वी एसियाको गतिविधि हेरिरहेको र युएईसँग वार्ता गरेको बताएको छ। 'यद्यपि, सिरिज खेल्ने मैदानको अन्तिम निर्णय हुन बाँकी छ। हामीले इरान-इजरायलबिचको युद्ध हेरिरहेका छौं। सम्बन्धित निकायसँग खेल खेलाउन मिल्ने वा नमिल्ने भनी बोर्डले छलफल गरिरहेको छ,' एसिबीले जारी गरेको विज्ञप्तिमा भनिएको छ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com